कोरोनाविरुद्ध सचेतना
भिडभाडदेखि टाढै रहौँ

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक
# नयाँ पत्रिका
nayapatrikadaily.com
१३ जेठ २०७७, मंगलबार (26 May 2020, Tuesday) ■ नेपाल संवत् ११४० ■ वर्ष १४ ■ अंक ४४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# भेरीमा दलितको लाससँगै देशको कानुन र मानवीय संवेदना पनि बग्यो

नेपालको कानुनले प्रत्येक व्यक्तिको मानवीय मर्यादा मात्र होइन, विवाह गर्ने र बरवधु छान्ने अधिकार पनि सुरक्षित गरेको छ, तर पश्चिम रुकुममा कथित माथिल्लो जातकी प्रेमिकालाई बिहे गर्न जाजरकोटबाट आएका युवाको समूहलाई ढुंगामुढा गरेर लखेटियो, ज्यान बचाउन भेरीमा हामफालेका तीनजनाको शव भेटियो, तीन अझै बेपत्ता



**भेरी नदी जहाँ प्रेम बिलायो**

पश्चिम रुकुमको चौरजहारी–८ सोती क्षेत्रमा बगिरहेको भेरी नदी जहाँ स्थानीयले आक्रमण गरेपछि ११ युवा हामफालेका थिए । पाँचजना नदी तरेर जाजरकोट पुगे, ६ बेपत्ता भए ।



**आफन्तको खोजीमा आफन्त**

बेपत्ता युवालाई दिनभरि खोजेर साँझपख घर फर्कंदै गरेका गाउँले । सोमबार साँझसम्म तीनजनाको शव भेटिएको छ, तीन अझै बेपत्ता छन् । तस्बिर : हेमन्त केसी/नयाँ पत्रिका

रुकुममा **मनीष खड्का**, जाजरकोटमा **हेमन्त केसी** र काठमाडौंमा **प्रकाश धौलाकोटी**

नेपालको कानुनले जातीय आधारमा छुवाछूतलाई दण्डनीय अपराध भनेको ५७ वर्ष भएको छ । मुलुकी ऐन, २०२० ले नै छुवाछूतलाई दण्डनीय भनेको छ । कानुनी रूपमा मात्र होइन, व्यवहारमा पनि अब छुवाछूतको व्यवहार हुने छैन भनेर संसद्ले २१ जेठ ०६३ मा नेपाल छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको थियो । प्रत्येक व्यक्तिको अधिकार मानवीय मर्यादा समान हुने प्रत्याभूति देशको कानुनले गरेको छ । तर, अन्तरजातीय प्रेम बिहे गर्न जाजरकोटबाट पश्चिम रुकुम आएका युवा र उनको लास मात्र होइन, मानवीय संवेदना पनि भेरी नदीमा बगेको छ ।

गाउँलेले ढुंगामुढा गरेर लखेटेपछि ज्यान जोगाउन भेरी नदीमा हामफालेका तीनजनाको शव फेला परेको छ, तीन अझै बेपत्ता छन् । रुकुमको चौरजहारी नगरपालिका- ८, सोतीमा कथित माथिल्लो जातकी युवतीसँग प्रेमबिहे गर्न जाजरकोटबाट आएका दलित युवा र उनका साथीहरूको समूहलाई स्थानीयले अन्धाधुन्द आक्रमण गरेका थिए । नदीमा हामफाले पनि गाउँलेले ढुंगा प्रहार गरेपछि साथीहरू डुबेको उनका साथीहरूले बताएका छन् ।

जाजरकोटको भेरी नगरपालिका- ४, रानागाउँनिवासी २१ वर्षीय नवराज विक प्रेमिकासँग बिहे गर्न १९ जना साथीसहित शनिबार अपराह्न करिब ५ बजे रुकुमको चौरजहारी पुगेका थिए । तर, स्थानीयले संगठित आक्रमण गरेपछि भाग्दाभाग्दै उनीहरू नदीमा हामफालेका ६ जना बेपत्ता भएका थिए ।

सोमबार साँझसम्म नवराज तथा उनका साथीहरू गणेश बुढामगर र टीकाराम नेपालीको शव भेटिएको रुकुमका

» पृष्ठ २ मा क्रमशः

## अन्तर्जातीय बिहे गर्ने युवाको लास चार वर्षदेखि शिक्षण अस्पतालमा, अत्याचारको शृंखलामा अरू दलित पनि

**काठमाडौं**/ काभ्रे पाँचखाल-६, होक्सेका दलित युवा अजित मिजार स्थानीय सर्वमंगल उच्च माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत थिए । स्थानीय एक युवतीसँग उनको प्रेम गाँसियो । दुई वर्षको प्रेमलाई उनीहरूले २५ असार ०७३ मा बिहेमा बदले । तर, समाजको डरले उनीहरू अजितकी दिदीको भक्तपुरस्थित घरमा बस्न थाले ।

बिहेको दुई दिनपछि युवतीले 'माइती'लाई जानकारी दिएकी थिइन् । तर, माइती पक्षले ज्यान मार्ने धम्की दिएको अजितको परिवारको दाबी छ । त्यसपछि प्रहरीकै रोहवरमा सम्बन्धविच्छेद गराइयो । २८ असारमा सम्बन्धविच्छेद भयो । अर्को दिन अजित बेपत्ता भए । दिउँसो १ बजेदेखि सम्पर्कविहीन भएका उनले राति ८ बजे घरमा फोन गरेका थिए । उनको स्वर अत्तालिएको थियो । त्यसपछि सम्पर्क हुन सकेन । छोरा हराएको भन्दै परिवारले प्रहरीमा उजुरी गरेको थियो ।

भोलिपल्ट ३० असारमा धादिङको कुलपुर गाविसको परेवाटारमा झुन्डिएको अवस्थामा एक युवक फेला परे । दुई दिनसम्म पनि मृतकको सनाखत हुन नसकेपछि पोस्टमार्टम गरेको भन्दै प्रहरीले धादिङमै लास गाडेको थियो ।

यसको जानकारी मिजार परिवारले पायो । शंका लागेर उनीहरू काभ्रेको पाँचखालबाट धादिङको परेवाटार पुगे । उनीहरू घटनास्थल पुग्दा लास गाडिसकिएको थियो । परिवारका सदस्यले खाल्डोबाट लास निकाले । लास अजितकै थियो ।

प्रहरीले पोस्टमार्टमसमेत गरेको भनेको थियो । तर, मृतकको शरीरमा कहीँ–कतै चिरफार गरेको भेटिएन । आफन्तले गाडिएको लास पुनः उत्खनन गरी काठमाडौंस्थित शिक्षण अस्पताल ल्याए । उनको लास अझै अस्पतालमा छ ।

अजित धादिङ जानुपर्ने कुनै कारण थिएन । उनलाई अरू कसैले त्यहाँ पुर्‍यायो र

» पृष्ठ २ मा क्रमशः

### के छ कानुनमा ?

नेपालका कानुनले जातीय आधारमा छुवाछूतलाई दण्डनीय अपराध गरेको ५७ वर्ष भएको छ । मुलुकी ऐन ०२० ले नै छुवाछूतलाई दण्डनीय भनेको छ । कानुनी रूपमा मात्र होइन, व्यवहारमा पनि अब छुवाछूतको व्यवहार हुनेछैन भनेर संसद्ले २१ जेठ ०६३ मा नेपाल छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको थियो । तर, व्यवहारमा भने प्रेम गर्ने युवायुवतीले दुर्व्यवहार सहनुपर्ने मात्र होइन, ज्यानै गुमाउनुपर्ने अवस्था अहिले पनि छ ।

छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ ले प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गरेको छ । यसैमा छुवाछूत तथा भेदभावविरुद्धको अधिकारमा विवाह गर्ने तथा बरवधु छान्ने अधिकार सुरक्षित छ । कसैले प्रचलित कानुनबमोजिम उमेर पुगेका बरवधुबाट मन्जुर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेसा वा व्यवसायका आधारमा रोक लगाए छुवाछूत तथा भेदभाव गरेको मानिन्छ ।

मुलकी ऐन, २०२० ले जातकै आधारमा विभेद वा छुवाछूत गरे तीन वर्षसम्म कैद र २५ हजार रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था गरेको छ । तर, अहिले पनि त्यो कानुनमा खासै परिवर्तन भएको छैन । मुलुकी अपराध संहिता ०७४ को दफा १६६ ले जातका आधारमा छुवाछूत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न, पानी, पँधेरो प्रयोग गर्नबाट वञ्चित गर्न, निजी तथा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्न वञ्चित गर्न नहुने उल्लेख छ । यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । सोही दफाको उपदफा २ मा राष्ट्रसेवकले यस्तो कसुर गरेमा थप तीन महिनासम्म कैद सजाय हुने व्यवस्था छ ।

## गैरदलित समुदायको चेतनामाथि प्रश्न



• शिवहरि ज्ञवाली

**नयाँ पत्रिका फ्रन्टलाइन**

चौरजहारी घटनालाई दुई तरिकाले हेर्नुपर्छ । पहिलो, घटनामा सिंगो गाउँ नै संलग्न छ । यो कुनै दुई व्यक्तिबीचको सामान्य मनमुटावको परिणाम होइन । यो सामूहिक नरसंहार हो । दोस्रो, घटना भएको ठाउँ तत्कालीन माओवादी जनयुद्धको ठूलो प्रभाव भएको र छुवाछूतमुक्त जिल्ला पनि

» पृष्ठ २ मा क्रमशः

## बागमती सरकारले किन्यो टेन्डर नगरी १२ करोडका सामग्री

### महालेखाले उठायो प्रश्न, लेखा समिति छानबिन गर्दै

**सुदीप सिवाकोटी**/नयाँ पत्रिका
**हेटौंडा, १२ जेठ**

मुख्यमन्त्री कार्यालयसहित बागमती प्रदेशका सबै मन्त्रालयले बोलपत्र आह्वानविनै करिब १२ करोडका सवारीसाधन र अन्य सामग्री खरिद गरेको पाइएको छ । महालेखापरीक्षकको कार्यालयले त्यसमाथि प्रश्न उठाएपछि प्रदेश सभाको सार्वजनिक लेखा समितिले छानबिन थालेको छ ।

महालेखाको आर्थिक वर्ष ०७४/७५ को वार्षिक प्रतिवेदनमा प्रदेश सरकारसँगै प्रदेश सभा सचिवालय र मुख्य न्यायाधिवक्ताको कार्यालयले पनि बोलपत्र आह्वानविनै सामग्री खरिद गरेको उल्लेख छ । सोमबार बसेको सार्वजनिक लेखा समितिको बैठकले त्यसबारे छानबिन गर्ने निर्णय गरेको हो ।

समिति सभापति न्हुच्छेनारायण श्रेष्ठका अनुसार मन्त्रालयहरूले सवारीसाधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन र फर्निचर बोलपत्र आह्वानविनै खरिद गरेका छन् । 'करिब १२ करोड रकमबराबरका सामग्री बोलपत्र आह्वानविनै खरिद गरिएका रहेछन्, लेखा समितिले त्यसबारे छानबिन गर्न उपसमिति गठन गरिसकेको छ ।'

सभापति श्रेष्ठका अनुसार कांग्रेस सांसद प्रभात तामाङको संयोजकत्वमा नेकपाकी मुनु सिग्देल, ओम ग्लान, विवेकशील नेपाली दलका रमेश पौड्याल र राप्रपाकी रीता माझी सदस्य रहेको पाँच सदस्यीय छानबिन उपसमिति गठन गरिएको छ । उपसमितिलाई प्रतिवेदन तयार गर्न एक महिनाको समय दिइएको छ । यो समितिले पुँजीगत खर्चमा देखिएको बेरुजुबारे पनि अध्ययन गर्नेछ ।

मन्त्रालयहरूले भने प्रदेश सरकार भर्खर गठन भएको र तुरुन्तै काम गर्नुपर्ने भएकाले समय अभावका कारण बोलपत्र आह्वान नगरिएको लिखित जवाफ लेखा समितिलाई दिएर पन्छिन खोजेका छन् । तर, समिति सभापति श्रेष्ठले भने सार्वजनिक खरिद ऐन मिचेर सामग्री खरिद गरिनु गलत भएको बताए ।

### आर्थिक सहायता पनि बेरुजु

प्रदेश सरकारले बाँडेको आर्थिक सहायताको प्रक्रिया पनि गलत भएको लेखा समितिको ठहर छ । दिवंगत सांसद हरिशरण लामिछानेको परिवारलाई कार्यविधिविना नै आर्थिक सहायताबापत १० लाख दिइएको सभापति श्रेष्ठले बताए ।

महालेखाको प्रतिवेदनमा पनि लामिछानेको परिवारलाई दिइएको आर्थिक सहायता

» पृष्ठ २ मा क्रमशः



### सरकारले नियमविपरीत काम गरेको छैन


**शालिकराम जमकट्टेल**
**आन्तरिक मामिला तथा कानुनमन्त्री**

बोलपत्र आह्वानविना पाँच लाखभन्दा माथिका कुनै पनि सामग्री खरिद गर्न पाइँदैन । लेखा समितिको ठहर गलत छ म भन्दिनँ, तर सरकारले पनि नियमविपरीत काम गरेको छैन । बोलपत्र आह्वान गरेर मात्र खरिद गरेको विषयमा पनि त्रुटि रहेको पत्ता लगाएर सच्याउन वा छानबिन गर्न पाउने समितिको अधिकार भएकाले उसको निर्णय मान्य हुनेछ । सांसद लामिछानेको परिवारलाई मात्र होइन, प्रदेश २ लाई पनि आर्थिक सहयोग गरिएको छ । हालसम्म दिइएको सबै आर्थिक सहायता कार्यविधिअनुसार नै हो ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

## सशस्त्रले घर भत्काएपछि पालमुनि वास

## पानी र हावाहुरीसँगको संघर्षमै बित्छ दिनरात





झापाको कमल गाउँपालिका-५ लखनपुरमा सशस्त्र प्रहरीले आफ्नो जग्गा भन्दै घर भत्काइदिएपछि त्यहीँ अस्थायी टहरा बनाएर बसेका सुकुम्बासी

**चिरञ्जीवी घिमिरे**/नयाँ पत्रिका
**झापा, १२ जेठ**

कमल गाउँपालिका-५ लखनपुरका ७६ वर्षीय कमलपति चौलागाईंको तीन महिनादेखि बाँसको घोचामा ठड्याएको पालमुनिको वास छ । दिनदिनैजसो चल्ने हुरी र पानीले वेलावेला त्यही पाल पनि उडाउँछ । अनि, मध्यजेठको आँखा तिर्मिराउने घाम छल्न उनको ६ जनाको परिवारले रूखको छहारी खोज्नुपर्छ ।

चौलागाईंको यस्तो बिचल्ली कुनै प्राकृतिक विपत्तिले निम्त्याएको होइन, राज्यले उपहार दिएको हो । १४ वर्षदेखि बस्दै आएको घर सशस्त्र प्रहरीले भत्काइदिएपछि उनको खुला आकाशमुनि वास भयो । तीन महिनाअघि हतियारसहित आएका सशस्त्र प्रहरीले आफ्नो तालिम शिक्षालयको जग्गा अतिक्रमण गरी बसेको भन्दै चौलागाईंसहित ५२ परिवारको घर भत्काएको थियो । तीमध्ये ३४ परिवार सुकुम्बासी थिए, उनीहरू सबै अहिले खुला आकाशमुनि छन् ।

चौलागाईंको कहीँकतै एक बित्ता जग्गा छैन, अन्यत्र जाने विकल्प पनि थिएन । त्यसैले भत्काएकै ठाउँमा बाँसको घोचा र बोराको छानो लगाएर टाउको लुकाउने छानो बनाए । 'हाम्रो जग्गामा किन बसेको भन्दै सशस्त्रले घर भत्काइदियो, भाँडाकुँडा र लुगाहरूसमेत लगेर गयो,' उनले भने, 'सुकुम्बासी हौँ हामी, अन्त कहीँ केही छैन । त्यसैले यहीँ ओत लाग्ने छानो बनाएँ ।' तर, त्यही छानो पनि हावाहुरीले उडाएर लग्यो ।

अहिले स्थानीय समाजसेवी हुकुमसिंह राईले सहयोग गरेको त्रिपाललाई बाँसमा ठड्याएर ओत लाग्ने ठाउँ बनाएका छन् । तर, दिनदिनैजसो चल्ने हावाहुरी र पानीका कारण चौलागाईं निदाउन पाउँदैनन्, पानी र हुरीसँगको संघर्षमै बित्छ ७६ वर्षीय वृद्धको रात । 'दिनैपिच्छे पानी पर्छ, अहिले त सुत्नै पाएको छैन,' उनले पीडा सुनाए, 'पानी परेपछि सबै ओछ्यान भिज्छ । पाल हावाले उडाउँछ कि भनेर रातभर समातेर बस्नुपर्छ । यसअघि तीनपटक उडाइसक्यो ।'

अहिले घर भत्काउने सशस्त्र प्रहरीलाई पहिला यिनै सुकुम्बासीले आँट, भरोसा र सुरक्षा दिएका थिए । ०६० मा माओवादी द्वन्द्व

» पृष्ठ २ मा क्रमशः

### ■ राहत माग्न जाँदा जनप्रतिनिधिले भने- मिडियासँग माग्नु

मजदुरी गरेर घर चलाउने सुकुम्बासीले लकडाउनपछि काम पाएका छैनन् । अन्यत्रका सुकुम्बासी र मजदुरले थोरबहुत राहत पाए पनि लखनपुरका सुकुम्बासीलाई राज्यले त्यो पनि दिएको छैन । बरु, राहत माग्न गएका सुकुम्बासीलाई स्थानीय जनप्रतिनिधिले 'मिडियासँग माग्नु' भन्ने गैरजिम्मेवार जवाफ दिएर फर्काएका छन् । 'हामीले एकपटक पेट पाल्न पनि गाह्रो भयो, खान पाइएन भनेर मिडियामा बोलेका थियौँ । पछि राहत माग्न जाँदा वडाध्यक्ष डम्बर निरौलाले मिडियामै गएर माग्नु भन्नुभयो,' स्थानीय पवित्रा बेघाले भनिन्, 'जहाँको नागरिक भए पनि भोकै नराख्ने भनेर सरकारले भनेको समाचारमा आउँछ । तर, हामीलाई राज्यले यस्तो व्यवहार गर्छ, के हामी यो देशको नागरिक होइनौँ र ?' वडाध्यक्ष निरौलाले भने आफूले 'राहत माग्न मिडियामा जानु' नभनेको दाबी गरे । लखनपुर क्षेत्रका सुकुम्बासीले खेती गरेर धान फलाएका कारण राहत नदिएको उनले बताए ।





## अन्तर्जातीय...

पृष्ठ १ बाट क्रमशः

झुन्ड्यायो भन्ने आफन्तको दाबी छ। मिजार परिवारले किटानी जाहेरी दिएपछि प्रहरीले युवतीका माइती पक्षका चारजनालाई पक्राउ गरेको थियो। तर, जिल्ला अदालत धादिङले सुरुमा तारेखमा छाड्यो। पछि अभियुक्तहरूलाई सफाइ दियो।

उच्च अदालत पाटनमा पुनरावेदन गरे पनि घटनामा प्रहरीकै मिलेमतोमा प्रमाण नष्ट गरिएकाले न्याय पाउन नसकेको परिवारको गुनासो छ। शवको चिरफार नै नगरी पोस्टमार्टम रिपोर्ट लेख्ने डाक्टरले गल्ती स्विकारे पनि अदालतले पीडितलाई न्याय दिन हिच्किचाएको अधिवक्ता मोहन शाशंकर बताउँछन्। 'सरकारवादी मुद्दामा प्रहरी नै संलग्न भएर प्रमाण नष्ट गरिएको देखिन्छ, उत्खनन गरिएको शवको अनुहारको छाला जलेको थियो, एसिड प्रहार भएको हुन सक्ने हामीले आशंका गर्‍यौँ, तर अदालतले परीक्षण गर्न चासो दिएन,' अधिवक्ता शाशंकर भन्छन्, 'अझै पनि अदालतले चाह्यो भने घटनामा प्रमाणहरू जुटाउन सकिने ठाउँ छन्।'

अजितका बुबा हरिभक्त भन्छन्, 'मेरो छोरो झुन्डिएरै मर्ने भए गाडी चढेर धादिङ किन जानुपर्थ्यो र ?' केटीका माइती परिवारले प्रहरीको सहयोगमा प्रमाणसमेत नष्ट हुने गरी जालझेल गरेर हत्यालाई आत्महत्या बनाउने कोसिस गरेको उनको आरोप छ।

काभ्रेका युवालाई धादिङमा लगेर मारिएको र पोस्टमार्टम पनि नगरी हतारहतार गाडिएको स्पष्ट हुँदाहुँदै पनि कुनै कारबाही नभएको भन्दै परिवार र नागरिक अधिकारकर्मीले न्यायको पक्षमा आवाज उठाइरहेका छन्। तर, अहिलेसम्म दोषीलाई कारबाही नभएकाले उनीहरूले शव बुझ्न मानेका छैनन्।

हुँदै नभएको पोस्टमार्टम रिपोर्ट प्रहरीले कसको स्वार्थमा बनाएको थियो ? प्रहरीले दोषी उम्काउन यस्तो गरेको ठहर व्यवस्थापिका संसद्को सामाजिक न्याय तथा मानवअधिकार समितिअन्तर्गतको उपसमितिले गरेको थियो। गजुरी प्रहरी र गजुरी स्वास्थ्य चौकीले युवतीको माइती पक्षको परिवारको प्रलोभनमा परेर मिजारले आत्महत्या गरेको रिपोर्ट बनाएको ठहर उपसमितिले गरेको थियो। तर, यो विषय आफैँ अलपत्र परेको छ।

### जसले गैरदलितसँग प्रेम गरेकै कारण ज्यान गुमाए

कथित उपल्लो जातिसँग प्रेम गरेकै कारण अहिले नवराज विकले ज्यान गुमाएका छन्। चार वर्षअघि अजित मिजारको हालत यस्तै भएको थियो। तर, नवराज र अजितजस्ता युवाले प्रेमको मूल्य निरन्तर चुकाइरहेका छन्।

जातीय विभेद र छुवाछूत दण्डनीय हुने व्यवस्था बनेपछि पनि अन्तरजातीय प्रेमकै कारण वर्षैपिच्छे दलित कुटिएका छन्, मारिएका छन्। गैरदलित युवतीसँग प्रेम सम्बन्धकै कारण ०६८ को भदौमा दैलेखका सेते दमाईं मारिए। त्यही वर्षको १६ माघमा भएको सप्तरीको पन्सेरा-३ का शिवशंकर दासको मृत्युको कारण पनि अन्तरजातीय प्रेम र विवाह नै थियो। आफूहरूको प्रेमले परिवार र समाजमा विवाहका रूप नपाउने भएपछि झापाका अस्मिता सार्की र ईश्वर भट्टराईले ७ माघ, ०७३ मा एउटै पासो लगाए। तनहुँकी संगीता परियारले पनि गैरदलितसँग प्रेमविवाहकै कारण ज्यान गुमाएकी थिइन्।

### संसदीय समितिले गरायो सरकारको ध्यानाकर्षण

संसद्को कानुन न्याय तथा मानवअधिकार समितिले रुकुममा भएको जातीय विभेदमा आधारित सामूहिक हत्या घटनामा निष्पक्ष अनुसन्धान गर्न र दोषीलाई कारबाहीको दायरामा ल्याउन निर्देशन दिएको छ। समितिको सोमबार बसेको बैठकले घटनाका विषयमा गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउँदै दोषीलाई कारबाही गर्ने व्यवस्था गर्न निर्देशन दिएको हो।

### उच्चस्तरीय छानबिन समिति गठन गर्न माग

कर्णाली प्रदेश सभामा अन्तरजातीय बिहेको विषयलाई लिएर रुकुम पश्चिममा भएको घटनाको छानबिन गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्न प्रदेश सभा सदस्यहरूले सरकारको ध्यानाकर्षण गराएका छन्। प्रदेश सभाको छैटौँ अधिवेशनको दोस्रो बैठकमा विशेष समयमा बोल्ने सदस्यहरूले उक्त घटनाको अनुसन्धान गरी दोषीलाई कडा कारबाहीको सिफारिस गर्न प्रदेश सरकारसँग माग गरेका हुन्। प्रदेश सभा सदस्य सीता नेपालीले रुकुम घटनाको उच्चस्तरीय छानबिन समिति गठन अविलम्ब गर्न माग गरिन्। घटना भएको तीन दिन बितिसक्दा बेपत्ताहरूको खोजीमा बेवास्ता गरिएको भन्दै उनले आपत्ति जनाइन्। रुकुम पश्चिम क्षेत्रका प्रदेश सभा सदस्य रातो कामीले तत्काल संसदीय समिति गठनको माग गरे। 'दुलही लिन पुगेका चारजना अझै बेपत्ता भएकाले खोजीकार्यमा प्रदेश सरकार गम्भीर बन्नुपर्दछ,' उनले भने, 'पीडित परिवारलाई न्याय र सामाजिक सद्भाव कायम गराउन सरकार गम्भीरतापूर्वक लाग्नुपर्छ।' प्रेम प्रसंग र अन्तरजातीय बिहेकै कारण घटना भएकाले यसबाहेक अन्य कुनै कारण नभएको उनको भनाइ थियो। प्रदेश सभा सदस्यहरू पद्मा खड्का, बद्मी क्वारी बोहरा, कौशिलावती खत्री, दानसिंह परियार, गणेशप्रसाद सिंहलगायतले घटनाको निन्दा गरे।

## गैरदलित...

पृष्ठ १ बाट क्रमशः

हो। यसले स्वभावैले तत्कालीन माओवादीको दलितप्रतिको वैचारिक दृष्टिकोण निर्माणको आधार के थियो भन्ने प्रश्न उठाउँछ। र, हामीले पछिल्लो दशकका राजनीतिक परिवर्तनहरूमार्फत बदलिँदो नेपाली समाजको परिकल्पना गर्दै गर्दा यो घटनाले हाम्रो समाज आधारभूत रूपमा बदलिएकै हो त ? सोच्न बाध्य बनाउँछ।

यसअघि ०६८ भदौमा दैलेखका सेते दमाईंलाई गैरदलितहरूको समूहले खुकुरीले छातीमा हानेर हत्या गर्‍यो। त्यस घटनामा पनि सिंगो गाउँ नै दलित परिवारमाथि खनिएको थियो। ०६९ असारमा धादिङ पीडा- ५ मूलखर्कमा दलित युवकले सुवेदी थरकी युवतीसँग प्रेमविवाह गरेपछि गैरदलितहरूले सिंगो दलितबस्तीमाथि आक्रमण गरे। आक्रमणबाट दलितबस्ती नै विस्थापित भयो। ०७३ मा काभ्रेका अजित मिजार पनि अन्तरजातीय विवाहकै कारण मारिए। उनको शव अझै शिक्षण अस्पतालमा छ। परिवारले हालसम्म न्याय पाएका छैनन्। केही अध्ययनहरूले ०६८ सालमा जातीय भेदभावविरुद्धको ऐन कार्यान्वयनमा आइसकेपछि अन्तरजातीय विवाहकै कारण आत्महत्या र हत्याका घटनाहरू बढ्दै गइरहेको देखाएका छन्। यसबीचमा २५ जना युवाले दलित समुदायकै भएका कारण ज्यान गुमाएका छन्।

जनयुद्धको समयमा छुवाछूत गर्नेलाई जसरी माओवादी कार्यकर्ताले कारबाही गरे त्यसको डरले पनि कसैलाई दलितमाथि विभेद गर्ने आँट नआएको हुन सक्छ। जनयुद्धको पतनसँगै जनयुद्धमा सहभागी अधिकांश दलित अगुवाको हैसियत जनयुद्ध सुरु हुनुभन्दा पहिलेकै अवस्थामा पुर्‍याइयो। पूर्वपञ्चहरू र उच्च जातकाहरूकै राज्यका हरेक तहमा उपस्थिति यथावत् रह्यो। जब जनयुद्ध पतनपछि गैरदलितमा डर र कानुनी बन्धनले दबाएको जातीय अतिवादी मानसिकता छताछुल्ल भएर आयो। यस्तो प्रवृत्ति सामूहिक रूपमा देखियो न कि व्यक्तिगत रूपमा। अथवा स्वतन्त्र व्यक्तिहरूले पनि समूहको वैचारिक प्रतिनिधित्व गरे, जहाँ न्यायपूर्ण तर्क र तथ्यहरूको कुनै अर्थ रहँदैन। यो घटनामा पनि भएको त्यही हो।

एकातिर राज्यसंरचनाको बलमा निश्चित समुदायलाई अछुत, अशुद्ध, हीन, अपवित्रको नाममा किनाराकृत बनाउने र अर्को तिनै वर्ण, जात र लिंगका मानिसका श्रम, सेवा र शरीर भोग्दै आफ्नो श्रेष्ठता, पवित्रता र शुद्धतामा गर्वबोध गर्ने। अहिले यो काम हिजोका क्रान्तिकारी भनिनेहरूकै नेतृत्वमा भइरहेको छ। जसरी धर्म, भूगोल र वर्णका आधारमा देशकै प्रधानमन्त्रीले सार्वजनिक रूपमा यस्ता समुदायको बारम्बार अपमान गरिरहेका छन् त्यस्तो देशमा सदियौँदेखि जन्मिँदै विशेषाधिकार पाएको खलकले दलितहरूमाथि सहजै अत्याचार गर्ने वातावरण पाउँछ। अहिले राज्यका सम्पूर्ण निकायहरू एउटै खलकको नेतृत्वमा चलेका छन्। समावेशीकरण र सहभागिता परिवारवादमा सीमित छ। नाजीहरूको नेतृत्व र हाम्रो नेतृत्वको प्रवृत्ति तात्विक रूपमा भिन्न छैन।

यो घटनाले सिंगो गैरदलित समुदायमाथि प्रश्न उठाएको छ। यो प्रश्न गैरदलित समुदायको चेतनामाथिको प्रश्न हो। यो प्रश्न गैरदलित समुदायमा मानवीय मूल्यमाथिको प्रश्न हो। यो प्रश्न गैरदलित समुदायमा सामाजिकीकरणको प्रश्न हो। र, यो प्रश्न हरेक गैरदलितले आफ्ना सन्तान र आफूलाई अपराधी बनाउने कि मानवीयकरण गर्ने भन्ने हो। हामी जति नै मौन बसे पनि चौरजहारी घटनाले वर्षौंसम्म पछ्याइरहनेछ। र, हामीले एकएक जवाफ आफ्ना सन्तानलाई दिँदै जानुपर्नेछ। एक दिन यस्तो अवस्था आउनेछ आफ्ना सन्तानको जवाफ दिन उनीहरूका अघि आफैँलाई अपराधी स्विकार्नुपर्नेछ।

## बागमती...

पृष्ठ १ बाट क्रमशः

नियमविपरीत र त्रुटिपूर्ण रहेको भन्दै सो रकम बेरुजुमा राखिएको छ। मन्त्रिपरिषद्ले कार्यविधि नै नबनाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सिफारिसमा लामिछानेको परिवारलाई आर्थिक सहायता दिएको थियो।

यसअघि पनि लेखा समिति बैठकमा सो रकम निर्णयकर्ताबाट भराउनेबारे छलफल भएको थियो। तर, त्यसमा विवाद भएपछि त्रुटि सच्याउन प्रदेश सरकारलाई निर्देशन दिने निर्णय गरिएको सभापति श्रेष्ठले बताए।

आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जमकट्टेलले सरकारले नियमसम्मत ढंगले नै सामग्री खरिद गरेको दाबी गरे। 'लेखा समितिको ठहर गलत छ म भन्दिनँ, तर सरकारले पनि नियमविपरीत काम गरेको छैन,' उनले भने।

## भेरीमा दलितको...

पृष्ठ १ बाट क्रमशः

डिएसपी ठगबहादुर केसीले जानकारी दिएका छन्। नवराजका साथीहरूमध्ये गणेश जाजरकोटका हुन् भने टीकाराम रुकुम चौरजहारीकै हुन्।

त्यस्तै, भेरी नगरपालिकाका-४ का १८ वर्षे सञ्जु विक, १७ वर्षे गोविन्द शाही र १८ वर्षे लोकेन्द्र सुनार अझै बेपत्ता छन्। शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल जाजरकोट पुर्‍याइएको र बेपत्ताको खोजीकार्य भइरहेको जाजरकोटका डिएसपी किशोर श्रेष्ठले जानकारी दिए।

### यसरी भएको थियो घटना

जाजरकोटको भेरी नगरपालिका- ४ रानागाउँनिवासी नवराज विक एथलेटिक्सका प्रतिभावान् खेलाडी थिए। कक्षा १२ उत्तीर्ण गरेका उनी खेल खेल्नकै लागि मेला-महोत्सवमा वारि-पारि कुदिरहन्थे। त्यही क्रममा रुकुमको चौरजहारी नगरपालिका- ८, सोतीकी एक युवतीसँग तीन वर्षअघि चिनजान भयो। उनीहरूबीच प्रेम सम्बन्ध सुरु भयो।

खेलकै क्रममा रुकुम पुग्दा नवराजले लुकिछिपी प्रेमिकालाई पनि भेट्थे। प्रेमिका पनि नवराजको घर आउने गर्थिन्। दलित युवासँग प्रेम सम्बन्ध छुटाउन आफन्तले निकै प्रयास गरे। योबीचमा अभिभावकले छोरीलाई कुटपिट पनि गरेका थिए। तर, उनीहरू एक-अर्कालाई छाड्न तयार भएनन्।

प्रेमिकालाई लिन केही महिनाअघि पनि नवराज साथीहरू लिएर सोती पुगेका थिए। त्यतिवेला प्रहरीले हस्तक्षेप गरेको थियो। तर, दलितसँग प्रेम गरेको भनेर आफूमाथि परिवारबाटै अवहेलना भएको भन्दै प्रेमिकाले नवराजलाई सन्देश पठाएकी थिइन्। 'लिन आउनु भनेर प्रेमिकाले सन्देश पठाएकी छिन् भनेपछि हामी नवराजसँग गएका हौँ,' घटनामा परेका एक युवकले भने।

१८ जना साथीसहित भेरी तरेर नवराज शनिबार अपराह्न सोती पुगेका थिए। नवराजले छोरी लग्न थालेको थाहा पाएपछि प्रेमिकाकी आमाले गाउँमा हारगुहार गरिन्। प्रेमिकासम्म पुग्न नपाउँदै नवराजको समूह गाउँलेबाट घेरिएको थियो।

'हामीलाई देख्नेबित्तिकै आमैले जातिवाचक गाली गर्न थाल्नुभयो, कुटाइ नपुगेर फेरि आएछन् भन्दै मान्छे जम्मा गर्न थाल्नुभयो,' नवराजका साथी आशिष विकले भने, 'गाली सुन्न नसकेर हामी अलिक तल बाटोमा झर्‍यौँ। एकैछिनमा ढुंगामुढा सुरु भइहाल्यो।'

हातमा लाठी तथा घरेलु हतियार बोकेका गाउँलेले ढुंगाले हान्न थालेपछि आफूहरू भागेको आशिषले बताए। 'हामी जति भागे पनि गाउँलेहरू पछिपछि आए, गाउँदेखि चार किलोमिटर बगरैबगर हामी भाग्यौँ,' उनले भने, 'यस्तो भवितव्य आइलाग्यो, ज्यान बचाउन कोही कता भागे, कोही कता, साँझको वेला पत्तै भएन, आत्तिएका साथीहरू खोलामा हामफाले।'

प्रहरीका अनुसार नवराजले १९ जनाको समूह बनाए पनि एकजना बाटोबाट फर्किएका थिए। सोती पुगेका १८ जनामध्ये ११ जना खोलामा हामफालेको इलाका प्रहरी कार्यालय चौरजहारीका प्रहरी निरीक्षक धर्म विष्टले बताए। 'पाँचजना पारि पुगे, ६ जना खोलामै हराए। हराएकामध्ये तीनजनाको शव भेटिएको छ भने तीनजनाको अवस्था अज्ञात छ। सातजना भने खोलामा नपसी लुकेका थिए,' विष्टले भने।

अरू भागे पनि नवराजलाई गाउँलेले पक्रेर कुटेको उनका साथी आशिषले बताए। 'नवराजलाई त उनीहरूले कुटे, मारेर भेरीमा फालेका हुन्,' उनले भने। नवराजको शव शनिबार राति १० बजे भेरी किनारमा भेटिएको थियो।

घटनास्थल पुगेका सुर्खेतका पत्रकार खगेन्द्र सुनार भन्छन्, 'नवराजको शरीरभरि हेरिनसक्नु घाउ नै घाउ छ, टाउको र मुखमा ढुंगैढुंगाले हानेर हत्या गरेको देखिन्छ। नदीमा त मारेर फालिएको मात्रै हो, पानी खाएको छैन।'

बेपत्ता भएका चौरजहारी नगरपालिकाकै टीकाराम नेपालीको शव भने आइतबार अपराह्न घटनास्थलबाट करिब ३० किमि तल भेटिएको प्रहरीले जनाएको छ। त्यस्तै भेरी नगरपालिका-४ का गणेश बुढामगरको शव भने सोमबार दिउँसो ३ बजे मात्रै भेटिएको छ।

गाउँलेको कुटाइबाट घाइते भएका सुदीप खड्काको अवस्था उपचारपछि सामान्य छ। उनीहरूमध्ये धेरै जाजरकोटका र केही भने रुकुम, सल्यान र बाँकेका रहेको प्रहरीले जनाएको छ।

### वडाध्यक्षसहित १२ जना पक्राउ

गाउँमा झडप भएको भन्दै वडाध्यक्ष डम्बरबहादुर मल्लले प्रहरीलाई फोन गरेका थिए। तर, उनले आफ्नो गाउँकी युवती लिन आएका युवाहरूसँग संवाद गर्नुपर्नेमा गाउँलेलाई उक्साएर ढुंगामुढा गराएको आरोप छ। वडाध्यक्षको फोनपछि साँझ साढे ६ बजे घटनास्थलमा प्रहरी पुगेको थियो। खोला नतरी लुकेका युवालाई प्रहरीले नियन्त्रणमा लिएको थियो।

घटनामा संलग्न चौरजहारी नगरपालिका-८ का वडाध्यक्ष डम्बरबहादुरसहित १२ जनालाई रुकुम प्रहरीले नियन्त्रणमा लिएको छ। प्रहरीले आइतबार सातजना र सोमबार थप पाँचजना गरी १२ जनालाई नियन्त्रणमा लिएको हो। इलाका प्रहरी कार्यालय चौरजहारीका प्रहरी निरीक्षक धर्म विष्टका अनुसार वडाध्यक्ष, प्रेमिका, बुबाआमासहित १२ जना नियन्त्रणमा छन्।

पक्राउ परेका सबैलाई सोमबार राति नै जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिम पुर्‍याइएको डिएसपी ठगबहादुर केसीले बताए। 'प्रहरीले अनुसन्धान थालिसकेको छ, यथार्थ बाहिर आउँछ, दोषीलाई कानुनबमोजिम कारबाही हुनेमा शंका छैन,' उनले भने।

डिएसपी केसी भन्छन्, 'केटा र केटीकै सहमतिमा भागेर विवाह गर्ने योजना बनेको देखिन्छ, सोहीअनुसार पारिबाट युवा आएको र त्यो थाहा पाएपछि गाउँलेले उनीहरूलाई लखेटेको बुझिन आएको छ।'

उता सोती गाउँका स्थानीयले भने आफूहरूले आक्रमण नगरेको दाबी गरेका छन्। लकडाउनका वेला ठूलो समूहमा अपरिचित युवाहरू आएको देखेपछि बुझ्न खोज्दा उनीहरूको भागाभाग भएको स्थानीयले बताए। 'गाउँमा धेरै युवा आएका रहेछन्, लकडाउनका वेला किन आएको भनेर बुझ्न खोज्दा भागाभागको अवस्था सिर्जना भयो, यसमा जातीय कुरा जोडिएको छैन,' उनीहरूको भनाइ छ। तर, बुझ्न खोज्दा भागाभाग किन भयो, मान्छेहरू ज्यान जोगाउन नदीमा हामफाल्ने स्थिति कसरी आयो भन्ने मात्र होइन, नवराजको टाउकोमा चोटैचोट कसरी लाग्यो भन्ने अनुसन्धानको विषय छ।

तर, राजनीतिक पहुँचका आधारमा घटनालाई तोडमोड गर्न खोजिएको भन्दै पीडितले निष्पक्ष छानबिनको माग गरेका छन्। सोमबारसम्म कसैको पनि शव आफन्तले बुझेका छैनन्। सोमबार पीडितले जिल्ला प्रहरी कार्यालय जाजरकोटमा धर्ना दिएका छन्। पीडितले मुद्दासमेत जाजरकोटमै चलाउन माग गरेका छन्।

### नवराजका बुवा मोहनलाल नेपाली भन्छन्, 'पुलिसमा भर्ती भएर कानुनको सेवा गर्छु भन्थ्यो, उसैलाई भीडले कुटेर मार्‍यो'

तीन छोरी, एक छोरासहित हामी बुढाबुढी थियौँ। छोरीहरूको बिहे भइसक्यो। नवराज राम्रो खेलाडी थियो, पढाइमा पनि राम्रो थियो। तर, गरिबीले गर्दा न उसलाई खेलकुदमा तालिम गराउन सकियो, न पढ्न बाहिर पठाउन सकियो। पढ्न छाडेर घरधन्दा, मेलापात र बनिबुतो गरेर घर चलाउन थालेको थियो।

घरमा काम गर्न थाले पनि अगाडि बढ्ने सपना छोडेको थिएन। प्रहरीको लिखितमा पास गरेको थियो। अन्तर्वार्ता पनि पास गर्छु, प्रहरीको युनिफर्म लगाएर परिवार र देशको सेवा गर्छु भन्थ्यो।

उसलाई भेट्न एउटी नानी आउँथिन्। 'माथिल्लो जात'की हुन् भन्ने थाहा पाएपछि मैले ए बाबु 'विष्ट'सँग बिहे गर्ने कोसिस नगर भनेर सम्झाएको थिएँ। तर, अहिलेको जमानामा पनि जातपातको कुरा हुन्छ ? रगत सबैको रातो हुन्छ, मान्छेमान्छे एउटै हो भनेर उल्टै मलाई नै सम्झाउन खोज्थ्यो। केटीले नमाने आफ्नै जातकोलाई पनि बिहे गर्नु हुँदैन, केटी खुसी भए जुन जातको भए पनि फरक पर्दैन भनेर तर्क गर्थ्यो।

केटीले नै फोन गरेर बोलाएपछि साथीहरू मिलेर गएका हुन्। गाउँबाट शनिबार दिउँसो १२ बजे हिँडेका थिए। कतिवेला पुगे ? बुहारी लिएर आउँछु भन्दै गएको थियो, तर ऊ आफैँ आउन पाएन।

### दोषीहरू कसैले पनि उन्मुक्ति पाउँदैनन्

**डिआइजी वसन्त पन्त, कर्णाली प्रदेश प्रहरी प्रमुख**

यो अत्यन्तै गम्भीर घटना हो। मानवले अनुमान गर्नेभन्दा बर्बर घटना भएको छ। संदिग्धहरू पक्राउ परेका छन्, अरूको पनि खोजी भइरहेको छ। जो दोषी छन् उनीहरू सबैलाई कारबाही हुन्छ, कसैले उन्मुक्ति पाउँदैनन्। निष्पक्ष छानबिन गरेर दोषीलाई कारबाही गरेरै छाडिन्छ।

## सशस्त्रले...

पृष्ठ १ बाट क्रमशः

उत्कर्षमा रहेका वेला रतुवामाई वृक्षरोपण आयोजनाको जग्गा भोगाधिकार गरी सशस्त्र प्रहरीले पाथीभरा गण स्थापना गरेको थियो। गण जंगलले घेरिएको थियो। सशस्त्र प्रहरीले नै स्थानीय बासिन्दासहित सुकुम्बासीलाई आग्रह गरेर आफ्नैवरिपरि बसायो। अहिले भने गण भएको ठाउँमा गुल्म र तालिमकेन्द्र छ। 'हामी यहाँ १६ वर्षदेखि बस्दै आएका छौँ। सुरुमा माओवादीको जगजगी भएका वेला सशस्त्रले नै बोलाएर हामीलाई यहाँ बसाएको हो, त्यतिखेर हामीले नै उनीहरू (प्रहरी)लाई सुरक्षा दियौँ। तर, अहिले हामीमाथि नै अन्याय गरियो। अन्त कतै जग्गा छैन, अब कहाँ जाने हामी ?' टहरोमा बसिरहेकी नरमाया चौलागाईंले भनिन्। अहिले बनाएका टहरा पनि भत्काउने भन्दै सशस्त्र प्रहरीले वेलावेलामा धम्क्याउने गरेको छ।

टहरामुनिका सुकुम्बासीलाई जंगली हात्ती र सर्पको त्रास पनि उस्तै छ। 'पहिला राम्रो घर हुँदा त पटकपटक हात्तीले भत्काउँथ्यो, यी टहरामुनि के बाँकी राख्ला ? सर्प र विषालु किराहरूबाट केटाकेटीलाई कसरी जोगाउने भन्ने उस्तै पिर लाग्छ,' टहरामै बसेका अग्नि कन्दङ्वाले भने। उनले सशस्त्र प्रहरीका आँखा छलेर लुकाएको जस्ताले बारेर त्रिभुज आकारको ओत लाग्ने टहरो बनाएका छन्।


## हँसपुर नगरपालिका
## नगर कार्यापालिकाको कार्यालय

बघचौरा, धनुषा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७७/०२/१३**

यस कार्यालयबाट अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७७/०१/०३ गते र हिमालय टाईम्स दैनिक पत्रिकामा मिति २०७७/०१/०८ गतेप्रकाशित शिलबन्दी बोलपत्र सूचना अनुसार रीत पूर्वक दर्ता भई मूल्याङ्कन समितिबाट देहायका ठेक्कामा देहाय अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८ एवं सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। ७ (सात) दिन दावी बिरोध नआएमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार भै जाने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल :

| क्र.सं. | बोलपत्र नं. | कामको नाम | बोलपत्रदाताको नाम | कबोल अंक (रु) मु.अ.क.सहित |
|---|---|---|---|---|
| १ | HM/NCB/Goods /01/076-77 | ह्युम पाईप सप्लाई | आनिया ईन्टरनेशनल सप्लार्यस प्रा.लि. जनकपुर १९ | १३,४९,२२०।०० |
| २ | HM/NCB/Goods /02/076-77 | टावर लाईट आर्पुती र जडान कार्य | जे.बि. ईन्टरप्राईजेज., जनकपुर १ | ५१,०६,३०६।१५ |
| ३ | HM/NCB/Goods /03/076-77 | पोल तार आर्पुती र जडान कार्य | जे.बि. ईन्टरप्राईजेज., जनकपुर १ | ९७,०७,४९१।०० |
| ४ | HM/NCB/Works /04/076-77 | सार्वजनिक शौचालय निर्माण | नव दुर्गा निर्माण सेवा जनकपुर जनकपुर १६ | ३८,४५,३२२।७६ |
| ५ | HM/NCB/Works /05/076-77 | ह्याण्ड पाईप जडान | नव दुर्गा निर्माण सेवा जनकपुर १६ | ३२,८८,०४४।७१ |
| ६ | HM/NCB/Works /06/076-77 | आर.सि.सि. सडक ढलाननाला सहित बघचौरा पूर्व टोलको मूल सडक | देव कन्सटक्सन जनकपुर २ | ५९,६८,६०५।५७ |
| ७ | HM/NCB/Works /10/076-77 | पि.सि.सि. सडक ढलान टान्सफर्मर देखि कुटी र ईनार देखि पश्चिम पनी सम्म | शिव शक्ती कन्सटक्सन | २१,८५,५३५।९४ |
| ८ | HM/NCB/Works /11/076-77 | नौवाखोर स्कुल निर्माण | राजिव विल्डर्स जनकपुर ६ | ५१,८५,९१३।८५ |
| ९ | HM/NCB/Works /12/076-77 | रुदौली स्कुल निर्माण | राजिव विल्डर्स जनकपुर ६ | ४८,९०,१४५।४० |
| १० | HM/NCB/Works /13/076-77 | झटियाही स्कुल निर्माण | देव कन्सटक्सन जनकपुर २ | १,३८,३१,५६१।९० |
| ११ | HM/NCB/Works /14/076-77 | पि.सि.सि. सडक ढलान पर्साही ईस्लाम घर, हेल्थ पोष्ट नौवाखोर हलखोरी घर सम्म | मालिया कन्सटक्सन धनुषाधाम २ | ३६,२२,१९३।६८ |
| १२ | HM/NCB/Works /15/076-77 | पि.सि.सि. सडक ढलान सुगा निकास कटी सडक | देव कन्सटक्सन जनकपुर २ | ९५,२७,७९३।६६ |
| १३ | HM/NCB/Works /16/076-77 | पि.सि.सि. सडक ढलान रुदौलीको सोमन ठाकुरको घर देखि चौबटिया सम्म | रमेश कन्सटक्सन जनकपुर १ | २३,८८,२४०।२७ |
| १४ | HM/NCB/Works /17/076-77 | पि.सि.सि. सडक ढलान जगदिश घर देखि राम सुफल घर सम्म | साह एण्ड सन्स निर्माण सेवा जनकपुर १ | १९,७४,४४०।७३ |
| १५ | HM/NCB/Works /18/076-77 | पि.सि.सि. सडक ढलान नागेश्वर प्रा.वि. को कल्भर्ट देखि भतही को टान्सफर्मर सम्म | रमेश कन्सटक्सन जनकपुर १ | १९,०१,९८९।६० |
| १६ | HM/NCB/Works /19/076-77 | पि.सि.सि. सडक ढलान मनोहर मण्डलको घर देखि नागेश्वर प्रा.वि. को पूर्व कल्भर्ट सम्म | साह एण्ड सन्स निर्माण सेवा जनकपुर १ | १८,४४,८९७।६० |
| १७ | HM/NCB/Works /20/076-77 | पि.सि.सि. सडक ढलान कुमहार टोलकोमुल सडक | साह एण्ड सन्स निर्माण सेवा जनकपुर १ | १७,५७,९४२।३८ |
| १८ | HM/NCB/Works /21/076-77 | पि.सि.सि. सडक ढलान जनकपुर खरिहानीको मुल सडक देखि भगवान पटीको सामुदायिक सकुल सम्म | साह एण्ड सन्स निर्माण सेवा जनकपुर १ | २०,७४,१६८।४० |
| १९ | HM/NCB/Works /22/076-77 | पि.सि.सि. सडक ढलान वडा कार्यालय देखि राधे घर सम्म | स्काई लाईन कन्सटक्सन जनकपुर २ | २३,६०,०७१।०१ |
| २० | HM/NCB/Works /23/076-77 | पि.सि.सि. सडक ढलान हिरा चौधरीको घर देखि अधुरो पि.सि.सि.सडक सम्म | सिहं कन्सटक्सन जनकपुर २० | २३,८७,६८३।४५ |

प्रमुख प्रशासकीय अधिकृत



"कृषि,उद्योग र पर्यटनमा बृद्धि, बारबर्दिया नगरपालिकाको सम्बृद्धि"

## बारबर्दिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

जयनगर,बर्दिया
५ नं. प्रदेश नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशन मिति २०७७/२/१३**

यस कार्यालयबाट मिति २०७६/१२/२१ गते प्रकाशित सूचना अनुसार तपशिलको कार्यमा तपशिलका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| ठेक्का नं. | खरिद कार्यको विवरण | स्वीकृत निर्माण व्यवसायीको नाम | कबोल अंक रु. |
|---|---|---|---|
| MG/W/NCB/BMO/ SMN/2076/077 | शिवमन्दिर पुर्वाधार विकास (सयौं गन्तव्य स्थल) | सुर्खेती खड्का निर्माण सेवा प्रा लि, बर्दिया | १९,६७,४७०।१२ |

प्रमुख प्रशासकिय अधिकृत



## चौंरी देउराली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

ढाडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक

### बोलपत्र स्वीकृतका लागि छनौट गरीएको आशयको सूचना

**सूचना प्रकाशित मिति २०७७/०२/१३**

यस गाउँपालिकाबाट मिति २०७६/११/१९ र २०७६/१२/१४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्रको रुपमा छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरीएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि अनुरोध छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर समेत ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | CDRM/W/ NCB/04/076/077 | Construction of agricultural building, chaurideurali-6 | DS nirman sewa, kavrpalanchok | रु. ९२,४६,६०३।८४ (अक्षरुपी बयानब्बे लाख छयालिस हजार छ सय तिन रुपौयाँ चौरासी पौसा मात्र) | |
| २ | CDRM/R/ NCB/01/076/077 | Construction and upgradaing of khaharekhola-bajoghar-dhadkharka bhanjyang road | PSK nirman sewa pvt ltd, kavrepalanchok | रु. ९१,०४,००३।३७ (अक्षरुपी एकानब्बे लाख चार हजार तिन रुपौयाँ सैतिस पैसा मात्र) | |

प्रमुख प्रशासकिय अधिकृत

### ५४ दिनपछि खुल्यो गड्डाचौकी नाका

# साढे दुई हजारभन्दा बढी नेपाली भित्रिए



गड्डाचौकी नाकामा स्वदेश प्रवेश गर्दै नेपाली नागरिक ।

**मोहन विष्ट/नयाँ पत्रिका**
**कञ्चनपुर, १२ जेठ**

कञ्चनपुरको गड्डाचौकी नाका ५४ दिनपछि सोमबार खुलेको छ । १९ चैतदेखि बन्द भएको नाका खुलेको पहिलो दिनमै साढे दुई हजारभन्दा बढी नेपाल प्रवेश गरेका छन् । ६ घन्टाको अवधिमा दुई हजार सात सय ५४ जना नेपाल प्रवेश गरेका छन् ।

जिल्ला सुरक्षा समिति कञ्चनपुरको आइतबार बसेको बैठकले भारतमा अलपत्र परेका नेपालीलाई सोमबारदेखि गड्डाचौकीबाट प्रवेश गराउने निर्णय गरेको थियो । सोमबार साँझ ६ बजेसम्ममा साढे दुई हजारभन्दा बढी नेपाली सीमा क्षेत्रमा पुगेका छन् । सशस्त्र प्रहरी बल ३५ नम्बर गण शैलेश्वरीका गणपति वीरसिंह साहुले दिउँसो १२ देखि साँझ ६ बजेसम्ममा कञ्चनपुरसहित सुदूरका पहाडी जिल्ला, कर्णाली र प्रदेश ५ का बासिन्दा नेपाल भित्रिएको बताए । बनबासा हुँदै गड्डाचौकी पुगेकालाई सम्बन्धित जिल्ला र पालिकामा पठाइने उनले बताए । 'सीमा क्षेत्रमा पुगेकाहरूको स्वास्थ्य परीक्षण गरिसकेका छौँ,' उनले भने, 'कसैमा समस्या छैन ।'

भीमदत्त नगरपालिकाका नगर प्रमुख सुरेन्द्र विष्टले नेपाल प्रवेश गरेका सबैलाई खाना खुवाएर सोमबार नै सम्बन्धित पालिका र जिल्लामा पठाइने बताए । मंगलबार बिहान ८ देखि १० र साँझ ५ देखि ७ बजेसम्म अलपत्र नेपालीलाई भित्र्याइने उनको भनाइ छ । भारतबाट फर्किएका नेपाली नागरिकको भीमदत्त नगरपालिका, निड्स नेपाल र महेन्द्रनगरका युवा व्यवसायीले खाना, पानी, मास्कको व्यवस्थापन गरेका छन् ।

### नेपाल प्रवेश गर्दा युद्ध जितेको अनुभव

भारतका विभिन्न सहरबाट हिँडेका नेपाली निकै दुःख र कष्टका साथ सीमा क्षेत्र आइपुगेका छन् । भारतबाट पैदलै, भोकभोकै आएको र नहरको फोहोर पानी पिउन बाध्य भएको उनीहरूको भनाइ छ । मातृभूमि टेक्दा युद्ध नै जितेर आएजस्तो लागेको उनीहरू बताउँछन् । बिन्दासैनी नगरपालिका-१ दैलेखका बालाराम आचार्य लुवाघाटमा मजदुरी गर्थे । उनी पैदलै टनकपुर पुगेका थिए । 'लुवाघाटबाट भोकभोकै पैदलै टनकपुर आइपुग्यौँ,' उनले भने, 'भारतीय सुरक्षाकर्मीले हामीलाई क्वारेन्टाइनमा राख्यो, क्वारेन्टाइनको बसाइ पनि राम्रो थिएन, अहिले उद्धार भएपछि खुसीको सीमा नै छैन ।'

भारतको बागेश्वरमा मजदुरी गर्दै आएका भगवती जिसीको काखमा तीन वर्षीय छोरा छन् । 'गुजारा चलाउन सन्तान लिएर ६ महिनाअघि भारत पसेकी थिएँ,' उनले भनिन्, 'लकडाउनका कारण काम बन्द भएपछि स्वदेश फर्किएँ ।' सात दिन हिँडेरै बनबासा पुगेको बताउँदै उनले नेपाल टेक्न पाएकोमा खुसी व्यक्त गरिन् । सानो सन्तानको स्याहारसुसार गर्दै र भारतीय प्रहरीको अवरोध छिचोल्दै बनबासा आइपुग्न निकै कठिन भएको उनले बताइन् । बनबासा पुग्दा खानेपानी नपाएरै नहरको फोहोर पानी खानुपरेको उनी बताउँछिन् ।

### अस्ट्रेलिया र इन्डोनेसियाबाट चार नेपालीको उद्धार

**नयाँ पत्रिका**
**काठमाडौं, १२ जेठ**

भारत सरकारले अस्ट्रेलिया र इन्डोनेसियाबाट चारजना नेपालीको उद्धार गरेको छ । भारतले आफ्ना नागरिक फर्काउने क्रममा नेपालीहरूलाई पनि उद्धार गरेको हो । नेपाली दूतावासहरूसँगको समन्वयमा सोमबार भारतले अर्जुनप्रसाद तिमल्सिना, विश्व तिमल्सिना र मुक्तिप्रसाद तिमल्सिनालाई उद्धार गरेको छ । बोनम्यारो प्रत्यारोपणका बिरामी, उनका दाजु र बुबालाई दिल्ली ल्याइएको भारतीय विदेश मन्त्रालयले जनाएको छ । बोनम्यारोका बिरामीलाई दिल्लीस्थित बिएल कपुर मेमोरियल अस्पतालमा भर्ना गरिएको छ ।

अस्पतालको क्वारेन्टाइनमा राख्ने बन्दोबस्त मिलाइएको भारतीय दूतावासका प्रवक्ता अभिषेक दुबेले जानकारी दिए । उनीहरूले कोभिड-१९ को नेगेटिभ सर्टिफिकेट तथा उडानका लागि सर्टिफिकेट पेस गरेका थिए । नेपाली दूतावासहरूको समन्वयमा भारतीय दूतावासले भारतीय नागरिकसरह सुविधा दिएर नेपाली नागरिकको उद्धार गरेको हो ।

भारत सरकारले इन्डोनेसियाबाट चितवन रत्ननगर-९ की सेविका ढकाललाई दिल्ली ल्याएको छ । उनी भारतको अम्बालास्थित महाऋषि मार्कण्डेय विश्वविद्यालयमा अध्ययनरत छिन् । विश्वविद्यालयबाट शैक्षिक आदानप्रदान कार्यक्रमअन्तर्गत उनी इन्डोनेसियामा थिइन् । उनीसँगै गएका अन्य भारतीय विद्यार्थी दिल्ली फर्केका छन् । इन्डोनेसियास्थित भारतीय दूतावासद्वारा जारी भिडियोमा ढकालले भारतले उसको नागरिकसरह व्यवहार गरेर आफूलाई उद्धार गरेको भन्दै खुसी व्यक्त गरेकी छन् । दुवै देशबाट भारतीय नागरिकसहितका नेपालीलाई एयर इन्डियाको विशेष उडानबाट ल्याइएको भारत सरकारले जनाएको छ ।

## दैलेखमा भारतबाट ४२ हजार आउने आकलन

**विष्णु शर्मा/नयाँ पत्रिका**
**दैलेख, १२ जेठ**

कामको सिलसिलामा भारत गएकामध्ये ४२ हजार नेपाली नागरिक दैलेख भित्रिने आकलन गरिएको छ । सोमबारसम्म पाँच हजार एक सय ७३ जना जिल्ला भित्रिसकेका छन् । जिल्ला प्रशासन कार्यालय दैलेखले सो संख्याको आकलन गर्दै सबैलाई सुरक्षित क्वारेन्टाइनमा राख्न पूर्वतयारी थाल्न स्थानीय तहलाई आग्रह गरेको छ ।

हरेक स्थानीय तहले सामाजिक सञ्जालमार्फत आफ्ना नागरिकलाई नेपाल आउन आग्रहसमेत गरेपछि दैलेख भित्रिनेको संख्या दैनिक एक हजारले वृद्धि भएको छ । भारतबाट फर्किएकामध्ये आठजनामा कोरोना संक्रमण देखिएपछि दैलेखमा स्वास्थ्य सुरक्षा चुनौती बढेको छ । आएकामध्ये कसैको पनि कोरोना चेकजाँच नभएकाले दैलेख कोरोनाको उच्च जोखिममा परेको भन्दै जिल्लावासी त्रसित हुन थालेका छन् । जिल्ला प्रशासन कार्यालयले दैनिक दुई हजार मानिस जिल्ला प्रवेश गरेको जानकारी दिएको छ ।

दैलेखको डुंगेश्वर गाउँपालिकामा आमाबाबुमा कोरोना संक्रमण देखिए पनि ती दम्पतीका एकवर्षे छोराको रिपोर्ट नेगेटिभ आएको छ । शुक्रबार भारतबाट आएका सबैको आरडिटी परीक्षण गरिएको थियो । तीमध्ये दम्पतीको रिपोर्ट पोजेटिभ देखिएपछि बालकसहित आमाबाबुको स्वाब संकलन गरेर कोरोना परीक्षणका लागि सुर्खेत पठाइएको थियो ।

सुर्खेत प्रयोगशाला हुँदै नेपालगन्ज पठाइएको स्वाबको पिसिआर परीक्षणमा आमाबाबुको पोजेटिभ र एकवर्षे बालकको रिपोर्ट नेगेटिभ आएको छ । उनीहरूलाई दैलेखको सरस्वती मावि तर्तांगमा निर्माण गरिएको आइसोलेसन वार्डमा राखिएको छ ।

## कोरोनाविरुद्धको युद्ध अझ प्रभावकारी : प्रधानमन्त्री

### २० जेठपछि लकडाउनको स्वरूप बदल्ने संकेत



**शुरोजंग पाण्डे/नयाँ पत्रिका**
**काठमाडौं, १२ जेठ**

देशमा पहिलो कोरोना संक्रमित देखिएको चार महिना (९ माघ) तथा लकडाउनको दुई महिना (११ चैतदेखि हालसम्म) पछि प्रधानमन्त्री केपी ओलीको कोरोनाकेन्द्रित सम्बोधन आएको छ । सोमबार राष्ट्रका नाममा ओलीले गरेको सम्बोधन सम्पूर्ण रूपमा कोरोना रोकथाम र नियन्त्रणमा सरकारी प्रयासबारे केन्द्रित छ । सम्बोधनमा प्रधानमन्त्रीले कोरोना समस्या लामो समयसम्म रहने भएकाले अब लकडाउनको स्वरूप बदल्ने संकेत गरेका छन् ।

प्रधानमन्त्री ओलीले लकडाउनको मोडालिटी परिवर्तनदेखि आगामी दिनमा गरिने कामका प्राथमिकताहरूको फेहरिस्त सार्वजनिक गरे । पछिल्लोपटक २० जेठसम्म बढाइएको लकडाउनलाई निरन्तरता दिए पनि स्वरूपमा सामान्य परिमार्जन हुने उनको संकेत छ । संक्रमण अझै केही अवधि जारी रहने भन्दै प्रधानमन्त्री ओलीले समुदायमा संक्रमण थप विस्तार हुन नदिन आवश्यक सावधानीका साथ सरकारले केही नयाँ कदम चाल्ने तयारी गरिरहेकोसमेत बताए ।

प्रधानमन्त्री ओलीले कुनै पनि विषयले कोरोनाविरुद्धको जारी 'युद्ध'लाई कमजोर पार्न हुन्न भन्नेमा आफू स्पष्ट रहेको बताएका छन् । मानिसका लागि जीवन पहिलो कुरा भएको भन्दै रोग वा भोक केहीबाट पनि देशवासीको जीवन जोखिममा पर्न नदिन सरकार हदैसम्म प्रयत्नशील रहने प्रधानमन्त्रीले बताएका छन् । प्रधानमन्त्री ओलीले नेपालीमा रहेको रोग प्रतिरोधात्मक क्षमता र अनुशासनले भाइरसविरुद्धको लडाइँ लम्बिने निश्चित भए पनि सहजै पराजित गर्ने विश्वास व्यक्त गरेका छन् ।

एउटा प्रयोगशालाबाट सुरु भएको परीक्षणको दायरालाई २० भन्दा बढी प्रयोगशालाबाट तीव्र बनाइएको भन्दै उनले यसबीचमै औषधि र स्वास्थ्य उपकरणको खरिदमा सिर्जना भएको अप्ठ्यारा हल भएको र विज्ञहरूको सल्लाहबमोजिम कम्तीमा जनसंख्याको २ प्रतिशतसम्म परीक्षण विस्तार गर्ने योजना रहेको सुनाए । केन्द्रले प्रदेश र स्थानीय तहसँगका सहकार्य र साझेदारीलाई थप प्रभावकारी बनाएर होटेल र सार्वजनिक स्थलहरूलाई क्वारेन्टाइन बनाउने र महामारी फैलिएको स्थललाई सिल गरी परीक्षण तथा नियन्त्रणको कामलाई युद्धस्तरमा बढाइने जनाएका छन् ।

### ■ शैक्षिक सत्र प्रभावित हुन नदिने योजना

एसइई परीक्षाको विकल्प खोजेर नियमित शैक्षिक सत्र प्रभावित हुन नदिनेदेखि आर्थिक क्रियाकलापलाई चलायमान बनाउने, उद्योगधन्दाहरू सञ्चालन गर्ने, कृषि उत्पादनसँग जोडिएका काम नरोक्नेलगायतका विषयमा सरकारले चाल्ने विभिन्न कदमबारे प्रधानमन्त्रीले आश्वस्त पार्ने प्रयास गरेका छन् । 'एसइईका परीक्षार्थी विद्यार्थीको सिंगो शैक्षिक वर्ष खेर जान नदिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले छिट्टै आवश्यक प्रबन्ध मिलाउनेछ,' प्रधानमन्त्रीले भने ।

त्यस्तै, उनले महामारीको जोखिम न्यून गर्दै आवश्यक आर्थिक क्रियाकलापलाई सुचारु गरिने, खेतीपातीको याम खेर जान नदिन, सामाजिक दूरी र आवश्यक परहेजलाई ख्याल गरी कृषिकार्य अघि बढाइने पनि बताए । अर्थतन्त्रलाई चलायमान राख्ने र राष्ट्रिय गौरवका आयोजनालगायत कतिपय विकास आयोजनालाई अगाडि बढाउने जानकारी दिए ।

### ■ स्वदेश फर्कन चाहने नेपालीका लागि विस्तृत योजनासहितको आदेश

प्रधानमन्त्री ओलीले स्वदेश फर्कनुपर्ने असहज अवस्थामा रहेका नेपालीलाई स्वदेश फर्काउने व्यवस्थासम्बन्धी विस्तृत योजनासहितको आदेश सरकारले जारी गर्ने बताएका छन् । 'अहिले मुलुकबाहिर रहेका नेपालीको घर फर्किने क्रम बढेको छ । मैले नेपाली ठूलो संख्यामा कार्यरत रहेका मुलुकका सरकार तथा राष्ट्रप्रमुखसँग गम्भीर संवाद गरेको छु,' प्रधानमन्त्रीले भने, 'यसका अतिरिक्त 'कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश फर्कनुपर्ने अवस्थामा रहेका नेपालीलाई स्वदेश फर्काउने व्यवस्थासम्बन्धी विस्तृत योजना'सहितको आदेश तत्काल जारी गरिनेछ ।' भारतबाट स्वदेश फर्कन चाहनेका लागि विश्व स्वास्थ्य संगठनको प्रोटोकलअनुरूप परीक्षण गर्न नसकिएको स्विकार्दै उनले त्यसरी भित्रिएकाहरूलाई छिटो परीक्षण गर्न, सामाजिक दूरी कायम गर्न, सुरक्षित ढंगले क्वारेन्टाइनमा रहेर अन्य नियमहरूको पालना गर्न ध्यानाकर्षण पनि गराए ।

### पाठ्यक्रम विकास केन्द्र महानिर्देशकविहीन

## निजी प्रकाशकले कक्षा १ को पुस्तक छपाइ गर्न अनुमति पाएनन्

**काठमाडौं**/ यसै शैक्षिक सत्रदेखि परिवर्तन भएको कक्षा १ को पाठ्यक्रमअनुसार पुस्तक छपाइ गर्न निजी प्रकाशन गृहले पाठ्यक्रम विकास केन्द्रबाट अनुमति पाएका छैनन् । सबै प्रक्रिया पूरा गरे पनि पुस्तक छपाइ गरी बजारमा लैजान नपाएको प्रकाशकहरूको गुनासो छ । शिक्षा मन्त्रालयले पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक नियुक्त नगरेकैले निजी प्रकाशन गृहले स्वीकृति पाउन नसकेका हुन् ।

पाठ्यक्रम विकास केन्द्रका प्रवक्ता गणेश भट्टराईले केन्द्रको महानिर्देशकको अध्यक्षतामा बस्ने बैठकले निर्णय गरी स्वीकृति दिने व्यवस्था रहेको, तर अहिले महानिर्देशक नभएकाले केही ढिलाइ भएको बताए । प्रकाशन गृहले सबै प्रक्रिया पूरा गरेको र महानिर्देशक नियुक्त भएसँगै स्वीकृति पाउने उनको भनाइ छ ।

सरकारले छपाइ गरी निःशुल्क वितरण गर्ने नेपाली माध्यमका पाठ्यपुस्तक छपाइ भने भइसकेका छन् । तर, अंग्रेजी माध्यममा अध्ययन गर्ने विद्यार्थीका लागि पुस्तक लेखन कार्य र प्रक्रिया सबै पूरा गरेका प्रकाशकले अहिलेसम्म अनुमति पाएका छैनन् । निजी प्रकाशकहरूले राजस्व तिरेर, पाठ्यक्रम विकास केन्द्रको मापदण्डअनुसार सुधार गरी चैतमै पुस्तक बुझाएका थिए । तर, तीन महिना भइसक्दा पनि अनुमति पाउन सकेका छैनन् । केन्द्रका अधिकारीका अनुसार कक्षा १ को पुस्तकका लागि ५० जति निजी प्रकाशन गृहले अनुमति मागेका छन् । केन्द्रले चैत मसान्तसम्म स्वीकृति दिने व्यवस्था थियो । जनक शिक्षा सामग्री केन्द्रले भने पुस्तक छपाइ गरी प्रदेशस्तरमा पठाएको छ ।

संगम पब्लिकेसनका प्रबन्ध निर्देशक सहदेवप्रसाद सापकोटाले राजस्व तिरेर सबै प्रक्रिया पूरा गरिसक्दा पनि स्वीकृतिमा ढिलाइ हुँदा बजारमा पुस्तक पुऱ्याउन नपाएको बताए । 'बालबालिकाले पढ्न पाउँथे, अभिभावकलाई सहज हुन्थ्यो,' उनले भने, 'हामीले खर्च गरेर पनि बजारमा लान पाएनौँ ।'




## विगु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

लादुक, दोलखा
वाग्मती प्रदेश, नेपाल

### बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७६/०२/१३**

यस विगु गाउँपालिका अन्तर्गत विभिन्न निर्माणको लागि मिति २०७६/१२/०७ गते प्रकाशित सूचना अनुसार समय सिमा भित्र विद्युतीय बोलपत्र (E-Bid) को माध्यम बाट दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार मुल्यांकन समितिबाट मुल्यांकन गरी न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भनि स्वीकृतिको लागि सिफारिस भए अनुसार तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | ठेक्का कार्यको विवरण | छनौट भएका बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम (भ्याटर प्रोभिजनल सम सहित) |
|---|---|---|---|---|
| 1. | BRM/NCB/WORKS/DOLAKHA/03/2076/77 | SAMUDAHIK SWASTHA EKAI BHAWAN NIRMAN, THAMICHAGU | श्री PRK Nirman Sewa, Budhanilakhanta, Kathmandu | रु. ४६,२०,८०८।८४ |
| 2. | BRM/NCB/WORKS/DOLAKHA/04/2076/77 | SAMUDAHIK SWASTHA EKAI BHAWAN NIRMAN, KHARTAL | श्री Anil Multi Company Pvt. Ltd., Sunkhani Nagarpalika, Melami, Sindupalchowk | रु. ६४,३५,२६२।७३ |
| 3. | BRM/NCB/WORKS/DOLAKHA/05/2076/77 | SARSIKHOLA DOVAN KALIKHORIYA PAHIRO NIYAANTRAN | श्री Abisa/Kalinag J.V., Kathmandu, Nepal | रु. ३१,२९,५४०।८ |

**प्रमुख प्रशासकीय अधिकृत**

## Arnama Rural Municipality
## Office of the Rural Municipal Executive

**Arnama, Siraha**
Province No. 2

### Invitation For Bids

Invitation for Bids for procurement of Fabricated Steel Parts **for Trail Bridges**

**First Date of Publication: 25th-May-2020**

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Arnama Rural Municipality for **Trail Bridge Program** and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Arnama Rural Municipality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Arnama Rural Municipality or www.bolpatra.gov.np
5. Bidding documents may be purchased from the office of Arnama Rural Municipality, Arnama, Siraha or **www.bolpatra.gov.np** by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the ***23th-June-2020***
   Name of the Bank: Nepal Bangaladesh Bank Ltd, Arnama, Siraha
   Name of Office: Arnama Rural Municipality
   Office Code No: 16-365-36 A/C no. 0690000141
6. Bids must be submitted to the office of Arnama Rural Municipality, Arnama, Siraha or through www.bolpatra.gov.np, on or before **12:00 noon** on **24th-June-2020**. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00** on **24th-June-2020** at the office of Arnama Rural Municipality The bid will be opened in particular date and time although the bidders' representatives will be absent .Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:
   Name of the Bank: Nepal Bangaladesh Bank Ltd, Arnama, Siraha
   Name of Office: Arnama Rural Municipality
   Office Code No: 16-365-36 A/C no. 0690000841
8. Bidders shall quote the item rates in the BOQ's exclusive of VAT and VAT shall be added separately in total amount. All other taxes and levies which may be applicable shall be included in the quoted rates. In case of discrepancies in rates in figures and words, the rate in word shall be govern
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall be held at the office of Arnama Rural Municipality, Arnama, Siraha, 2:00 on 14th-June-2020.
11. In the case of discrepancies or error in bidding document, Tender notice or any other document, Arnama Rural Municipality reserves the right to amend and correct at any time.
12. The name and identification of the contract are as follows:

| Contract Identification | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 06/WORKS/ARNMUN/NCB/076-77 | Fabrication of steel parts and transportation up to road heads of Brahampuri Dahabarnithan Trail Bridge(64m) | 2749533.94/- | 80000/- | 3000/- |
| 07/WORKS/ARNMUN/NCB/076-77 | Fabrication of steel parts and transportation up to road heads of Arnama naraihiya Trail Bridge(32m) | 1248044.80/- | 35000/- | 1000/- |

नयाँ पत्रिका
**सम्पादकीय**

# गरिबले के खाने ?

'सारा संसार लगाए ताला, काम छैन गरिबले के खाला ?' यो डम्बर गन्धर्वले लकडाउनबाट आजित भएका समयमा ठमेलको रित्तो सडकपेटीमा बसेर सुनाएको गीत हो । कोरोना भाइरसका प्रभाव र त्यसका आर्थिक पाटोले गरिबलाई पारेको मारलाई लिएर डम्बरले लोकलयमा गज्जबको गीत रचेर गाएका छन् । उनको आफ्नै कहानी हो, यो गीतको भाव । अर्थात् जबदेखि लकडाउन सुरु भयो, तबदेखि उनको दैनिक आम्दानी गुम्यो । गीत सुन्ने मान्छे सडकबाट हराए । पसलहरू खुलेनन् । कसैका घरमा गएर गाउनकै लागि पनि गेट खुला छैनन्, प्रवेश गर्न दिँदैनन् । उनलाई गरिब भनेर कुनै नगद सहयोग दिने राज्यको नीति छैन । कहिलेकाहीँ खाना बाँडेको ठाउँमा पुगेर खान्छन् र गीत सुनाउन मान्छे पर्खेर दिन बिताउँछन् । डम्बरको कथा र उनको गीत हाम्रो समयको एउटा प्रतिनिधि बयान हो । गरिबको अवस्थाको एउटा ग्र्यान्ड न्यारेसन । र, यो सुन्नुपर्नेचाहिँ दुई दिनपछि बजेट ल्याउँदै गरेको साम्यवादी दलको सरकारका समाजवादी प्रधानमन्त्री र उनका अर्थमन्त्रीले हो । नीति बनाउने ठाउँका पनि सबैले हो ।

कोरोना प्रभाव न्यूनीकरण गर्ने र महामारी रोकथाम गर्ने भन्दै सार्वजनिक जीवनका सबैजसो क्षेत्र लकडाउनमा छन् । त्यसको पनि दुई महिना कटिसकेको छ । आगामी २० जेठसम्मका लागि तय गरिएको लकडाउन अवधिमा सरकारले दाबी गरेजस्तो कोरोना महामारी फैलन रोकियो कि, अब त्यो फैलने बिन्दुमा पुग्यो भनेर निश्चित गर्न अझै दुई साता कुर्नुपर्नेछ । त्यो पनि पर्याप्त परीक्षण भएको सन्दर्भमा मात्र । तर, यता अर्थतन्त्रको मेरुदण्ड भने झन्डै दोब्रिने ठाउँमा पुगेको छ । दैनिक ज्यालादारी गर्नेले मात्र होइन, सानातिना व्यवसाय गर्ने या त्यसमा काम गर्ने हजारौँ, लाखौँले रोजगारी गुमाएका छन् । विदेशमा काम गर्नेहरूको ठूलो संख्या पनि रोजगारी गुमाएर फर्केको छ । रोजगारी गुमाउनुको अर्थ हुन्छ, मासिक खर्च धान्न सक्ने आम्दानी पनि गुमाउनु । दैनिक न्यूनतम आवश्यक आहार पुऱ्याउन नसक्नु । फेरि काम कहिले पाइने हो भन्ने निश्चित नभएको सन्दर्भमा उधारो पनि पाउन छाड्नु । घरभाडा तिर्न नसकिने अवस्थामा पुग्नु । सामान्य रोगव्याधि लागेमा उपचार गर्न नसक्ने अवस्थामा धकेलिनु । अर्थतन्त्रमा यस्तो खर्च गर्ने क्षमता कम भएका परिवारको संख्या चौथाइ परिवारको मानेर हिसाब गर्ने हो भने पनि त्यो झन्डै १५ लाख परिवार हुन आउँछ । यस्तो परिवारले मासिक न्यूनतम १५ हजार खर्च गर्थ्यो भनेर हिसाब गऱ्यो भने मासिक कति खर्च तिनले गर्थे र त्यसले अर्थतन्त्रलाई कसरी सहयोग गर्थ्यो भन्ने आकलन निस्कन्छ । अब यो पंक्तिलाई अहिलेको खर्च गर्न नसक्ने अवस्थाबाट मुक्त पनि गर्ने र अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पनि गर्ने हो भने त्यस्तो पंक्तिलाई तत्काल एक महिनाको खर्चजति रकम नगदमा उपलब्ध गराउने र त्यही समयभित्र रोजगारीको अवसर पनि सिर्जना गर्ने उपाय अपनाउनु उपयुक्त हुन्छ । यस्तो रकम नगदमा दिनुको साटो दैनिक ज्यालादारीमा काममा लगाउन स्थानीय तहमार्फत व्यवस्थापन पनि गर्न सकिन्छ । बजेट ल्याउनेले सांसद विकास कोषजस्तो फजुलखर्चे दान–दक्षिणातिरभन्दा गरिबहरूलाई कसरी राहत दिने र अर्थतन्त्रमा प्रभावकारी मागको अवस्था कसरी बढाउने भन्नेतिर ध्यान दिए राम्रो हुनेछ ।



बजेट ल्याउनेले सांसद विकास कोषजस्तो फजुलखर्चे दान-दक्षिणातिरभन्दा गरिबलाई कसरी राहत दिने र अर्थतन्त्रमा प्रभावकारी मागको अवस्था कसरी बढाउने भन्नेतिर ध्यान दिनु राम्रो हुन्छ

# नीति तथा कार्यक्रम : उपेक्षामा शिक्षा

## सरकारले नीति तथा कार्यक्रममा कोरोनाले देशको शिक्षाक्षेत्रमा पारेका असर देख्दै नदेखेजस्तो गरेको छ



अग्रलेख

● बाबुराम विश्वकर्मा

कोभिड-१९ को संकटका कारण देशभरिका ९० लाख विद्यार्थी अन्योलमा छन् । यति धेरै विद्यार्थीलाई वैकल्पिक माध्यमबाट कसरी पठनपाठनमा फर्काउने भन्ने कुनै योजना र गृहकार्य छैन । तर, संघीय संसद्ले ६ जेठमा पारित गरेको सरकारको नीति तथा कार्यक्रममा आर्टिफिसियल इन्टलिजेन्स, सुरुङ प्रविधि र रक इन्जिनियरिङ पढाउने घोषणा गरिएको छ । १५ जेठमा अर्थमन्त्री युवराज खतिवडाले नीति तथा कार्यक्रमअनुसारको बजेट पेस गर्नेछन् । नीति तथा कार्यक्रममाथि सत्तापक्ष तथा विपक्षी सांसद्, विषयगत विज्ञ तथा जनसाधारणबाट समेत थरीथरीका टिप्पणी आए । संसार नै महासंकटबाट गुज्रिरहेका वेला नेपाल पनि कोभिडकै महाभुमरीमा छ । त्यसैले परम्परागत नीति तथा कार्यक्रम र बजेटभन्दा यसपालिको नीति तथा कार्यक्रम कोभिड-१९ को संकट पार लगाउने दिशामा परिलक्षित हुन जरुरी थियो । आर्थिक वर्षको नीति तथा कार्यक्रम पञ्चवर्षीय वा बहुवर्षीय कार्यक्रमभन्दा एकवर्षे तात्कालिक कार्यक्रम हो । विडम्बना, सरकारको नीति तथा कार्यक्रम सरकारको पञ्चवर्षीय योजनाको दस्ताबेजजस्तो देखियो । त्यसैले पनि होला प्रमुख प्रतिपक्षी दलका सांसद तथा चिन्तक प्रदीप गिरिले ५ जेठमा नीति तथा कार्यक्रममाथि बडो सटिक टिप्पणी गरे, '३० वर्षको मेरो संसदीय कार्यकालमा यत्रो ज्यादा 'गरिनेछ' मैले कहिल्यै पढेको छैन ।' उनले नीति तथा कार्यक्रममा व्यक्त गरिएको 'गरिनेछ'को साटो कोभिडका कारण 'मरिनेछ' भनेर लेख्नसमेत सरकारलाई व्यंग्य गरे ।

हुन पनि कोभिड-१९ को महासंकटबीच ल्याइएको नीति तथा कार्यक्रमको मुख्य ध्याउन्न कोभिडसँग जुध्ने र त्यसका क्षतिलाई न्यूनीकरण गर्ने विषयमै केन्द्रित हुन जरुरी थियो । संसदीय छलफलका क्रममा विपक्षी दलका सांसद् तथा विज्ञले पनि कोभिडलाई पन्छाएर वा नेपालमा कुनै असर नै नपरेजस्तो गरेर नीति तथा कार्यक्रमको दस्ताबेज सार्वजनिक गरिएको टिप्पणी गरे । र, यस्ता टिप्पणी धेरै हदसम्म सत्यको नजिक पनि छन् ।


विश्वले नै यो महामारीको बहुआयामिक क्षति झेल्नुपरेको वेला सरकारको नीति तथा कार्यक्रम तदनुरूपकै हुन जरुरी थियो । किनभने, कोरोनाको क्षति कति भयावह हुने हो, अझै कसैले वस्तुनिष्ठ लेखाजोखा गर्न सकेको छैन । यस्तो स्थितिमा सदनले पारित गरेको नीति तथा कार्यक्रमअनुरूप नै १५ जेठमा बजेट आउने निश्चित छ ।

कोभिडको महासंकट झेलिरहेको र भोकमरीमा परेका जनतालाई त नीति तथा कार्यक्रमले प्रभावकारी ढंगले सम्बोधन गरेन नै, देशको सार्वजनिक शिक्षाक्षेत्रलाई पनि यसले गम्भीर रूपमा उपेक्षा गरेको छ । नीति तथा कार्यक्रमको बुँदा ६२ देखि ७८ सम्म शिक्षाकेन्द्रित कार्यक्रम परेका छन् । ती बुँदा सरसर्ती केलाउँदा सरकारले कोरोना भाइरसले देशको शिक्षाक्षेत्रमा पारेका असर अनदेखा गरेको अनुभूति हुन्छ । किनभने नीति तथा कार्यक्रममा कोभिड-१९ का कारण विद्यालय तथा उच्च शिक्षामा परेको संकटलाई एक शब्द पनि सम्बोधन गरिएको छैन ।

शिक्षा मन्त्रालयमातहतको शिक्षा मानव स्रोत तथा जनशक्ति विकास केन्द्र (पुरानो शिक्षा विभाग) को पछिल्लो तथ्यांकअनुसार देशभरिका विद्यालयमा प्रारम्भिक बाल विकास केन्द्रदेखि कक्षा १२ सम्म ८२ लाख ५८ हजार ७८३ बालबालिका छन् । त्यस्तै उच्च शिक्षामा करिब सात लाख विद्यार्थी छन् । विद्यालय र उच्च शिक्षाको झन्डै ९० लाख जनसंख्या कोभिड- १९ ले गम्भीर रूपमा प्रभावित छ । एसइईको स्थगित परीक्षा अनिश्चित छ । अरू कक्षाको वार्षिक परीक्षाको नतिजा कहिले सार्वजनिक गर्ने, टुंगो छैन । नयाँ शैक्षिक सत्रअनुसार भर्ना तथा पठनपाठन सुरु हुने दिन थाहा छैन । महासंकट तत्काल टर्ने हो-होइन भन्न सकिन्न । यदि लकडाउन खुकुलो भए वा अन्त्य नै भयो भने पनि विद्यालयहरू तत्काल सुचारु हुन कठिन छ । बेलायतजस्तो देशले विद्यालयलाई पूर्ण सुरक्षित तुल्याएर जुनको पहिलो सातादेखि सुरक्षित रूपमा विद्यालय सञ्चालन गर्ने तयारी गरेका खबर आएका छन् । युरोपका केही देश र अस्ट्रेलियाले त स्कुल खोल्नसमेत थालेका छन् । तर, हामी भने माहामारीमा विद्यालय र बालबालिकालाई कसरी व्यस्त राख्ने भन्नेबारे तयारीशून्य अवस्थामा उभिएका छौँ ।

९० लाख विद्यार्थीलाई अनिश्चितकालसम्म बेवारिसे छाडिरहने हो भने त्यसले पैदा गर्ने मनोसामाजिक संकट अनुमान गरेभन्दा महँगो पर्न सक्छ । विद्यालयहरूले काफी विद्यार्थीलाई विद्यालयमा व्यस्त राखेका कारण पनि सामाजिक अपराध कम हुने गरेको कैयौँ विज्ञको कथन छ । त्यसैले स्कुल जाने उमेर समूहको जनसंख्या लामो समय विनाकाम समाजमा रहिरहने हो भने त्यसबाट देश र समाजलाई ठूलो क्षति हुन्छ ।

महासंकटमा विद्यालय र उच्च शिक्षाका विद्यार्थी र शिक्षकलाई यो वर्ष दिशानिर्देश गर्न सक्नुपर्ने थियो, सरकारको नीति तथा कार्यक्रमले । हुन पनि दुई लाखभन्दा बढी सरकारी विद्यालयका शिक्षक पनि सरकारको नीति तथा कार्यक्रमले आफूहरूलाई निर्देशित गर्ला भन्ने अपेक्षामा थिए । तर, तिनको अपेक्षा अपेक्षामै सीमित रह्यो ।




> कोरोनाका कारण बन्द भएका स्कुल कहिले खोल्ने भन्ने गृहकार्यसमेत गर्न नसक्ने सरकारले महत्वाकांक्षी शैक्षिक योजना कसरी कार्यान्वयन गर्ला ?

कोरोनाकालमा शिक्षा के हुन्छ भन्नेबारे एक शब्द पनि सम्बोधन गरिएन । विश्वभरि नै लामो समय विद्यालय बन्द राख्ने वा सिकाइ क्रियाकलाप नगर्ने हो भने धनी र गरिब बालबालिकाबीचको खाडल अरू गहिरो हुने प्रक्षेपण आइरहेका छन् । तर, नेपालमा भने शिक्षा क्षेत्रलाई निर्देश गर्ने गरी न नीति तथा कार्यक्रम आयो, न त शिक्षा मन्त्रालयले अहिलेको संकट सामना गर्न कुनै गृहकार्य नै गरेको छ ।

देशको सार्वजनिक शिक्षाले ८५ प्रतिशत हिस्सा ओगटेको छ । त्यसलाई अन्योलमै छाडिदिने हो भने विद्यालय तहले अहिले कायम गरेको ४०-४२ प्रतिशतको औसत शैक्षिक उपलब्धि वर्षान्तसम्ममा अरू तल झर्न सक्छ । केही विद्यालयले अनलाइन कक्षा सञ्चालन गरिरहेका छन् । उनीहरू त्यसै पनि अघि बढिसकेका छन् । कमजोर र निम्छरा सरकारी विद्यालयलाई त्यत्तिकै छाडिदिने हो भने उनीहरू शैक्षिक दृष्टिले अरू ध्वस्त हुने पक्का छ । शिक्षाक्षेत्रका विज्ञले सुझाइसकेका छन्- देशभरिका बालबालिकालाई सके अनलाइन, नसके अफलाइन वा दूरशिक्षा, घुम्ती वा खुला विद्यालयलगायत अनेक वैकल्पिक माध्यमबाट पठनपाठनमा लगाउन सकिन्छ । जहाँ जुन विधि सम्भव हुन्छ, तिनै विधि अपनाएर ९० लाख विद्यार्थीलाई सिकाइ क्रियाकलापमा फर्काउनुको विकल्प छैन । तर, सरकारको नीति तथा कार्यक्रम र शिक्षा मन्त्रालयको तयारी यस मामिलामा करिब शून्यकै स्थितिमा छ ।

सरकारी विद्यालयमा वर्षमा जम्मा १८० दिन पनि पढाइ हुँदैन । पाठ्यक्रम र पाठ्यपुस्तकले परिलक्षित गरेको पठनपाठन नगरी प्रायः शैक्षिक सत्र सकिने गरेको छ । त्यसैले अब सामाजिक दूरी कायम राखेर उपलब्ध वैकल्पिक माध्यमबाट विद्यार्थीलाई शैक्षिक क्रियाकलापमा फर्काउन वा सीप शिक्षामा लगाउन ढिलो गर्नु हुँदैन । उदेकलाग्दो के छ भने नगरी नहुने काम र तयारीमा मौन बसेर सामान्य अवस्थामा पनि गर्न कठिन अनि ठूलो धनराशि चाहिने महत्वाकांक्षी शैक्षिक कार्यक्रम घोषणा गरिएको छ । देशका साधारण स्कुलमा सामान्य सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि पनि बजेट अपुग हुने गरेको छ । कुनै वेला १७ प्रतिशत पुगेको शिक्षा बजेट चालू आर्थिक वर्षमा आइपुग्दा १०.६८ प्रतिशतमा सीमित भएको छ । यसमध्ये ७० प्रतिशतभन्दा बढी हिस्सा शिक्षक-कर्मचारीको तलबमा खर्च हुन्छ भने बाँकी बजेट भौतिक पूर्वाधार र शिक्षण सिकाइमा खर्च हुने गरेको छ ।

यो धरातलीय यथार्थविपरीत जहाँ आवश्यकता नै छैन, त्यहीँ फेरि बजेट खन्याउने बाटो खोलिएको छ । परिणामतः विश्वविद्यालयको संख्या आवश्यकताभन्दा बढी हुँदाहुँदै फेरि तीनवटा विश्वविद्यालय थप्ने घोषणा गरिएको छ । त्रिविवि, पोखरा, काठमाडौं, पूर्वाञ्चल, संस्कृत, वन, मध्यपश्चिम, सुदूरपश्चिम, खुला, कृषि र लुम्बिनी गरी देशमा ११ वटा विश्वविद्यालय छन् । तिनको काम प्राज्ञिक उन्नयनभन्दा बढी सम्बन्धन बिक्री गर्ने भएको छ । भौतिक शैक्षिक पूर्वाधारको अभाव, स्रोत व्यवस्थापनका संकट, योग्य शिक्षक तथा अनुसन्धान गर्न सक्षम जनशक्तिको अभाव आदिले गर्दा भएका अधिकांश विश्वविद्यालय धराशयी भएका छन् । तिनको सबलीकरण नै अहिलेका लागि चुनौतीपूर्ण छ । कतिसम्म भने आफूले एउटा गतिलो आंगिक क्याम्पससमेत चलाउन नसक्ने विश्वविद्यालयले सम्बन्धन बिक्री गरेर खर्च चलाउनुपर्ने बाध्यता छ । यस्तो स्थितिमा फेरि तीनवटा नयाँ विश्वविद्यालय खोल्नु भनेको उल्टो यात्रा हो ।

यसअघि पनि रक्षा मन्त्रालयको प्रस्तावअनुसार सरकारले प्रतिरक्षा विश्वविद्यालय खोल्ने प्रक्रिया अघि बढाइसकेको छ । प्रतिरक्षाको एउटा गतिलो संकाय र विद्यालयसमेत नभएको देशमा एकैपटक विश्वविद्यालय खोल्ने निर्णय आफैँमा हास्यास्पद लाग्छ । पूर्वाधार, स्रोत र जनशक्तिविना हचुवा एवं हतारमा खोलिने विश्वविद्यालय कालान्तरमा झोले र नाम मात्रका विश्वविद्यालयमा परिणत हुनेछन् । विश्वविद्यालय खोल्न चाहिने बजेट, जनशक्ति, पूर्वाधार र आंगिक क्याम्पसको संख्या आदिको लेखाजोखा विश्वविद्यालय खोल्नुअघि नगरी नहुने काम हो । कुनै शिक्षण संस्था वा विश्वविद्यालय खोल्नुअघि त्यसको आवश्यकताको अध्ययन सबैभन्दा महत्वपूर्ण हुन्छ । आवश्यकताको पहिचानविना हचुवामा खोलिने विश्वविद्यालयले उच्च शिक्षाको आवश्यकता र मागलाई सम्बोधन गर्ने अपेक्षा गर्न सकिँदैन ।

विश्वविद्यालय थप्नेबाहेक सरकारको नीति तथा कार्यक्रममा अरू केही महत्वाकांक्षी बुँदा पनि परेका छन् । जस्तो- कृषि, वन, प्रविधि, चिकित्सा, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, आर्टिफिसियल इन्टलिजेन्स, सुरुङ प्रविधि, रक इन्जिनियरिङ, खनिज अन्वेषण, जलविद्युत्, नवीकरणीय ऊर्जालगायत विशिष्टीकृत विधामा उच्च शिक्षा सञ्चालन गर्ने भनिएको छ । कोरोनाका कारण बन्द भएका स्कुल कहिले खोल्ने भन्ने गृहकार्यसमेत गर्न नसकिरहेका वेला यस्ता महत्वाकांक्षी योजना कार्यान्वयन गर्न सम्भव हुँदैन । तात्कालिक आवश्यकता छाडेर सरकारले देशका अन्य क्षेत्रलाई जस्तो शिक्षाक्षेत्रलाई पनि घोर उपेक्षा गरेको छ, ३४ हजारभन्दा बढी विद्यालयलाई बेवारिसे छाडेर अन्योल थपेको छ ।

@baburambk

# ओबामाविरुद्ध खनिँदा ट्रम्पले के पाउँछन् ?

## बाइडेनको ओबामासँग घनिष्टता छ र ओबामा अहिले पनि अमेरिकी जनताका आदर्श हुन्



देश/विदेश

● जुलियन जेलिजर

मुलुक महामारीबाट गुज्रिरहेको छ, राष्ट्रपति डोनाल्ड ट्रम्प भने 'ओबामागेट !' भन्दै पूर्वराष्ट्रपति बाराक ओबामालाई अपराधी करार गर्न समय खर्चिरहेका छन् । गत साताभर ट्रम्प ओबामा उनीविरुद्ध 'कु' गर्न लागेका थिए भन्ने षड्यन्त्रको सिद्धान्त ट्विटरमा फैलाउँदै थिए । तर, वासिंटन पोस्टका संवाददाताले ओबामाले गरेको कार्य प्रस्ट्याउन लगाउँदा ट्रम्पले चित्तबुझ्दो जवाफ दिन सकेनन् र भने- यो सबैलाई थाहा छ, आफ्नो बाहेक अरू पनि पत्रपत्रिका हेर्नुहोस् । 'ओबामाको प्रशासन काण्डले परिभाषित गर्छ' भन्दै शनिबार बिहान पनि ट्विट गरेका थिए ।

आफ्नो प्रतिद्वन्द्वी जो बाइडेनलाई गिराउन उनी ओबामालाई गाली गर्दै छन् । ट्रम्पलाई थाहा छ, उनलाई प्रिय नेताको रूपमा लिइँदैन । उनका पिछलग्गुले रुचाए पनि उनले लिएको नीतिका कारण धेरै मतदाता असन्तुष्ट छन्, राष्ट्रपतिका रूपमा उनको कार्य सम्पादन सफल छैन । यिनको सुशासन रेटिङ ५० प्रतिशतभन्दा अधिकले गिरेको छ ।

ट्रम्पले के गर्न सक्लान् ? फैलँदो महामारी र गिर्दो अर्थतन्त्रका दौरान कसरी चुनाव जित्न सक्लान् ? त्यसैले आफ्नो विपक्षीलाई पनि आफूजस्तै 'नालायक' करार गरेर विपक्षीप्रति मतदाता विकर्षित पार्नु नै एउटा विकल्प हो । २०१६ मा हिलारी क्लिटनविरुद्ध पनि उनले यही गरेका थिए । उनको प्रतिष्ठा धमिल्याउन ट्रम्पले हुनेसम्म गरेका थिए । संस्थाका लागि व्यक्तिगत इमेल प्रयोग गरेका कुरासम्म बाहिर ल्याइदिएका थिए, पछि इमेलको दुरुपयोग नभएको भन्दै उनले सफाइ पाएकी थिइन् ।

अहिले बाइडेनविरुद्ध पनि उनी यस्तै गर्दै छन् । चुनौती सहज छैन । बाइडेन इमानदार जननेता हुन् र उनी धेरै व्यवधानसँग लडेर र खारिएर यहाँसम्म आइपुगेका हुन् । सिनेटर तारा रिडले लगाएको यौन दुर्व्यवहारको आरोपविरुद्ध उनी सशक्तसँग उभिए र राष्ट्रपति उम्मेदवार बन्न त्यसले कत्ति पनि बाधा पुगेन । बाइडेनको ओबामासँग घनिष्टता छ र ओबामा अहिले पनि अमेरिकी जनताका आदर्श हुन् ।

> ट्रम्पका लागि आफ्नो विपक्षीलाई पनि आफूजस्तै 'नालायक' करार गरेर विपक्षीप्रति मतदाता विकर्षित पार्नु नै एउटा विकल्प हो ।

सुरुमा त ट्रम्पले बाइडेनका छोरा हन्टर बाइडेनको वैदेशिक व्यापारको विषय उधिनेर बाबुछोरालाई नै भ्रष्ट करार गर्ने कोसिस गरे । तर, दुवैविरुद्ध केही तथ्य फेला परेन । बरु तोप ट्रम्पतिरै सोझियो र उनलाई शक्ति दुरुपयोग गरेको आरोप लाग्यो । यसले बाइडेनलाई नै बल पुग्यो ।

अहिले बाइडेनलाई दोस्रो चरणको आक्रमण हुँदै छ । उप-राष्ट्रपतिको उनको कार्यकाल एउटा सबल पक्ष हो । त्यतिवेलाको इराक युद्धलगायतका पक्षमा किन मतदान गरियो भन्दै डेमोक्र्याट्सका विपक्षीले बाइडेनलाई आरोप लगाउँछन् । तर, सबैलाई थाहा छ, मतदान गर्ने काम सिनेटरको हो, उपराष्ट्रपतिको होइन ।

ट्रम्प प्रशासनको कोभिड-१९ विरुद्धको अस्तव्यस्त तयारीले नै डेमोक्र्याट्सका लागि बाइडेनलाई ह्वाइट हाउस भित्र्याउन सजिलो पारेको छ । त्यसैगरी डेलवेरको कार्यालयबाट बाइडेन आफ्नो अभियान चलाइरहेका छन् भने अहिलेको प्रशासनका खराब नीति र कार्यहरू बाराक ओबामाले औँल्याइरहेका छन् । यो सिलसिला चुनावअघिसम्म कायमै रहन्छ ।

त्यसैले पनि ट्रम्पका ओबामाविरुद्धका यस्ता प्रतिक्रिया स्वाभाविक छन् । बाइडनलाई कमजोर बनाउन पनि उनी ओबामाविरुद्ध हात धोएर लागेका छन् । बाराकको प्रशासनलाई भ्रष्ट करार गराएर उनी तत्कालीन उप-राष्ट्रपति र अबका राष्ट्रपतिका प्रत्यासी बाइडेनलाई पाखा लगाउन चाहन्छन् ।

तर समस्या यहाँ के भएको छ भने ओबामा भ्रष्ट थिएनन् । त्यस्तो कुनै तथ्य छैन । अहिलेको प्रशासनको तुलनामा ओबामा प्रशासन त्यस्तो ठूलो काण्डमा पनि मुछिएन । यति हुँदाहुँदै पनि डोनाल्ड ट्रम्पले 'ओबामागेट' चिच्याउन छाडेका छैनन् । यो उनको सन् २०२० को चुनावी चाल हो । अब उनले आफूलाई रुचाउनुहोस् भनेर मतदातालाई फकाउन सक्नेछैनन्, त्यसैले अघिल्लो प्रशासनको खिल्ली उडाउँदै बाइडेनको प्रतिष्ठा घटाउनु नै उनका लागि एउटा विकल्प हो ।

*(जेलिजर सिएनएनका राजनीतिक विश्लेषक तथा प्रिस्टन युनिभर्सिटीका इतिहासका प्राध्यापक हुन्)*

*सिएनएनबाट*

प्रेरक प्रसंग

# मनोबलको जित

सन् १५३४ मा जन्मेका ओदा नोबुनागा जापानका प्रथम महान् एकीकरणकर्ता मानिन्छन् । उनले लामो समय तत्कालीन जापानी सेनाको नेतृत्व गरेर थुप्रै लडाइँ लडे । उनकै बहादुरीले गर्दा जापानको एकीकरण भएको मानिन्छ । उनी थोरै सैनिक र कम सैन्य संसाधनबाटै आफूभन्दा निकै शक्तिशाली सेनालाई हायलकायल पार्न समर्थ थिए । उनी आफ्ना बहादुर सैनिक साथीहरूको मनोबल बढाउन र उनीहरूलाई बहादुरीसाथ युद्धमा वीरता देखाउन उत्साहित गराउन निकै कुशल सैनिक कमान्डर थिए ।

एकपटक नोबुनागाले आफ्ना सैनिक योद्धाको मनोबल उकास्न फरक तरिका अपनाए । उनले आफ्ना सिपाहीलाई एक मन्दिरमा लगे । त्यहाँ उनले सबैलाई सम्बोधन गर्दै भने- मेरा बहादुर सिपाहीहरू हो ! मलाई थाहा छ, हामीसित भएको सैनिक शक्तिभन्दा शत्रु पक्षसित चार गुना बढी सैनिक शक्ति छ । तर, हामीसित पनि अदम्य साहस र उत्साह छ । सबैभन्दा ठूलो कुरा हामीसित भगवान्को साथ र आशीर्वाद छ । म यहाँ एउटा सिक्का हावामा उफार्छु । यसमा टाउको आयो भने हामीलाई भगवान्ले तिमीहरूको विजय सुनिश्चित छ भनेर आशीर्वाद दिएको मान्नेछौँ र पुच्छर आयो भने भगवान्ले तिमीहरूले जित्न सक्दैनौ भनेको मानेर युद्धभूमि छाडिदिनेछौँ । उनले सिक्का हावामा उफारे । टाउको आयो । फेरि दोस्रो र तेस्रोपटक उफार्दा पनि टाउको नै आएपछि सबै योद्धा जोसिला भए । सबै विजय, विजय, विजय भन्दै चिच्याए ।

युद्ध लडियो । युद्ध घमासान भयो । आखिरमा आफूभन्दा चारगुना बढी सैन्य दस्तालाई नोबुनागको सेनाले छिन्नभिन्न पारिदियो । शत्रुपक्षले हार स्विकाऱ्यो । नोबुनागाको टोली विजयीको दुन्दुभि बजाउँदै राजधानी फर्कियो । अभिनन्दन समारोहमा उनले सैनिकको भन्दा उनीहरूको मनोबललाई विजयको कारण बताए । अनि, उनले रहस्य खोल्दै त्यही सिक्का देखाए, जुन उनले मन्दिरमा उफारेका थिए । तर, सिक्काको दुवैतिर टाउको थियो । जसले गर्दा उनले जति उफारे पनि टाउको मात्र आएको थियो ।

## अझै थप प्रमाण आओस्

नयाँ पत्रिकाप्रति हार्दिक आभार ! कालापानी, लिम्पियाधुरा र लिपुलेकसम्बन्धी नेपालीको शिर उँचो गर्ने न्युज कभरेज यसरी नै निर्भीकतासाथ गर्दै जाओस् ।

● **तारा सुब्बा लिङ्दाङ्बा,** www.nayapatrikadaily.com बाट

सीमाविद् बुद्धिनारायण श्रेष्ठज्यूलाई सलाम ! तपाईंको यो मिहिनेतलाई नेपाली जनताले कहिल्यै भुल्नेछैनन् । हार्दिक धन्यवाद छ नयाँ पत्रिकालाई पनि । नयाँ पत्रिकामार्फत हामीले यो जान्न पायौँ । अन्य नेपाली सञ्चार माध्यम पनि यस्ता प्रमाण खोज्ने कार्यमा लाग्न प्रेरित होऊन् ।

● **राज उपाध्याय,** www.nayapatrikadaily.com बाट

मातृभूमिप्रतिको नयाँ पत्रिकाको सत्यतथ्यसहितको खोजमूलक सामग्री प्रकाशन र खोजकर्ता बुद्धिनारायण श्रेष्ठलगायत अभियन्तालाई धेरै-धेरै धन्यवाद !

● **हरिप्रसाद भुर्तेल,** www.nayapatrikadaily.com बाट

हतियार प्रदर्शन गर्दा शत्रुले शक्ति आकलन गर्न सक्छ । अर्को कुरा काली सिमाना हो भन्ने विवाद होइन, तिनले भन्ने र हामीले भन्ने कालीको मुहान फरक छ । अहिले तिनलाई हाम्रा प्रमाणको भेउ नदिऊँ, लुकाऊँ ।

● **रूपनारायण प्रधान,** www.nayapatrikadaily.com बाट

कालीपूर्व नेपाल भन्नेमा दुईमत छैन । तर, भारतले निक्कै तल नै नक्कली काली र काली मन्दिर पनि बनाएर त्यो ठाउँबाट कालीनदी सुरु भएको दाबी गरिरहेको छ । त्यसैले, नेपालले कालीको शिर लिम्पियाधुरा नै हो भनेर प्रमाण दिनुपर्छ । भारतले सजिलै हाम्रो जमिन फिर्ता दिँदैन । उसमा इगो समस्या छ । नेपालजस्तो सानो देशले भूमि फिर्ता लियो भने पछि चीन र पाकिस्तानसँग पनि झुक्न उसलाई कर लाग्छ, त्यसैले हेप्न खोजेको हामीलाई ।

● **विवेक भट्टराई,** www.nayapatrikadaily.com बाट

धन्यवाद छ, बुद्धिनारायण श्रेष्ठज्यूलाई । मेरो एउटा मात्र सुझाब छ, त्यो गाउँको नाम 'कुती' हो, प्रख्यात नेपाली उखान 'काशी जाने कुतीको बाटो'सँग सम्बन्धित । त्यसैले, यसलाई अंग्रेजीकरण कुटी नभनम् ।

● **लालबहादुर नेपाली,** *नयाँ पत्रिका फेसबुकबाट*

प्रमाण नेपालसँग भएको भारतलाई थाहा नभएको होइन । यो उसको जबर्जस्ती हो ।

● **श्रीकृष्ण पन्थी,** *नयाँ पत्रिका फेसबुकबाट*

देशका नेताहरू अहिले नसुध्रिए कहिले सुध्रिन्छन् ? नेपालको अस्तित्व नै खतरामा पार्ने एमसिसी सधैँका लागि खारेज गरेर गुमेको भूमि फिर्तासहित विशाल नेपाल कायम गरेमा युगौँयुग सम्झिनेछ र इतिहासमा स्वर्णाक्षरले नाम लेखिनेछ ।

● **सत्यराम कसिछ्वा,** *नयाँ पत्रिका फेसबुकबाट*

बुद्धिनारायण श्रेष्ठको काम र योगदानको सम्मान गर्दै नेपाली भूमिबाटै कालापानी हुँदै लिम्पियाधुरासम्म सडक बनाई त्यसको नाम बुद्धिनारायण मार्ग राख्नुपर्छ ।

● **ज्ञानेन्द्र रिमाल,** *नयाँ पत्रिका फेसबुकबाट*

खोजमूलक र निरन्तर फलोअपसहितका समाचार नयाँ पत्रिकाको सुगन्ध हो । मिडिया हाउसको समाचारप्रति जनताको विश्वसनीयता घटिरहँदा नयाँ पत्रिकाले भने पाठकहरूमा विश्वासको वातावरण सिर्जना गरिरहेछ ।

● **वर्षा लुइँटेल,** *नयाँ पत्रिका फेसबुकबाट*

टिप्पणी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrika.com
nayapatrikaofficial
@naya_patrika

## सुरक्षाकर्मी राख्ने नेताहरूले ध्यान दिऊन्

विगतमा हामी लामो समयसम्म राजनीतिक द्वन्द्वबाट गुज्रियौँ । या लामो संक्रमणकालीन राजनीतिमा देशले अनेकथरीका शासक झेल्यो । आज तिनै अनेकथरीका शासन व्यवस्था र शासकको व्यवस्थापन गर्न हामी नेपाली जनता र हाम्रो राज्य संयन्त्र अभिशप्त भइरहेको छ । जसले गर्दा जनताले खाई-नखाई राज्यलाई तिरेको कर आज विगतका अनेक नामका शासकको सुरक्षामा खर्चिनुपरिरहेको छ ।

नयाँ पत्रिकाले ०७७ वैशाख ३१ र जेठ १२ मा विगतमा राष्ट्रका विभिन्न पदमा पुगेका नेताहरूले राज्यको खर्चमा सुरक्षाकर्मी राखिरहेको समाचार पढ्न पाइयो । यसमा हामी जनताका तर्फबाट सम्बन्धित नेता र राज्यलाई निम्नानुसारको सुझाब छ । नेताहरूले आफूलाई जनताका सेवक ठान्छन् र जनताकै सेवा गर्छन् भने उनीहरूले कसैसित डराउनुपर्दैन । फेरि सुरक्षाकर्मीलाई अघिपछि राखेर साइरन बजाउँदै दौडिँदा तपाईंहरूलाई हामी जनताले सम्मान गर्ने होइन । हामीले सम्मान गर्न त तपाईंहरूले हामी जनताले जस्तै सार्वजनिक यातायातमा विनासुरक्षाकर्मी यात्रा गर्न सक्नुपर्छ । त्यति गर्न सक्नुभयो भने तपाईंहरूको सुरक्षा हामी जनताले नै गर्छौं । त्यसैले विगतमा को कुन पदमा पुगेको थियो भन्ने हिसाबकिताब नराखी खुरुक्क आफ्नो सुरक्षामा खटिएका सुरक्षाकर्मी तत्काल फिर्ता गरिहाल्नुहोस् । राष्ट्रको सुरक्षाकर्मीको होइन, जनताको सुरक्षा छातामा विश्वास गर्नुहोस् । तपाईंको राजनीतिक बाटो अझ सहज हुनेछ । नभए फेरि चुनाव आउँछ । त्यतिवेला जुनसुकै पार्टीको बाटोबाट आए पनि जनताको विश्वास जित्न कठिन होला, ख्याल गर्नुहोला ।

● **हेमकुमार थापा,** *सूर्यविनायक-१, सिरुटार, भक्तपुर*

# सुर्तीजन्य वस्तुमा कर किन बढाउने ?

## सुर्तीजन्य पदार्थमा लगाइएको २६ प्रतिशत कर कपडा र प्रशोधित खाद्यान्नमा लाग्नेभन्दा कम हो, यो नैतिक दृष्टिकोणले नीतिगत भ्रष्टाचार हो



बहस

• केपी पाण्डे

सरकारलाई आवश्यक आम्दानी जुटाउने, सामाजिक तथा आर्थिक न्याय स्थापना गर्ने, समष्टिगत आर्थिक स्थायित्वजस्ता मुख्य उद्देश्य करबाट परिपूर्ति गरिन्छ। यसका लागि राज्यका मुख्य आधारस्तम्भमा निजी क्षेत्रको लगानी प्रोत्साहन गर्न न्यून दरको कर लगाइन्छ भने सामाजिक तथा आर्थिक समानता तथा न्यायका लागि करलाई महत्त्वपूर्ण औजारका रूपमा प्रयोग गरिन्छ। उदाहरणका लागि मदिराजन्य तथा सुर्तीजन्य वस्तुमा संसारभर 'सिन कर' (पाप कर) लगाइन्छ। मदिराजन्य तथा सुर्तीजन्य वस्तुमा बढी कर लगाउने व्यवस्था खुला बजार अर्थतन्त्र, उपभोक्ताको रोजाइको विपक्षमा भएको तर्कसमेत नगरिने होइन, तर स्वास्थ्य क्षेत्रमा राज्यले गर्ने खर्च र संकलन गर्ने राजस्वका विषयले महत्त्व पाएका हुन्छन्। यसकै कारण विश्वका अधिकांश मुलुकले सुर्तीजन्य पदार्थको प्रयोग घटाउन विश्व स्वास्थ्य संगठन र संयुक्त राष्ट्रसंघमा प्रतिबद्धता जाहेर गरेका छन्।

औचित्यहीन उत्पादनलाई निरुत्साहित गर्न कर तथा गैरकरमार्फत निरुत्साहित गर्न सक्ने, बन्देज गर्न सक्ने वा उत्पादन तथा आयातमा रोक लगाउन सक्ने अधिकार रहेको छ। साथै, यी वस्तु बहुपक्षीय तथा दुईपक्षीय अधिकांश सम्झौतामा नकारात्मक सूचीमा हुने भएकाले आयात तथा स्थानीय उत्पादनमा कर तथा गैरकरका उपायबाट निरुत्साहित गर्न पाइने अधिकार हुन्छ।


नकारात्मक सूचीमा रहेका वस्तुको प्रयोगमा न्यून आय भएका व्यक्तिको खर्च धनी व्यक्तिको तुलनामा बढी हुने भएकाले यी व्यक्तिको स्वास्थ्यको ख्याल गर्नु राज्यको कर्तव्य हुन्छ। न्यून आय भएका व्यक्तिले यस क्षेत्रमा खर्च गर्दा अन्य आधारभूत आवश्यकताका वस्तुका लागि आम्दानी नहुने भएकाले तिनलाई बाध्यतावश छोड्ने वातावरण बनाउनुपर्छ तथा नयाँ प्रयोगकर्तालाई निरुत्साहित गर्नुपर्छ। मदिराजन्य तथा सुर्तीजन्य वस्तु अधिकांश जटिल रोगको मूल कारण भएकाले राज्यले स्वास्थ्यमा लगानी बढाउनुपर्ने हुन्छ। यस्ता खर्च घटाउनसमेत संसारभर प्रचलित कर बढाउने प्रचलन नै एक सहज उपाय हो। सुर्तीजन्य पदार्थका कारण हुने आर्थिक लागत अस्ट्रेलियामा ३.४ प्रतिशत, क्यानडाको २.२, अमेरिकाको १.२ प्रतिशत छ। यो लागत विकासशील देशको झन्डै तीन गुणा बढी रहेको अनुमान छ।

सुर्तीजन्य पदार्थको उत्पादन तथा उपयोगमा नीतिनिर्माता स्पष्ट हुनुपर्दछ। सुर्तीजन्य पदार्थ बढी प्रयोग गर्ने अम्मली न्यून आय भएका मुलुकका पनि न्यून आय भएका नागरिक बढी छन्। जसका कारण एकातिर स्वास्थ्य अवस्था बिग्रने, अन्य आधारभूत उपभोगका लागि आम्दानी नहुने समस्या छ। हाम्रो जस्तो मुलुकमा न्यून आय भएकाको स्वास्थ्य उपचारमा पहुँच कम हुने भएकाले अकालमा मर्नुपर्ने बाध्यता हुन्छ।

विश्व स्वास्थ्य संगठनको प्रतिवेदनले प्रत्येक वर्ष ७० लाख व्यक्तिको मृत्यु सुर्तीजन्य पदार्थको सेवनबाट हुने गरेको देखाउँछ। प्रत्येक ६ सेकेन्डमा एकजना व्यक्तिको मृत्यु सुर्तीजन्य पदार्थको कारणबाट हुने गर्छ। सन् २०३० सम्ममा विश्वमा यसको मृत्युदर ८० लाख पुग्ने अनुमान विश्व स्वास्थ्य संगठनले गरेको छ। त्यसमा ८० प्रतिशत न्यून आय भएका तथा विकासशील देशमा हुनेछन्।

उक्त प्रतिवेदनले सुर्तीजन्य वस्तुको प्रयोग घटाउने तथा राजस्व बढाउने सबैभन्दा सजिलो उपायको रूपमा करको दर वृद्धि नै मानेको छ। विश्वका कतिपय मुलुकमा करको दर उच्च (९० प्रतिशत) रहेको छ। विश्व स्वास्थ्य संगठनले सुर्तीजन्य पदार्थमा खुद्रा मूल्यको न्यूनतम ७५ प्रतिशत कर हुनुपर्ने निर्णय नै गरेको छ, अर्थात् एउटा चुरोटको खुद्रा मूल्य एक रुपैयाँ छ भने त्यसमा ७५ पैसा कर समावेश भएको हुनुपर्छ। सोही निर्णय पछ्याउँदै विश्वका अधिकांश विकसित मुलुकले सुर्तीजन्य पदार्थको कारोबार नियन्त्रण गरेका छन्। बढी सुर्तीजन्य पदार्थ प्रयोग गर्ने चीन, थाइल्यान्ड, फिलिपिन्स, ब्राजिल, फ्रान्स आदिमा शतप्रतिशत राजस्व बढाउँदा ५० प्रतिशतसम्म उपभोक्ता घट्न गएको देखिन्छ।

**छिमेकी मुलुकको अनुभव तथा तयारी :** भारत, बंगलादेश, नेपाललगायतका मुलुकमा मात्र चुरोटबाहेक अन्य सुर्तीजन्य पदार्थको प्रयोग गरिन्छ। चीनले कर वृद्धिको औजार प्रयोग गरेकाले अब भारत नै सबैभन्दा बढी सुर्तीजन्य पदार्थ प्रयोग गर्ने मुलुक हुनेछ। चीनले सुर्तीजन्य वस्तुमा विश्व स्वास्थ्य संगठनको मापदण्डबमोजिम करको दर वृद्धि २०१५ पछि मात्र गरेको हो। यसले छिटो




न्यून आय भएका व्यक्तिले नकारात्मक सूचीमा रहेका वस्तुको प्रयोगमा खर्च गर्दा अन्य आधारभूत आवश्यकताका वस्तुका लागि आम्दानी नहुने भएकाले तिनलाई बाध्यतावश छोड्ने वातावरण बनाउनुपर्छ, तथा नयाँ प्रयोगकर्तालाई निरुत्साहित गर्नुपर्छ

परिणाम दिएको छ। हाल चुरोट खाने ३२ करोड जनसंख्याबाट ६५ लाख व्यक्ति घटेका छन्। यसले गर्दा संसारभरकै सुर्तीजन्य पदार्थ प्रयोगकर्ताको संख्या घटेको छ। चीनले स्वास्थ्य क्षेत्रमा गरेको खर्च ४.७ प्रतिशतले घट्न गएको छ।

त्यस्तै, करको दरमा परिवर्तन गरी बंगलादेशले गरेको सुधार उदाहरणीय छ। त्यहाँ ६० लाख व्यक्तिलाई सुर्तीजन्य वस्तुको लतबाट निकाल्ने तथा सुर्तीजन्य वस्तुको उपभोगबाट हुने मृत्युलाई २० लाखले कम गर्ने लक्ष्यका साथ योजना कार्यान्वयन गर्ने तयारी छ। बंगलादेशले सुरुमा प्रिमियम चुरोटमा मात्र कर बढाएका कारण उपभोक्ता सस्तो चुरोटतिर आकर्षित भएपछि अहिले सबै सुर्तीजन्य वस्तुमा करको दर ८१ प्रतिशतदेखि ८६ प्रतिशतसम्म प्रस्ताव गरिएको छ। यसबाट बंगलादेश सरकारले स्वास्थ्य क्षेत्रको बजेटमा निकै कम लगानी गरे पुग्ने अनुमान गरिएको छ। यस प्रस्तावबाट बंगलादेश सरकारको राजस्वसमेत बढ्न जानेछ। सुर्तीजन्य वस्तु बढी सेवन गर्ने विश्वको दोस्रो देश भारतमा विश्वका कुल सेवनकर्तामध्ये १० प्रतिशत बसोवास गर्छन्। सेवनकर्तामा पनि ८५ प्रतिशतले बिडी सेवन गर्छन्। यसले मानिसको आयु १० वर्षसम्म घट्ने गर्छ। भारतमा सुर्तीजन्य वस्तुबाट उत्पन्न हुने रोगका लागि करिब पाँच अर्ब रुपैयाँ प्रत्येक वर्ष खर्च हुने गर्छ। १० प्रतिशत कर बढाएमा ९.५ प्रतिशत प्रयोगकर्ता कम हुने अनुमान गरिएको छ। हाल नौ प्रतिशत कर लगाइएको बिडीमा ४० प्रतिशत कायम गर्नुपर्ने विश्व स्वास्थ्य संगठनले सुझाब दिएको छ। चुरोटमा चाहिँ ३८ प्रतिशतबाट ७८ प्रतिशत बनाउनुपर्ने सुझाब दिइएको छ। यसबाट एक खर्ब ८४ अर्ब रुपैयाँ राजस्व बढ्ने अनुमान छ भने एक करोड ८० लाख व्यक्ति अकालमा मृत्यु हुनबाट जोगिनेछन्।

**नेपालको विद्यमान अवस्था :** केन्द्रीय तथ्यांक विभागले प्रकाशित गरेको तथ्यांकले सुर्तीजन्य वस्तुका लागि नेपालमा ४१ अर्ब रुपैयाँभन्दा बढी खर्च हुने देखाएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार नौ प्रतिशत जनसंख्या अर्थात् झन्डै २७ लाखजनाले सुर्तीजन्य पदार्थ प्रयोग गर्छन्। आर्थिक वर्ष ०७५/७६ मा सुर्तीजन्य वस्तुको कारोबारमा करको प्रभावकारी दर २८ प्रतिशत मात्र छ। हाल लाग्ने प्रभावकारी करको दरमा सन् २००८ पछि बढ्न नसकेको विश्व स्वास्थ्य संगठनले जनाएको छ। भन्सार विभागको तथ्यांकअनुसार ०७४/७५ मा कुल तीन अर्ब १० करोड रुपैयाँमा आयातबाट जम्मा दुई अर्ब २४ करोड रुपैयाँ राजस्व संकलन भएको छ। साथै, आन्तरिक सुर्तीजन्य पदार्थको कारोबारमार्फत १४ अर्ब रुपैयाँ संकलन भयो। राजस्व संकलनलाई आधार लिँदा वार्षिक ७० अर्ब रुपैयाँको कारोबार हुने अनुमान गरिएको छ। अन्य क्षेत्रमा जस्तै अनौपचारिक क्षेत्र तथा अनधिकृत क्षेत्रको कारोबार करिब ५० प्रतिशत जोड्दा नेपालमा वार्षिक एक खर्ब रुपैयाँभन्दा बढी सुर्तीजन्य वस्तुको खरिदमा खर्च हुने देखिएको छ। यो नेपालमा सबैभन्दा बढी बिक्री हुने प्रिमियम चुरोट 'सूर्य'मा लाग्ने प्रभावकारी करको दरका आधारमा अनुमान गरिएको हो। अन्य सुर्तीजन्य पदार्थमा लाग्ने कर निकै न्यून छ। चुरोट उत्पादन तथा बजार हिस्सामा सूर्य नेपाल प्राइभेट लिमिटेडको झन्डै ८० प्रतिशत बजार हिस्सा रहेको छ।

सुर्तीजन्य पदार्थमा कर बढाउँदा जनस्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने, गरिबी कम हुने तथा सरकारले स्वास्थ्य क्षेत्रमा गर्ने लगानीमा कमी आउने त छँदै छ, थप राजस्वबाट करिब ३५ अर्ब रुपैयाँ खुद आम्दानी हुने अपेक्षा गर्न सकिन्छ

**अब के गर्ने ? :** सुर्तीजन्य पदार्थमा फरक-फरक पद्धतिमा कर लगाउने अभ्यास छ। नेपाल तथा भारतसहित धेरै मुलुकमा परिमाणका आधारमा कर लगाइन्छ। पछिल्ला दिनमा परिमाणगत र मूल्यगत दुवै आधारमा समेत लगाइने अभ्यास सुरु भएको छ। यो विधिले समानता तथा प्रगतिशील दुवै सिद्धान्तलाई अपनाउन सकेको छ। सबै सुर्तीजन्य पदार्थमा परिमाणगत कर लगाउने र प्रिमियम वस्तु धनीले प्रयोग गर्ने भएकाले परिमाणगत साथै मूल्यगत रूपमा समेत लगाइन्छ।

नेपालमा मूल्य अभिवृद्धि करबाहेक परिमाणगत रूपमा कर लाग्ने गर्छ। यो व्यवस्था प्रशासनिक दृष्टिकोणले सरल हो। हालको यो पद्धति संसारभर उपयुक्त नै मानिएको छ। तर, करको दरमा झन्डै दुई सय प्रतिशत बढाई विश्व स्वास्थ्य संगठनको सुझाबबमोजिम कम्तीमा मूल्यको ७५ प्रतिशत सबै वस्तुमा लाग्ने हुनुपर्छ। साथै, प्रत्येक वर्ष मूल्यस्फीतिअनुसार समायोजन गर्दै जानुपर्दछ।

हाम्रोमा सुर्तीजन्य पदार्थमा किसिमअनुसार फरक-फरक दरको कर लाग्ने गरेको छ। यो व्यवस्था प्रगतिशील देखिए पनि जनस्वास्थ्य तथा समानताका दृष्टिकोणले उपयुक्त छैन। यसको प्रभावकारितासमेत नभएको बंगलादेशको अनुभवले समेत देखाएको छ। यसले जनस्वास्थ्य सुधारको हाम्रो उद्देश्य पूरा हुन सक्दैन। त्यसकारण सबै सुर्तीजन्य पदार्थमा खुद्रा मूल्यको ७५ प्रतिशत कर लाग्ने हुनुपर्दछ। प्रिमियम मूल्यको वस्तुमा प्रगतिशील करको आवधारणाबमोजिम मूल्यगत आधारमा थप कर लगाउनुपर्छ।

करको दर बढाउँदा कर छल्न सक्ने सम्भावना बढी हुने तर्क विभिन्न क्षेत्रबाट आउने गर्छ। विद्यमान अवस्थामा उत्पादन विदेशी मुलुकको भए पनि नेपाली भाषामा उल्लेख गरिएको तथा नेपाली स्टिकर लगाएको चुरोटसमेत आयात हुने देखिएको छ। यसलाई नियन्त्रण गर्न उपाय अपनाउन सकिन्छ। चुरोट उत्पादनमा हाल सीमित उद्योगले मात्र उत्पादन गरिरहेकाले वितरणमा सरकारले सहजै नियन्त्रण गर्न सक्छ। चुरोटबाहेक अन्य वस्तुमा साना तथा गैरब्रान्ड वस्तुको उत्पादन बन्द गर्ने र निश्चित उद्योगलाई मात्र उत्पादन गर्न दिने व्यवस्था हुनुपर्छ। नेपालमा सुर्तीजन्य पदार्थमा जम्मा २६ प्रतिशत कर लाग्ने गरेको छ। यो आधारभूत खाद्यान्नमा लाग्ने करको दरभन्दा एक तह उच्च भए पनि सर्वसाधारणले प्रयोग गर्ने कपडा, प्रशोधन गरिएको खाद्यान्नजस्ता वस्तुमा लाग्ने करभन्दा पनि कम हो। यसले नीतिनिर्माताको विवेकहीनता उजागर गर्छ। सुर्तीजन्य पदार्थमा हाल कायम कर नैतिक दृष्टिकोणले नीतिगत भ्रष्टाचार हो।

यस व्यवस्थालाई सुधार गरी विश्व स्वास्थ्य संगठनको मापदण्डलाई नै पछ्याउनुपर्छ। यसबाट सुर्तीजन्य पदार्थबाट मात्र झन्डै आन्तरिक उत्पादनमा ३२ अर्ब रुपैयाँ र आयातमा थप तीन अर्ब रुपैयाँ बढी राजस्व संकलन गर्न सकिन्छ। राजस्व दर बढाउँदा केही प्रयोगकर्ता घट्न गएमा एकातिर दिगो विकास लक्ष्य गरिबी निवारण गर्ने मुलभूत उद्देश्य परिपूर्ति गर्न सकिन्छ। साथै, नेपाल पक्ष राष्ट्र भएको दिगो विकासको लक्ष्य सन् २०३० सम्म नसर्ने रोगलाई एकतिहाइले कम गर्ने लक्ष्य छुन सकिन्छ।

सुर्तीजन्य पदार्थको प्रयोगमा कमी आई अनुमानित राजस्वमा केही कमी भए पनि कर बढाउँदा जनस्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने, गरिबीमा कमी हुने तथा सरकारले स्वास्थ्य क्षेत्रमा गर्ने लगानीमा कमी आउने त छँदै छ, थप राजस्वबाट करिब ३५ अर्ब रुपैयाँ खुद आम्दानी हुने अपेक्षा गर्न सकिन्छ। यसबाट नेपालको संविधानले मौलिक हकको रूपमा स्थापित गरेको अधिकार प्राप्त हुने तथा नीतिनिर्माता जनकल्याणकारी राज्य स्थापना गर्न अभिप्रेरित भएको सन्देश जानेछ।

*(लेखक त्रिविमा कर र अन्तर्राष्ट्रिय व्यापार अध्यापन गर्छन्)*

# ऊर्जा क्षेत्रमा कालो बादल



• रामराज शर्मा

दीर्घकालीन सोचका साथ काम नगरेपछि ऊर्जा क्षेत्रमा संकट आउनु निश्चित थियो नै, लकडाउन, भारतसँग सीमा विवाद, रूपैयाँको अवमूल्यन र अमेरिकी अनुदान एमसिसीमाथिको राजनीतिकरणले गर्दा संकट दैलोमै आइसकेको छ। लकडाउनले गर्दा संसारभरि नै ऊर्जा उपभोगमा फेरबदल भइरहेको छ। इटालीमा २५ प्रतिशत, फ्रान्समा २० प्रतिशत, बेलायतमा १२ प्रतिशत र भारतमा ३३ प्रतिशतसम्म ऊर्जा उपभोगमा कमी आएको छ। नेपालमा पनि 'पिक आवर' मा ३५ प्रतिशतसम्म माग घटेको छ। अर्थात्, सामान्य अवस्थामा अहिलेको समयमा १२ सय ५० देखि १३ सय मेगावाट बिजुली आवश्यक पर्थ्यो भने यतिवेला ९ सय ३० मेगावाट हाराहारीको माग छ। 'अफ पिक समय' (राति)मा चार सय ५० मेगावाट र दिउँसो ६ सय ६० मेगावाटको हाराहारीमा विद्युत् माग भइरहेको अहिलेको अवस्थामा विद्युत् उत्पादन क्षमता भने बढ्दै गइरहेको छ। नयाँ आयोजना सम्पन्न हुँदै छन् भने वर्षात्का कारण सबैजसो आयोजना अब पूर्ण क्षमतामा सञ्चालन हुनेछन्।

विकसित देश र हाम्रो विद्युत् उत्पादनको अवस्था नितान्त फरक छ। कोइला, ग्यास, डिजेल र आणविक प्लान्ट ऊर्जाको प्रमुख स्रोत हुँदै जलविद्युत्, सौर्य, वायु र अन्य नवीकरणीय ऊर्जा सहयोगीका रूपमा हुन्छन्। हाम्रोमा मुख्य स्रोत नै जलविद्युत् हो, त्यो पनि सबैजसो (कुलेखानीबाहेक) नदीको बहावमा आधारित भएकाले उत्पादन हुने सबै बिजुली प्रयोग गर्नुपर्छ। उत्पादित बिजुली प्रयोग हुन नसक्दा अर्बौं घाटा हुन्छ भने पानी सञ्चित गरेर राख्न पनि सकिन्न।

**नीति तथा कार्यक्रम :** सरकारको नीति तथा कार्यक्रममा जे गर्ने भनिएको छ, ती सबै सम्भव छन्। अबको आर्थिक वर्षमा विद्युत् उत्पादन तीन हजार मेगावाट पुर्‍याउन गाह्रो छैन, तर लक्ष्य प्राप्तिका लागि निजी क्षेत्रलाई थप सघाउन आवश्यक छ। एक वर्षमै प्रतिव्यक्ति ऊर्जा खपत दुई सय ६० बाट तीन सय ५० किलोवाट प्रतिघन्टा पुर्‍याउन मुस्किल छ। दूधकोसी, तमोर र माडीलगायत आयोजना सुरु गर्न सकियो भने केही उपलब्धि हुनेछ। तर, भनेजस्तै निर्माणमै जान सकिएला जस्तो लाग्दैन। भारतसँग अन्तरदेशीय प्रसारण लाइन र भारत तथा बंगलादेशसँग विद्युत् व्यापारलाई प्राथमिकता दिने कुरा त आयो, तर प्रगति हेर्दा ढुक्क हुने अवस्था छैन। यसैले नयाँ आयोजना निर्माणमा ब्रेक लाग्न सक्छ। साना र मझौला जलविद्युत् आयोजना विविधि कारणले गर्दा संकटग्रस्त छन्। तिनको आवश्यकता नीति तथा कार्यक्रमले सम्बोधन गरेन। विद्युत् खपत हुन नसकेर खेर गइरहेका वेलामा विद्युतीय गाडीको चार्जिङ स्टेसन बनाउनेबाहेक नीति तथा कार्यक्रममा विद्युत् खपत बढाउने खासै कार्यक्रम छैनन्।

**आर्थिक संकट :** विद्युत् प्राधिकरण बिजुलीको एक्लो खरिददार हो। केही आयोजनाले सीधै भारत र बंगलादेशमा बिजुली निर्यात गर्ने उद्देश्यसहित आयोजना निर्माण गर्ने सोच बनाए पनि कार्यान्वयन कठिन छ। माथिल्लो कर्णाली आयोजना ओगटेर बसेको 'जिएमआर'ले प्रयास भने जारी राखेको छ। प्राधिकरणले लगभग ६ हजार मेगावाट विद्युत् खरिद सम्झौता (पिपिए) गरिसकेको छ। अहिले नै एक सय ६५ मेगावाटजति डलरमा पिपिए गरिएका आयोजना सञ्चालनमा छन्। डलर पिपिएका अन्य आयोजना (२१६ मेगावाटको त्रिशूलीलगायत) निर्माणाधीन छन्। केही 'टेक अर पे' पिपिएका आयोजना छन्। 'टेक अर पे'अन्तर्गतका आयोजनाको बिजुली प्राधिकरणले नलिए पनि पैसा तिर्नैपर्ने हुन्छ। अन्य आयोजनाबाट उत्पादित बिजुली पनि नलिन गाह्रो छ। अबको वर्षात्मा मुलुकमै १२ सय ५० मेगावाटभन्दा बढी बिजुली अविच्छिन्न उत्पादन हुने अवस्था छ। यसैले औसतमा ६ सय मेगावाट बिजुली खेर जाने अवस्था आउँदै छ। यस्तो हुँदा प्राधिकरणले दैनिक ७० करोड रुपैयाँ क्षति बेहोर्नुपर्ने हुन्छ। रुपैयाँको अवमूल्यन भएका कारण डलरमा पिपिए भएका आयोजनालाई पैसा तिर्दा थप एक अर्बजति घाटा हुने सम्भावना छ।

**ऊर्जा निर्यात :** हामीसँग जलाशययुक्त आयोजना नभएकाले पानी सञ्चित गर्न सकिन्न। उत्पादित बिजुली खपत नहुँदा निर्यात नै एक मात्र विकल्प हो। निर्यात गर्न भारतीय बजारको विकल्प छैन। हाम्रो प्रसारण लाइन जोडिएको उत्तर प्रदेश र बिहारमा कोइलाबाट उत्पादित बिजुली प्रयोग हुन्छ। कोइला र डिजेलबाट उत्पादित बिजुली महँगो मात्र होइन, वातावरणप्रतिकूलसमेत छ। यस्तो अवस्थामा हामीले उब्रिएको बिजुली भारत निर्यात गर्न सक्नुपर्ने हो, भारतले पनि हरित ऊर्जा सजिलै किन्नुपर्ने हो। तर, हाम्रो बिजुली भारतले किन्ने सम्भावना न्यून छ, यो वर्षात्मा त छँदै छैन। नेपाल-भारतबीच ऊर्जा खरिद सम्झौता हुन किन सकेन ? सहमति भइसकेको ऊर्जा बैंकिङ किन कार्यान्वयनमा आएको छैन ? हाम्रो नेतृत्व किन यति निम्छरो ? प्रश्न सोचनीय छन्। बंगलादेशमा बिजुली निर्यात गर्न पनि भारतीय भूमिमा निर्माण गरिएका संरचना प्रयोग गर्नुपर्ने हुनाले त्यो झन् कठिन छ। हाम्रो बिजुली त्यसै खेर जाने निश्चित छ। अनि, प्राधिकरण संकटग्रस्त हुने झनै निश्चित छ। सीमा विवाद बल्झिएको यो वेला हामीले भारतसँग ऊर्जा किनिदेऊ भन्दा लिम्पियाधुरा-कालापानी सीमा विवादको विषय उठ्ने पक्का छ। फेरि, बाध्यतामा बिजुली बेच्नुपर्दा उसले निकै सस्तोमा खरिद प्रस्ताव गर्ने सम्भावना हुन्छ। भइरहेका प्रसारण लाइन पर्याप्त बिजुली निर्यात गर्न सक्षम छैनन्।

अबको वर्षात्मा १२ सय ५० मेगावाटभन्दा बढी बिजुली अविच्छिन्न उत्पादन हुँदा औसतमा ६ सय मेगावाट खेर जान्छ र प्राधिकरणले दैनिक ७० करोड क्षति बेहोर्नुपर्छ

**वैदेशिक लगानी :** १० वर्षमा १५ हजार मेगावाट उत्पादन गर्ने भन्दै वैदेशिक लगानी भित्र्याउन तामझामसाथ लगानी सम्मेलन त गरियो, तर हात लाग्यो शून्य। जलविद्युत् आयोजनामा प्रत्यक्ष वैदेशिक लगानी आएन। निर्माणको चरणमा जानै लागेका नर्वेजियन कम्पनी स्ट्याटक्राफ्टले ६ सय ५० मेगावाटको तामाकोसी-३ र अस्ट्रेलियाको स्मेकले पश्चिम सेतीबाट बाहिरिनुको मुख्य कारण बजारको अनिश्चितता हो। बिजुली बेच्ने बजार भएन भने आयोजनामा लगानी किन गर्ने र कसले गर्ने ? अहिले एमसिसीको राजनीतीकरण चुलिएको छ। भारतमा बिजुली निर्यात गर्ने हेतुसाथ प्रस्ताव गरिएको लप्सीफेदी-हेटौंडा र लप्सीफेदी-रातामाटे-दमौली-बुटवल-गोरखपुर चार सय ४० केभीको डबल सर्किट प्रसारणलाइन निर्माण गरिएन भने थप अन्योल आउनेछ। लगानीका लागि कम्तीमा भारतले बिजुली किनिदिने सुनिश्चितता र बिजुली पुर्‍याउने प्रसारण लाइन जरुरी छ।

**केही उपाय :** हाम्रो सबैभन्दा ठूलो गल्ती समयमै जलाशययुक्त आयोजना निर्माण गर्न नसक्नु हो। अहिले कुल उत्पादनको ३५-४० प्रतिशत बिजुली त्यस्ता आयोजनाको हुन्थ्यो भने समस्या आउने थिएन। भारतसँग आवश्यक सम्झौता र सहमति गर्न नसक्नु अर्को कमजोरी रह्यो। अब देशभित्रै अधिकतम ऊर्जा खपतका कार्यक्रम नल्याई सुखै छैन। पिक र अफ पिक समयको बिजुलीको रेट फरक-फरक राख्दै तुरुन्तै मिटरिङ प्रणालीमा परिवर्तन ल्याउनैपर्छ। अहिलेको सबैभन्दा सजिलो र छिटो उपाय भनेकै यही हो। दीर्घकालका लागि भारत निर्यात गर्न राजनीतिक तहबाट छलफल चलाउन आवश्यक छ। अन्तरदेशीय प्रसारण लाइन निर्माण रोक्नैहुन्न, सकिन्छ भने चीन जोड्ने भनिएको लाइन पनि सुरु गर्नुपर्छ। विद्युतीय सवारीसाधनमा पूर्ण भन्सार छुट मात्र होइन, अनुदानसमेत दिनुपर्छ। कोरोनाका कारण चीन छाड्न लागेका भनिएका लगानीकर्तालाई यहाँ आकर्षित गर्ने कार्यक्रम ल्याउनुपर्छ। ठूला उद्योग खुल्नु बिजुलीको खपत बढ्नु हो। बिजुली आपूर्ति भरपर्दो नहुँदा खाना पकाउने ग्यासको प्रयोग कम गर्न सकिएको छैन। भरपर्दो आपूर्तिका लागि वितरण लाइन र ट्रन्सफर्मर सुधार आवश्यक छ।

@er_rrsharma

# न्युयोर्क टाइम्सले पहिलो पृष्ठमा यसरी छापेको थियो हजार मृतकको नाम

"via **The New York Times**"
**नयाँ पत्रिका र द न्युयोर्क टाइम्सको सहकार्य**



• जोन ग्रिप
ग्रिप न्युयोर्क टाइम्सका न्युज डिजाइनर हुन्।

न्युयोर्क टाइम्सका पहिलो पृष्ठमा सामान्यतया लेख, फोटो वा ग्राफिक्स छापिने गर्छ। तर, २४ मे (आइतबार) प्रकाशित न्युयोर्क टाइम्सको पहिलो पृष्ठमा कोरोना भाइरसका कारण बितेका मानिसको लामो हृदयविदारक सूची छापिएको थियो।

अमेरिकामा कोभिड-१९ बाट मर्नेको संख्या एक लाखनजिक पुग्दा न्युयोर्क टाइम्सका सम्पादकले यो भयावह बिन्दुलाई लिपिबद्ध गर्ने योजना बनाएका थिए।

पत्रिकाको ग्राफिक्स डेस्कका सह-सम्पादक सिमोन ल्यान्डन मृतकको विविधता र तिनको विकराल संख्या एकैपटक प्रस्तुत गर्न चाहन्थिन्।

न्युयोर्क टाइम्स पत्रिकाका विभिन्न विभागले महिनौँदेखि कोरोना भाइरस महाव्याधिबारे लेखिरहेका थिए। तर, ल्यान्डन र उनकी सहकर्मीहरूले के महसुस गरे भने यी तथ्यांकको भारीले मिडियाकर्मी तथा सम्भवतः आमपाठक केही न केही वाक्क भइसकेका छन्। 'मृतकको संख्या एक लाख पुगेको सन्दर्भमा हामी त्यो संख्याको विकरालता व्यक्त गर्ने विधि खोजिरहेका थियौँ,' ल्यान्डनले बताइन्।

एक पृष्ठमा एक लाखवटा थोप्लो वा धर्सो राख्दा मर्ने मानिस को हुन्, तिनको जीवनशैली कस्तो थियो र देशले के गुमायो भन्ने केही थाहा नहुने निष्कर्ष निकालेर त्यस विधिलाई नपछ्याउने ल्यान्डनले निर्णय गरेकी थिइन्। त्यही क्रममा उनको दिमागमा अमेरिकाका सबै स्थानबाट प्रकाशित हुने साना-ठूला पत्रिकामा छापिएका श्रद्धाञ्जली र डेथ नोटिस (मृत्युको सूचना) संकलन गर्ने र त्यहाँ मृतकबारे लेखिएका उल्लेखनीय भनाइ टिप्ने विचार आयो।

अनुसन्धानदाता एलेन डेलाक्वेरिएरले कोभिड-१९ का कारण मरेको भनेर श्रद्धाञ्जली तथा डेथ नोटिस दिइएका नाम निकाल्ने जिम्मेवारी लिए। उनले अमेरिकाभरका सयौँ पत्रिकाका अनलाइन साइटबाट झन्डै एक हजार नामको सूची तयार पारे। ती व्यक्तिको अबिच्युरी र डेथ नोटिस पढ्ने र त्यहाँबाट ती व्यक्तिको पहिचान खुलाउने बुँदा निकाल्न एक समूह बन्यो। त्यसमा पत्रिकाका विभिन्न न्युजरुमका सम्पादक र तीनजना स्नातकोत्तर तहका पत्रकारिताका विद्यार्थी सहयोगीका रूपमा थिए। त्यस समूहले तयार पारेको मृतकका केही परिचय यस्ता छन् :

'एलन लुन्ड, वर्ष ८१, वासिङ्टननिवासी, एकदम सुन्दर कान भएका कन्डक्टर ...'

'थेरेसा एलोई, वर्ष ६३, न्यु ओलियोन्सनिवासी, अत्यन्त सुन्दर ब्याच र कोरसाजको व्यवसायका लागि लोकप्रिय...'

'फ्लोरेन्सियो एल्माजो मोरान, वर्ष ६५, न्युयोर्क सिटीनिवासी, वन म्यान आर्मी...'

'कोवी एडोल्फ, वर्ष ४४, सिकागोनिवासी, व्यवसायी र साहसी...'

यो प्रयासबाट हासिल भएको प्रतिफललाई ल्यान्डनले सामूहिक प्रयासबाट सम्भव भएको 'समृद्ध वस्त्रचित्र' बताइन्। ल्यान्डनले न्युयोर्क टाइम्सको राष्ट्रिय समाचार डेस्ककी सह-सम्पादक क्लिन्टन कार्गिललाई यस परियोजनाको को-पाइलट बताएकी थिइन्। यसमा महत्त्वपूर्ण भूमिका निभाउनेहरूमा अन्य सहकर्मीमा न्युयोर्क टाइम्सको डिजिटल न्युज डिजाइनको उप-सम्पादक म्याट रुवी, सफ्टवेयर इन्जिनियर एनी ड्यानियल र ग्राफिक्स सम्पादक जोनाथन हुङ, रिचर्ड ह्यारिस र लजारो गमियो थिए। प्रिन्ट डिजाइनको जिम्मा कला निर्देशक एन्ड्रु सोन्डर्नले लिएका थिए।

न्युयोर्क टाइम्सको राष्ट्रिय समाचार डेस्कका सम्पादक मार्क ल्यासेले पत्रिकाका प्रमुख क्रिएटिभ अफिसर टम बोडकिनलाई कोरोनाबाट मर्नेको संख्या एक लाख पुग्न लागेको सम्झाएका थिए। 'म अबको सय वर्षपछि मानिसले यो समयलाई फर्किएर हेर्दा हामीले कस्तो अवस्था भोगेका थियौँ भनेर बुझ्ने खालको केही होस् भन्ने चाहन्थेँ,' ल्यासेले इमेल संवादमा बताए। बोडकिनका अनुसार पत्रिकाको पहिलो पृष्ठका कोभिड-१९ का सिकार भएकाबारे लेख्न बस्दा दुईवटा विचारमा बढी चर्चामा आयो। एउटा सयौँ मृतकका फोटोको संग्रह राख्ने, अर्को सबै लिखित रूपमा प्रस्तुत गर्ने। जुन विधि छान्दा पनि सम्पूर्ण पृष्ठभर छाप्न बोडकिनको चाहना थियो। पछि सबै लिखित रूपमा प्रस्तुत गर्ने अवधारणाको पक्षमा मत बलियो बन्यो। डिजाइनका लागि शताब्दीअघिका छापिने पत्रिकाको शैली पछ्याइएको थियो। सन् १८५१ मा न्युयोर्क टाइम्स प्रकाशित सुरु भएको धेरै वर्षपछिसम्म हेडलाइन आधुनिक कालभन्दा फरक हुन्थ्यो। १९औँ शताब्दीको मध्यकालको पत्रिकाबारे व्याख्या गर्दै बोडकिनले भने, 'ती दिन सानो सबहेडमा लामो शीर्षक छापिन्थे।'


"All the News That's Fit to Print"
The New York Times
Late Edition
Today, morning clouds giving way to sunshine by the afternoon, high 65. Tonight, cloudy, low 54. Tomorrow, clouds giving way to sunshine, high 70. Weather map is on Page 23.
VOL. CLXIX ... No. 58,703 — © 2020 The New York Times Company — NEW YORK, SUNDAY, MAY 24, 2020 — $6.00
U.S. DEATHS NEAR 100,000, AN INCALCULABLE LOSS
They Were Not Simply Names on a List. They Were Us.
*Numbers alone cannot possibly measure the impact of the coronavirus on America, whether it is the number of patients treated, jobs interrupted or lives cut short. As the country nears a grim milestone of 100,000 deaths attributed to the virus, The New York Times scoured obituaries and death notices of the victims. The 1,000 people here reflect just 1 percent of the toll. None were mere numbers.*

न्युयोर्क टाइम्सले अमेरिकाभरबाट प्रकाशित पत्रिकाबाट अबिच्युरी र डेथ नोटिस लिएर एकै ठाउँमा प्रस्तुत गरी कोभिड-१९ ले पुर्‍याएको अपूरणीय क्षति देखाउने प्रयास गरेको थियो

मृतकको सूची, तिनको चारित्रिक विशेषताका साथै अन्तिममा न्युयोर्क टाइम्सका रिपोर्टर तथा स्तम्भकार ड्यान बेरीको एउटा निबन्ध लेख छापिएको छ। बोडकिनलाई ४० वर्षको उनको न्युयोर्क टाइम्सको कार्यावधिमा पहिलो पृष्ठमा तस्बिर नछापिएको सम्झना छैन। बरु केही पृष्ठमा सबै ग्राफिक्स मात्र छापिएका छन्। आधुनिक समयमा सम्भवतः पहिलोपटक पहिलो पृष्ठमा तस्बिर छापिएन। पहिलो पानामा नअटाएका नाम पत्रिकाको भित्री पानामा दिइएको छ र साथमा ड्यान बेरीको प्रबन्ध समावेश छ। तर, मुख्यतः त्यहाँ मानिसका नाम छन्, महाव्याधिले ज्यान लिएका व्यक्तिको नाम।

कोरोनाविरुद्ध सचेतना

भीडभाडदेखि टाढै रहौं

अर्थ पत्रिका

मंगलबार १३ जेठ ०७७, www.nayapatrikadaily.com nayapatrikaofficial @naya_patrika

# कर सहुलियतलगायतका राहत प्योकज ल्याउने प्रधानमन्त्रीको घोषणा

## जोखिम न्यूनीकरण गर्दै आर्थिक गतिविधि सुचारु गरिने

**नयाँ पत्रिका**
**काठमाडौं, १२ जेठ**

प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना महामारीबाट प्रभावित आर्थिक क्षेत्रका लागि राहत सुविधाको व्यवस्था गर्ने घोषणा गरेका छन् । मंगलबार देशवासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्रीले आर्थिक क्षेत्रका लागि कर तथा ब्याजमा सहुलियत, शुल्क मिनाहा, सहज ऋणको उपलब्धतालगायत छुट सुविधासहितको राहत ल्याइने घोषणा गरेका हुन् ।

'कोरोनाको असरबाट क्षति भएका औद्योगिक-व्यावसायिक क्षेत्रका लागि राहत सुविधाको व्यवस्था सरकारले गर्नेछ,' उनले भने, 'यस्ता सुविधामा कर सहुलियत, शुल्क मिनाहा, कर्जाको ब्याज सहुलियत, सहज ऋणको उपलब्धता एवं विद्युत्‌लगायतका क्षेत्रमा दिइने छुटहरू पर्नेछन् ।' निजी क्षेत्र सबल नहुँदा अर्थतन्त्र सबल हुन नसक्ने यथार्थलाई सरकारले राम्रोसँग बुझेको उनले बताए । शिथिल बन्न पुगेको अर्थ व्यवस्थालाई दुरुस्त गर्न आवश्यक आर्थिक पुनरुत्थानसम्बन्धी विस्तृत प्रस्ताव अर्थ मन्त्रालयले छुट्टै जारी गर्ने उनले जानकारी दिए । ६३ दिनदेखि जारी लकडाउनले समग्र अर्थतन्त्र र देशवासीमा पुग्न गएको अप्ठ्यारोप्रति सरकार गम्भीर र संवेदनशील रहेको उनले बताए ।

प्रधानमन्त्री ओलीले कोरोना भाइरस महामारीको जोखिम घटाउँदै आर्थिक क्रियाकलापलाई सुचारु गरिने बताए । सरकारको नीति तथा कार्यक्रमअनुसार नै खेतीपातीको याम खेर जान नदिन, सामाजिक दूरी र आवश्यक परहेजलाई ख्याल गरी कृषि कार्य अघि बढाइने उनले जानकारी दिए । 'कोरोना महामारीका कारण थपिन सक्ने गरिबी र बेरोजगारीलाई समाधान गर्न कृषि क्षेत्रको अहं भूमिका हुने कुराप्रति सरकार सचेत छ,' उनले भने, 'कृषिमा अपेक्षित आधुनिक यन्त्र र प्रविधिको प्रयोग नहुनु, बिचौलियाले अनुचित फाइदा उठाउनेजस्ता समस्यालाई सम्बोधन गर्न आवश्यक खाद्य वस्तुहरूको आयातलाई घटाउने, क्रमशः कृषि उत्पादनको निर्यात तीव्र पार्ने र कृषि क्षेत्रमा रोजगारी र स्वरोजगारी सिर्जना गर्नेलगायतका कार्यक्रम हालै संसद्‌बाट नीति तथा कार्यक्रमका रूपमा पारित गरिसकिएको छ ।'

कोरोना महामारीबीच पनि अर्थतन्त्रलाई चलायमान राख्ने र राष्ट्रिय गौरवका आयोजनालगायतका विकास आयोजनालाई अगाडि बढाउने सरकारको प्रयास र प्रयोग सफल भएको उनले बताए । माथिल्लो तामाकोसी, मेलम्ची, पोखरा, भैरहवा र काठमाडौं विमानस्थल निर्माण-विस्तार तथा रानीपोखरी, धरहरालगायतका पुनर्निर्माणका काम कोरोनाकै अवधिमा अगाडि बढाउन सकिएको उनले जानकारी गराए ।

नियन्त्रणको सीमाभित्र रहन सक्ने थप उद्योगहरूलाई सञ्चालनको अनुमति दिइने उनले बताए । 'काममा आउने आफ्ना श्रमिकलाई समुदायमा छ्यासमिस नहुने प्रबन्ध गर्ने सर्तमा जुन-जुन जिल्लाका श्रमिक हुन्, तिनीहरूलाई पहिले कोरोना परीक्षण गरी प्रशासनको निगरानीमा उद्योग-व्यवसाय सञ्चालन हुने स्थानमा ल्याउने प्रबन्ध मिलाइनेछ,' उनले भने, 'सम्बन्धित उद्यमीले आफ्नो व्यवसायमा रहने श्रमिकहरूले तोकेको प्रोटोकल पालन गरे-नगरेको अनुगमन आफैँ गरी त्यसको नियमित जानकारी सम्बन्धित प्रशासनिक निकायमा गराउनुपर्नेछ ।' प्रभावकारिताका आधारमा क्रमशः थप व्यवसाय सञ्चालनको प्रक्रिया अघि बढाइने उनले बताए ।

## वैदेशिक रोजगारीबाट फर्किएकालाई रोजगारी उपलब्ध गराइने

काठमाडौं/ कोरोना संक्रमणका कारण वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई स्वदेशमै रोजगारी उपलब्ध गराइने प्रधानमन्त्री केपी शर्मा ओलीले बताएका छन् । सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले फर्किएका श्रमिकलाई आवश्यक सीप र तालिमको समेत व्यवस्था गर्ने उनले बताए ।

संक्रमणका कारण धेरै विदेशी कामदार पनि फर्किएकाले नेपालमा रोजगारका अवसर सिर्जना हुने उनको भनाइ छ । 'श्रम गर्न सक्नेलाई राहत दिऔँ, बाँकी सबैलाई काम दिऔँ र आर्थिक रूपमा भरथेग गरौँ' भन्ने मान्यतामा सरकार दृढ रहेको उनले बताए । प्रधानमन्त्रीको नेतृत्वमा रहने प्राकृतिक विपत्ति न्यूनीकरण तथा समस्या सामाधान कोष र गृहमन्त्रीको नेतृत्वमा रहेको प्राकृतिक विपत्ति राहत कोषमा रहेको रकमको महत्त्वपूर्ण हिस्सा कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा हस्तान्तरण गरिने उनले जानकारी दिए ।

प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि बेरोजगारको तथ्यांक संकलन गर्न स्थापित रोजगार सेवा केन्द्रलाई श्रम बैंकका रूपमा परिमार्जन गरिने भएको छ । स्वदेश फर्केर बेरोजगार भएका र स्वदेशमै रोजगारीको अवसर नपाएकाहरूलाई केन्द्रमा दर्ता हुन स्थानीय तहले सहजीकरण गर्नेछ ।

सामाजिक सुरक्षा कोषमा आबद्ध भएका श्रमिकहरूको योगदान रकम सरकारले नै व्यहोर्ने भएको छ । संक्रमणको समयमा श्रमिकलाई राहत प्रदान गर्न सरकारी कोषबाट नै मिलान गरिने प्रधानमन्त्री ओलीले बताए । साथै, अपांगता भएका व्यक्ति वा अन्य कसैको पनि राज्यले उपलब्ध गराउँदै आएको सामाजिक सहायता कटौती नगरिने प्रधानमन्त्री ओलीले बताए ।

# लकडाउनका दुई महिना : १ खर्बको आयात, ७ अर्बको निर्यात

● सामान्य अवस्थामा मासिक सवा खर्बको अन्तर्राष्ट्रिय व्यापार हुँदै आएकोमा लकडाउनमा त्यो ५० अर्बमा खुम्चियो ● दश महिनामा १० खर्ब २५ अर्बको आयात, साढे ९ खर्बको व्यापार घाटा


**कृष्ण रिजाल/नयाँ पत्रिका**
**काठमाडौं, १२ जेठ**

लकडाउन सुरु भएपछिका दुई महिनामा नेपालले कुल १ खर्ब ८ अर्बको व्यापार गरेको छ । लकडाउन सुरु भएको महिना चैत र वैशाखमा करिब १ खर्ब ८९ करोडको आयात र ७ अर्ब १५ करोडको निर्यात भएको हो । लकडाउन सुरु हुनुअघि (फागुन)सम्म मासिक औसत सवा १ खर्ब रुपैयाँको व्यापार हुँदै आएको थियो । अहिले दुई महिनामा बल्ल १ खर्ब नाघेको छ ।

सरकारले गत ११ चैतदेखि नेपालमा लकडाउन सुरु गरेको हो । भारतले मुख्यबाहेकका अन्य नाका बन्द गरेपछि २ चैतबाटै नेपाल-भारतको व्यापार प्रभावित भएको थियो । त्यस्तै, चीनतर्फका दुवै नाका माघदेखि नै बन्द अवस्थामा थिए । कोरोना महामारी र त्यसको रोकथाम तथा नियन्त्रणका लागि गरिएको लकडाउनका कारण चैतको सुरुदेखि नै नेपालको व्यापार प्रभावित भएको भन्सार विभागका महानिर्देशक सुमन दाहालले बताए । 'पछिल्लो समय आर्थिक गतिविधि बढ्न थालेपछि आयात पनि अलि बढ्न थालेको छ,' दाहालले भने ।

लकडाउन भएपछि दैनिक उपभोग्य वस्तु, स्वास्थ्य सामग्री, औषधिलगायतका वस्तु बढी आयात भएका छन् । भन्सार विभागका अनुसार चैतमा ५८ अर्ब २९ करोड रुपैयाँको आयात भएको थियो भने ३ अर्ब ९१ करोड रुपैयाँको निर्यात भएको थियो । त्यस्तै, वैशाखमा ४२ अर्ब ६० करोड रुपैयाँको आयात र ३ अर्ब २४ करोड रुपैयाँको निर्यात भएको थियो । चैतको तुलनामा पूर्ण लकडाउन भएको महिना वैशाखमा आयात १५ अर्ब ६९ करोड र निर्यात ६७ करोड रुपैयाँले घटेको छ ।

### लकडाउनयता आयात भएका मुख्य वस्तु




### लकडाउन सुरु भएपछि र हालसम्मको वैदेशिक व्यापारको अवस्था

| महिना | आयात | निर्यात | व्यापार घाटा |
|---|---|---|---|
| चैत | ५८ अर्ब २९ करोड | ३ अर्ब ९१ करोड | ५४ अर्ब ३८ करोड |
| वैशाख | ४२ अर्ब ६० करोड | ३ अर्ब २४ करोड | ३९ अर्ब ३६ करोड |
| दश महिनासम्म | १० खर्ब २५ अर्ब | ८२ अर्ब ६ करोड | ९ खर्ब ४३ अर्ब |

स्रोत : भन्सार विभाग

### ■ व्यापारका सबै सूचक नकारात्मक

चालू आर्थिक वर्षमा निर्यातबाहेक व्यापारका सबै सूचक नकारात्मक देखिएका छन् । कुल व्यापार, आयात र व्यापार घाटा घटेको छ । निर्यात भने सामान्य अंकले बढेको छ । चालू आर्थिक वर्षको दश महिनामा नेपालले कुल ११ खर्ब ७ अर्ब २० करोड रुपैयाँको वैदेशिक व्यापार गरेको छ । यो अघिल्लो आवको सोही अवधिको तुलनामा ११.८९ प्रतिशतले कमी हो । गत आव ०७५/७६ को दश महिनामा १२ खर्ब ५६ अर्ब ६७ करोड रुपैयाँबराबरको व्यापार भएको थियो ।

चालू आवको दश महिनामा १० खर्ब २५ अर्ब १३ करोड रुपैयाँबराबरको आयात भएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा १२ दशमलव ९९ प्रतिशतले कमी हो । गत आवको सोही अवधिमा नेपालले ११ खर्ब ७८ अर्ब १३ करोड रुपैयाँको आयात गरेको थियो । कुल व्यापारमा आयातको हिस्सा १.२४ प्रतिशतले घटेर ९२.५९ प्रतिशतमा झरेको छ ।

### ■ निर्यातको वृद्धिदर एक अंकमा झर्‍यो

चालू आर्थिक वर्षको सुरुदेखि नै नेपालको निर्यात दोहोरो अंकको दरमा बढिरहेको थियो । तर, लकडाउन सुरु भएपछि भने निर्यात वृद्धिदर एकल अंकमा झरेको छ । वैशाख मसान्तसम्मको तथ्यांकले निर्यात भने थोरैले बढेको छ । दश महिनामा निर्यात ८२ अर्ब ६ करोड रुपैयाँ पुगेको छ, जुन गत आवको सोही अवधिको तुलनामा ४.५० प्रतिशतले बढी हो । गत आवको दश महिनामा नेपालले ७८ अर्ब ५३ करोड रुपैयाँको निर्यात भएको थियो । कुल व्यापारमा निर्यातको हिस्सा अनुपात १८ दशमलव ६० प्रतिशतले बढेर ७ दशमलव ४१ प्रतिशत पुगेको छ ।

### ■ व्यापार घाटा साढे ९ खर्ब पुग्यो

नेपालले बितेको दश महिनामा वैदेशिक व्यापारमा ९ खर्ब ४३ अर्ब ७ करोडको व्यापार घाटा व्यहोरेको छ । यो अघिल्लो आवको सोही अवधिको तुलनामा ११ दशमलव २४ प्रतिशतले कमी हो । गत आवको दश महिनामा नेपालको कुल १० खर्ब ९९ अर्ब ६० करोडको व्यापार घाटा थियो ।

**लिखु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
डुंडे, नुवाकोट

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति : २०७७/०२/१२

यस कार्यालयको मिति २०७६/१२/२१ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०२-०७६/७७ (RE) अनुसार तपसिल बमोजिमका निर्माण व्यवसायीहरुको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | स्वीकतिका लागि छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | 05/LRM/Works/2076-77 (RE) | विनय निर्माण सेवा, नुवाकोट | ४२,५७,१३४।०२ |
| २ | 06/LRM/Works/2076-77 (RE) | मगलादेवी सुवास कन्सट्रक्सन प्रा. लि., नुवाकोट | १,२९,५८,८४०।८० |

प्रमुख प्रशासकीय अधिकृत

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय**
सानोगौचरन, काठमाडौं

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**

प्रकाशन मिति : २०७७/०२/१३

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम म्याद भित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरु मध्ये यस कार्यालयको मिति २०७७/०२/०९ को निर्णयानुसार तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | खरिद नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | FSCMO/39-076/77 (Works) | Construction of Bathrooms, Interior Decoration, and Improvement Works at Rt. Honourable President's Residence, Sital Niwas | श्री विकोइ/इन्द्रेणी/सुप्रिम जे.भी., काठमाडौं | रु.१,५७,०६,८८४.७३ |

सुपरिटेन्डेण्ट इन्जिनियर

**चौरपाटी गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
चौरपाटी,अछाम
सुदुर पश्चिम प्रदेश , नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०७७।०२।१३

यस कार्यालयबाट मिति: २०७७।०१।२१ गते प्रकाशित सूचना अनुसार Construction Of The Rural Municipality Building (ठेक्का नं: CRM/ACHHAM/NCB/Works/06/2076-77) कार्यको निर्माण गर्न मिति : २०७७।०२।०४ गते दिनको १२:०० बजे सम्म बोलपत्र दर्ता गर्ने समय अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरीद प्रणाली (e-GP) bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको विस्तृत मूल्यांकन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावले यस कार्यालयबाट माग भएको मूल्याँकन तथा योग्यताका सबै आधार पुऱ्याएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (नवौं संशोधन २०७६ सहित) को नियम ३१ (ङ) को उपनियम ४ बमोजिम सारभूत रुपमा प्रभावग्राही भएको हुँदा तपशिल अनुसारको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (नवौं संशोधन २०७६ सहित) को नियम ३१(ङ) को उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको नाम र ठेक्का नं. | सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| १. | Construction Of The Rural Municipality Building (ठेक्का नं: CRM/ACHHAM/NCB/Works/06/2076-77) | Swar Construction Pvt. Ltd., Ridikot, Achham<br>Royal Construction, Dhangadhi, Kailali.<br>Sunlight Construction Pvt. Ltd., Dhangadhi, Kailali.<br>T.D.R. Construction Pvt.Ltd., Dhangadhi-2, Kailali. | मिति: २०७७।०२।२० गते दिउँसो १:०० बजे र चौरपाटी गाउँ कार्यपालिकाको कार्यालय, चौरपाटी, अछाम । |

प्रमुख प्रशासकीय अधिकृत

**Manarasishwa Municipality**
**Office of the Municipal Executive**
**Manara, Mahottari.**
**Province No. 2, Nepal**

**Amendment Notice**

**Invitation for Bids for the Construction of Municipality Building**
**Contract Identification No: MUN/MAN-SIW/MOH/09/076/077**
**Date of publication: 26th May 2020 A.D.(2077/02/12)**

Regarding the notice published on the date 11th May, 2020 in Annapurna post national Daily Newspaper for the invitation of Bid for Construction of Municipality Building, Manara, Mahottari, the following point in the notice has been amended.

15. P.C.C. FOR R.C.C. WORKS;Providing and laying in position machine mixed and machine vibrated cement concrete of mix 1:1.5:3 (1 cement:1.5 sand: 3 coarse aggreagate) M20 grade for reinforced cement concrete work using approved cement with 20 mm graded machine crushed stone aggregate of approved quality in various locations and heights including transportation of concrete to site of placing, compaction, finished to required line and level, protection and curing, etc. all complete as per drawings, specifications and the instructions of the Engineer, **also including the cost of centering, shuttering, and reinforcement, and including** the cost of 2.5% Rheobuild SP-1 admixture by Weight of Cement all complete as per drawings, specifications and instructions of the Engineer.





# माछापुच्छ्रेको अनलाइन बैंकिङ सेवा अपग्रेड

काठमाडौं/ माछापुच्छ्रे बैंकले डिजिटल बैंकिङ सेवालाई सहज तथा सुलभ बनाउने उद्देश्यले हाल सञ्चालित अनलाइन बैंकिङलाई अपग्रेड गरेको छ। बैंकले 'नो लाइन बैंकिङ' नाराका साथ बैंकले कोभिड-१९ महामारीको समयमा बैंकिङ सुविधा उपयोग गर्न लाइनमा बस्नुनपर्ने भन्दै सेवालाई अपग्रेड गरेको जनाएको छ। यससँगै बैंकका व्यावसायिक तथा व्यक्तिगत ग्राहकले घर वा कार्यालयबाटै अधिकतम बैंकिङ सेवा सरल र सुरक्षित तवरले उपयोग गर्न सक्ने बैंकको विज्ञप्तिमा उल्लेख छ।

व्यावसायिक ग्राहकहरूलाई लक्षित गर्दै थप अत्याधुनिक सुविधाहरूको साथमा ल्याइएको सेवाअन्तर्गतको कर्पोरेट बैंकिङले व्यावसायिक तथा कर्पोरेट हाउसहरूलाई बैंकसम्म नपुगी सुरक्षितसाथ माछापुच्छ्रे बैंकमा रहेको आफ्नो खाताबाट विभिन्न कारोबार गर्न सक्नेछन्। विशेष गरी यस सेवामार्फत अन्तरबैंक रकमान्तर, कनेक्ट आइपिएस, स्टेटमेन्ट हेर्नेलगायतका सेवासमेत उपलब्ध रहेको छ।

बैंकको अनलाइन बैंकिङमार्फत व्यक्तिगत ग्राहकहरूले पनि अन्य बैंक तथा वित्तीय संस्थाहरूमा रहेका खातामा रकमान्तर गर्न, क्रेडिट कार्डको बिल पेमेन्ट गर्न, इसेवा, खल्तीलगायतका वालेटहरूमा पैसा लोड गर्न, मोबाइल टपअप गर्न, बत्ती तथा पानीको पैसा तिर्नेलगायतका सेवा उपयोग गर्न सक्ने बैंकले जनाएको छ।

# रिचार्जर र एनआइसी एसिया बैंकबीच छुट सम्झौता

## कोरोना सुरक्षा सामान खरिदमा १० प्रतिशत छुट

**नयाँ पत्रिका**
**काठमाडौं, १२ जेठ**

मोबाइल एप रिचार्जर र एनआइसी एसिया बैंकका बीचमा छुट सम्झौता भएको छ। रिचार्जरबाट सामान किनेर एनआइसी एसिया बैंकको क्यू आर कोड, डेबिट कार्ड तथा क्रेडिट कार्डबाट रकम भुक्तान गर्दा १० प्रतिशत छुट पाइने सम्झौता भएको हो।

ग्लोबल की टेक्नोलोजी र रिचार्जरका बीचमा भएको सम्झौताअनुसार मे महिनाभरि बैंकका सेवाग्राहीले रिचार्जरको छुटसँगै कोरोना सुरक्षाका सामान किन्दा थप १० प्रतिशत छुट पाउनेछन्। रिचार्जरले केएन-९५ मास्क निःशुल्क होम डेलिभरीसहित १ सय ७५ रुपैयाँमा उपलब्ध गराउँदै आएको दाबी गरेको छ। रिचार्जरले सामाजिक उत्तरदायित्वअन्तर्गत अलिबाबा, अमेजनलगायतका प्लेटफर्ममा भन्दा पनि सस्तो मूल्यमा मास्क उपलब्ध गराइएको जनाएको छ।

रिचार्जरले कोरोना संक्रमण न्यूनीकरणका लागि आवश्यक पर्ने मास्क, पन्जा, थर्मल गन, स्यानिटाइजर, पर्सनल प्रोटेक्सन किट्सलगायतका सामान नाफा-नोक्सान नहेरी सस्तो मूल्यमा आफ्ना प्रयोगकर्तालाई उपलब्ध गराउँदै आएको जनाएको छ। मुलुकभर थोक मात्रामा पनि यी सामानहरू सस्तोमा उपलब्ध गराउने रिचार्जरले प्रेस विज्ञप्तिमार्फत जनाएको छ।

REECHARGER
NIC ASIA
एन आई सी एशिया बैंक लि.

रिचार्जरको यो अफरमा एनआइसी एसिया बैंकका सेवाग्राहीले थप १० प्रतिशत छुट पाउनेछन्। एनआइसी एसिया बैंकका अनुसार रिचार्जरबाट अर्डर भएको सामानको महसुल भुक्तान भएपछि १० प्रतिशत रकम खातावालाको बैंक खातामा फिर्ता गरिने जनाइएको छ।

ग्लोबल की टेक्नोलोजीका अध्यक्ष अलाइभ ग्लाइडरले एनआइसी एसिया बैंक र रिचार्जरको यो सहकार्यले धेरैले सस्तोमा मास्क तथा अन्य सामान पाउने विश्वास रहेको बताए। एपमा मास्कको मूल्य २ सय रुपैयाँ रहने भए पनि २५ क्यास प्वाइन्ट रिडिम गरी १ सय ७५ रुपैयाँमा खरिद गर्न सकिने उनको भनाइ थियो। त्यस्तै, टाढैबाट शरीरको तापक्रम मापन गर्नका लागि प्रयोग हुने थर्मल गन ३ हजार ८ सय रुपैयाँमा उपलब्ध हुने बताए।

# एभरेस्ट प्यारेन्टरल्सद्वारा भिटिएम किट उत्पादन सुरु

**नयाँ पत्रिका**
**काठमाडौं, १२ जेठ**

वीरगन्ज पथलैया औद्योगिक करिडोरमा सञ्चालित एभरेस्ट प्यारेन्टरल्स प्रालिले भाइरस ट्रान्सपोर्ट मिडिया (भिटिएम)को उत्पादन सुरु गरेको छ। नेपामै पहिलोपटक उत्पादन गरिएको भिटिएम मुख तथा नाकबाट लिइएको स्वाब परीक्षणका लागि ल्याबसम्म सुरक्षित रूपमा पुऱ्याउन प्रयोग हुने कम्पनीको भनाइ छ। कम्पनीले उत्पादन गरेपछि कोभिड-१९ (कोरोना)को महामारीमा पिसिआर टेस्टका लागि नभई नहुने भिटिएमका लागि अरू मुलुकको मुख ताक्नुपर्ने अवस्था अन्त्य हुने कम्पनीको दाबी छ।




'पटक-पटक भिटिएम अभावका कारणले गर्दा पिसिआर परीक्षणमा बाधा परिरहेको अवस्थामा नेपालमै उत्पादन सुरु गरिएको हो,' एभरेस्ट प्यारेन्टरल्सका प्रबन्ध निर्देशक उमंग राणासरियाले भने, 'न्यूनतम मूल्यमा उच्च गुणस्तरको भिटिएम उपलब्ध गराउने हाम्रो अठोट छ।' कम्पनीको आफ्नै उच्चस्तरीय प्रयोगशालामा प्रत्येक ब्याचको परीक्षण गरिने तथा अन्य क्षमतायुक्त बाहिरका ल्याबमा समेत परीक्षण गराएर मात्र भिटिएम बजारमा पठाइने उनको भनाइ छ।

वरिष्ठ फार्मासिस्ट तथा कम्पनीका बिक्री-वितरण प्रमुख विवेकसिंह महतका अनुसार एभरेस्ट प्यारेन्टेरल्सद्वारा उत्पादित भिटिएम नेपालकै पहिलो र एक मात्र कोरोना भाइरस स्पेसिफिक भिटिएम भएको बताए। सिडिसी, अमेरिकाको कोरोनासम्बन्धी भिटिएमको निर्देशिकाको पूर्ण पालना गरी बनाइएको उनले जानकारी दिए। एभरेस्ट प्यारेन्टरल्ससँग हाल दैनिक करिब १५ हजार ट्युब भिटिएम उत्पादन गर्न सक्ने क्षमता रहेको उनले बताए।

पोखरा महानगरको योजना

# आफ्नै बैंक, एक वडा एक पब्लिक कम्पनी

**गोविन्द सुवेदी/नयाँ पत्रिका**
**पोखरा, १२ जेठ**

पोखरा महानगरपालिकाले अगामी आर्थिक वर्षमा पत्येक वडामा पब्लिक कम्पनीको स्थापना गर्ने गरी छलफल अगाडि बढाएको छ। त्यससँगै आफ्नै बैंक स्थापना गर्ने योजना पनि महानगरले बनाएको छ। यसका लागि सहरी योजना आयोगले महानगरको ३८औँ कार्यपालिका बैठकमा अवधारणा पेस भएर छलफल अगाडि बढाइसकेको सहरी योजना आयोगका उपाध्यक्ष डा. रामचन्द्र लामिछानेले जानकारी दिए।

यिनै योजनामा टेकेर महानगरले रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको उनले बताए। यसरी स्थापित पब्लिक लिमिटेड कम्पनीमार्फत उत्पादनमा लगाउने र महानगरका थप ४० हजारजनालाई रोजगारी दिने उद्देश्य राखिएको छ। यस्ता पब्लिक कम्पनीमार्फत उत्पादित वस्तु तथा सेवा अन्य उत्पादकले भन्दा गुणस्तरीय र सस्तोमा उपभोक्तालाई उपलब्ध हुने उनले दाबी गरे। त्यसका लागि ७ अर्ब २० करोड लगानी हुने उपाध्यक्ष डा. लामिछानेले बताए। ३ अर्ब ६० करोड रुपैयाँ महानगरले लगानी गर्ने र त्यति नै रकम नगरवासी नागरिकले लगानी गर्नेछन्। प्रत्येक घरले निश्चित रकम सेयर हाल्ने र त्यहीअनुरूपको स्वामित्व रहने उनले बताए। लगानी गर्न नसक्ने परिवारका लागि महानगरले नै रोजगारी दिएर त्यसको पारिश्रमिकबाट लगानी जुटाउने योजना उनले सुनाए। त्यसैगरी, धनीले पनि समान हैसियतमा यस्ता कम्पनीमा लगानी गर्नेछन्। जसका कारण कोही धनी र कोही गरिबको भावना नगरवासीमा नहुने डा. लामिछानेको तर्क छ। 'लगानी गर्न नसक्ने नागरिकलाई महानगरले रोजगारी दिन्छ। उहाँहरूलाई समस्या आउन नदिई लगानी गर्ने वातावरण हामी बनाउँछौँ। धनी नागरिकले पनि धेरै सेयर हाल्न पाउँदैन। समान सहभागिताले कोही धनी र कोही गरिब भन्ने धारणा आउँदैन र सबैको लगानी भएकाले सबै उत्पादनमा जोडिनुहुन्छ,' डा. लामिछानेले भने।

# इसेवाको मलेसियाबाट वालेट टु वालेट रेमिट्यान्स सेवा

**नयाँ पत्रिका**
**काठमाडौं, ११ जेठ**

इसेवा मनी ट्रान्सफरले मलेसियाबाट पनि रेमिट्यान्स कारोबार सुरु गरेको छ। यसअघि जापानबाट रेमिट्यान्स कारोबार सुरु गरेको इसेवा मनी ट्रान्सफरले मलेसियामा पनि आफ्नो सेवा विस्तार गरेको हो।

मलेसियाको भ्याल्यु कम्पनीसँगको सहकार्यमा रेमिट्यान्स कारोबार सुरु गरिएको कम्पनीले जनाएको छ। मलेसियामा रहेका नेपालीहरूले भ्याल्युका एजेन्टका अलावा सीधै भ्याल्युको वालेटबाट नेपालको इसेवा वालेट तथा कुनै पनि बैंक खातामा समेत रेमिट्यान्स पठाउन सकिने जनाइएको छ।

eSewa
MONEY TRANSFER

इसेवा मनी ट्रान्सफरले रेमिट्यान्स क्षेत्रमा पहिलोपटक वालेट टू वालेट रेमिट्यान्स पठाउन सकिने सेवा दिएको दाबी गरेको छ। मलेसियाबाट नेपालमा रेमिट्यान्स पठाउन थप सहज हुनुका साथै वालेट टू वालेट रेमिट्यान्स पठाउन सकिने भएपछि नेपालीहरू एजेन्टसम्म धाउनुपर्ने बाध्यताबाट समेत मुक्ति मिलेको कम्पनीले जनाएको छ।

डिजिटल माध्यमबाट नै अझ सरल र सुरक्षित ढंगले रेमिट्यान्स भित्र्याउन आफूहरूले काम गरिरहने कम्पनीको भनाइ छ।

# विश्व अर्थतन्त्रमा मन्दीको स्वरूप कस्तो होला ?

**नयाँ पत्रिका**
**काठमाडौं, १२ जेठ**

जारी कोरोना भाइरसको महामारीले विश्व अर्थतन्त्रलाई दिनदिनै थप डरलाग्दो भिरतर्फ धकेल्दै लगिरहेको छ। महामारीका कारण व्याप्त मन्दीलाई थप कडा हुन नदिन र अर्थतन्त्रलाई सकेसम्म छिटो पहिलेकै अवस्थामा फर्काउन थुप्रै मुलुकले लकडाउनलाई खुकुलो बनाउँदै लैजान थालेका छन्। तर, संक्रमण बढिरहेको र भरपर्दो उपचार विकास हुन नसकिरहेको परिदृश्यमा अर्थतन्त्रलाई चलायमान बनाउने कोसिस झन् घातक हुने सम्भावनासमेत छ।

अहिले विश्वभरका कलकारखानाहरू बन्द भएर करोडौँ श्रमिक कामविहीन भएका छन्। वित्तीय बजार थलिएको छ। आपूर्ति शृंखलाहरू अवरुद्ध छन्। अधिकांश मुलुकले अर्थतन्त्रमा ठूलो परिमाणमा वित्तीय प्रोत्साहन सिञ्चन गर्दा र अभूतपूर्व दरले ब्याजदर घटाउँदासमेत अर्थतन्त्रमा अपेक्षाकृत सुधार हुन सकिरहेको छैन। त्यसैले, विश्व अर्थतन्त्रको मन्दी थप कडा बन्दै गएको छ। 'यो कति कडा होला ?', 'कतिको छिटो पुनर्बहाली होला ?', 'पुनर्बहालीले भी, यू, डब्लू वा एल कस्तो स्वरूप लेला ?' यी प्रश्नहरू अहिले अर्थशास्त्री र सर्वसाधारणका लागि चासोका विषय बन्दै गएका छन्।

● **भी–सेप** : अर्थतन्त्रमा तीव्र गिरावट आएर मन्दीमा जाने र एकदमै छिटो आर्थिक पुनर्बहाली भएर अर्थतन्त्र पहिलेकै अवस्थामा आउँदा भी-सेप बन्छ। परिस्थिति थप बिग्रिएन र अवस्था राम्रो हुँदै गएमा भी-सेपको पुनर्बहाली हुन सक्ने सम्भावना छ। यसको अर्थ आर्थिक वृद्धिमा छलाङ आउनुअघि केही त्रैमाससम्म मात्रै मन्दी बहाल रहनेछ। र, महामारी सकिएको केही समयमै अर्थतन्त्र पहिलेकै अवस्थामा फर्किनेछ। सन् १९५३ मा अमेरिकामा यस्तै भी-सेपको मन्दी आएको थियो। तर, एक वर्षमै आर्थिक वृद्धि सुध्रिएर अर्थतन्त्र पहिलेकै अवस्थामा पुगेको थियो।

● **यू–सेप** : यू-सेप पनि भी-सेपकै जस्तो, तर अलि लामो खालको मन्दी हो। यो परिदृश्यमा जिडिपी थुप्रै त्रैमाससम्म संकुचित भइरहन्छ र बिस्तारै मन्दीपूर्वको अवस्थामा फर्किन्छ। अमेरिकाले सन् १९७० को दशकमा यू-सेपको मन्दी साक्षात्कार गरेको थियो। सन् १९७३ मा खुम्चिन सुरु गरेको अमेरिकी अर्थतन्त्र झन्डै दुई वर्ष लामो मन्दीबाट गुज्रिएर सन् १९७५ मा मात्रै पूर्ववर्ती अवस्थामा फर्किएको थियो।

● **डब्लू–सेप** : यो सेपमा अर्थतन्त्र भी-सेपको मन्दीबाट पुनः ओरालो लागेर अर्को भी-सेप बनाउँदै पहिलेको अवस्थामा फर्किन्छ। यसलाई दोहोरो मन्दी (डबल-डिप रेसेसन) पनि भनिन्छ। वृद्धि पहिलेको दरमा फर्किनुअघि अर्थतन्त्र दुईपटक मन्दीमा प्रवेश गरेर अंग्रेजी अक्षर डब्लूको आकार बनाउँछ। सन् १९८० को दशकमा अमेरिकाले यस्तै डब्लू-सेपको मन्दी साक्षात्कार गरेको थियो। अमेरिकी अर्थतन्त्र सन् १९८० को जनवरीदेखि जुलाईसम्म संकुचन भएर पुनः केही समयका लागि तीव्र गतिले वृद्धिमा फर्किएको थियो, तर पुनः मन्दीमा प्रवेश गरेर सन् १९८२ को अन्त्यतिर मात्रै पुनर्बहालीमा आएको थियो।

● **एल–सेप** : एल-सेप सबैभन्दा खराब परिदृश्य (वर्स्ट-केस सिनेरियो) हो। यसलाई डिप्रेसन पनि भनिन्छ। यो परिदृश्यमा अर्थतन्त्र गहिरो मन्दीमा प्रवेश गरेर वर्षौँवर्षसम्म पहिलेको वृद्धिदरमा फर्किन सक्दैन। जापानले सन् १९९० को एउटा पूरै दशक यस्तै एल-सेपको मन्दीमा बिताएको थियो। द्वितीय विश्वयुद्धपछि सन् १९८० को दशकसम्म मजबुत आर्थिक वृद्धि हासिल गरेको जापान सम्पत्तिको अतिशय मूल्यवृद्धि (प्राइस बबल)का कारण सन् १९९० बाट मन्दीमा प्रवेश गरेको थियो। त्यसपछि जापान सन् १९५० देखि १९९० को बीचमा हासिल गरेको वृद्धिदरमा कहिल्यै फर्किन सकेको छैन। जापान अहिले पनि कमजोर वृद्धिदर साक्षात्कार गरिरहेको छ। तर, हामीलाई यो कोरोना भाइरसको मन्दीले कुन आकारको मन्दीमा लैजान्छ, त्यो भने महामारी कहिलेसम्म र कसरी हामीबीच रहन्छ, त्यसैले निर्क्यौल गर्नेछ। (एजेन्सी)


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय , स्याङ्जा

**बोलपत्र स्विकृत हुने सम्बन्धी आशयको सूचना**

**प्रकाशित मिति – २०७७/०२/१३ गते**

यस कार्यालयको मिति २०७६।१२।०९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ई-बोलपत्र आव्हानको सूचना बमोजिम **Construction of Barrack Building and Renovation of office Building at Area Police Office Chapakot, Syangja** (IFB no. ***NCB/W/DPOSYANGJA/076-77/01***) निर्माण कार्य खरिदको लागी म्याद भित्र पर्न आएका शिलबन्दी बोलपत्रहरुको प्रचलित ऐन नियमद्धारा निर्दिष्ट गरिएका विभिन्न पक्षहरुको मुल्याङ्कन गर्दा श्री शिद्धबाबा निर्माण सेवा वालिङ-१०, स्याङ्जाले पेश गरेको मु.अ.कर तथा PS समेत रू. १,३०,६०,५६३/२४ को बोलपत्र सबैभन्दा न्युनतम मुल्यांकित एवं सारभुत रुपमा प्रभावग्राही ठहरीएकोले उक्त कम्पनीको बोलपत्र स्वीकृतिको लागी छनौट भएको हुदां सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद नियमावलि २०६४ (संशोधन समेत) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।



# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण

## १७ मंसिर २०७६ देखि १६ फाल्गुन २०७६ सम्म

१. **निकायको स्वरूप र प्रकृति :**
'क' वर्गको वाणिज्य बैंक

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कर्मचारी संख्या ११३१ रहेको र कार्य विवरण बैंकले तोके अनुसार रहेको।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरू।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरूको विवरण बैंकको वेभसाईट www.nabilbank.com/branches-atms मा उपलब्ध छ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेभसाईट http://www.nabilbank.com/disclosures मा प्रकाशित गरिएको छ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरूले निर्णय गर्न सक्ने प्रकृया मिलाईएको छ। प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेको छ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी :**
श्री रमेश प्रसाद लोहनी
प्रमुख संचालन अधिकृत
नबिल बैंक लिमिटेड, प्रधान कार्यालय, वीणा मार्ग, तीनधारा, काठमाडौं
फोन नं. ०१-४२२७१८१, ०१-४२२१७१८
ईमेल: coo@nabilbank.com

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरूले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरू सम्पादन भईरहेको छ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**
सूचना अधिकारी : श्री सुरेश प्रसाद त्रिपाठी
पद : प्रमुख संचालन विभाग
साथै यस बैंकका शाखा कार्यालयहरूमा सम्बन्धित शाखा प्रमुखहरूलाई सूचना अधिकारीको रूपमा कार्य गर्ने गरी तोकिएको छ।
**प्रमुखको नाम र पद :** श्री अनिल केशरी शाह, प्रमुख कार्यकारी अधिकृत

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन, नियम विनियम र निर्देशिकाहरू बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू बैंकिङ्ग कार्यका लागी प्रमुख रूपमा रहेका छन्।
१. बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण(मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदी।
११. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू
१२. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरू

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुदैं आएको छ र बैंकको वेभसाईट www.nabilbank.com मा समेत रहेको छ।

१३. **तोकिए बमोजिमका अन्य विवरण**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरूमा प्रकाशन गर्नुका साथै बैंकको वेभसाईट www.nabilbank.com मा समेत राख्ने गरिएको छ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन।

१५. **सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण :**
यस बैंकको वेभसाईट www.nabilbank.com रहेको छ।

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण :**
बैंकको सामान्य क्रियाकलापको क्रममा लिएको ऋण र सक्षम एक्सेस टु फाइनान्स नामक संस्थाबाट प्राप्त अनुदान बाहेक अन्य केही नरहेको।

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गिकरण गरिएको अवस्था नभएको।
सूचनाको अनधिकृत प्रकाशन र प्रसारण नहुनेगरी संरक्षण गरिएको।

१९. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**
मिति १७ मंसिर २०७६ देखि १६ फाल्गुण २०७६ सम्म माग गरिएको सूचना सम्बन्धिको विवरण यस प्रकार रहेको छ :

| क्र.सं | सूचना माग गर्नेको नाम, ठेगाना र सूचना माग गरेको मिति | माग गरिएको सूचनाको संक्षिप्त विवरण | सूचना दिए नदिएको र सो निर्णयको मिति | कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको | सूचना नदिएको भए सो को कारण |
|---|---|---|---|---|---|
| १. | नाम: श्री राष्ट्रिय सूचना आयोग<br>ठेगाना : बानेश्वर, काठमाडौं<br>मिति : २०७६/१०/२६ | बैंकले २०७३/७४ र २०७४/७५ उत्पादनशील क्षेत्रमा गरेका लगानीका मासिक विवरण | यस बैंकले नेपाल राष्ट्र बैंकको निर्धारित ढाचामा आवधीक हिसाबले नेपाल राष्ट्र बैंकमा सूचना पठाउने गरेको | सूचना अधिकृत | अन्य थप विवरणको हकमा नीजले खोजेको ढाँचामा तथ्यांकहरू यस बैंकमा उपलब्ध नहुने भएकोले उपलब्ध गराउन नसकिएको। |

२०. **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
वार्षिक विवरणहरू पुस्तकको रूपमा प्रकाशित भई बैंकको वेभसाईट www.nabilbank.com मा समेत प्रकाशन गरिएको छ। साथै बैंकको आर्थिक विवरणहरू त्रैमासिक रूपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेभसाईटमा समेत प्रकाशन गर्दै आएको छ।

NABIL BANK®
प्रधान कार्यालय, तीनधारा, दरबारमार्ग, काठमाडौं, नेपाल, फोन नं. ४२२७१८१





## मोक्तान परिवारको सांगीतिक जमघट



१० जेठमा गायिका कुन्ती र संगीतकार शीलाबहादुर मोक्तानको परिवार फेसबुक लाइभमा झुल्कियो । कुन्तीले हारमोनियम बजाउँदै गाउन थालिन्, 'आफू हिँडेको डुलेको बाटो सम्झेर रुन्छु ।' शीलाबहादुरले गीतको लयमा किबोर्ड बजाए । गितारमा साथ दिए, जेठा ज्वाइँ मञ्जिलबिक्रम केसी र कान्छी छोरी सुवानीले । भायोलिनमा जेठी छोरी शीतलले साथ दिइन् । नाम दिइएको थियो, ' लाइभ म्युजिकल सेसन विथ कुन्ती मोक्तान एन्ड फ्यामिली' ।

उनीहरूको प्रस्तुतिले नेपालयको 'पर्लेंटी'कै झल्को दिन्थ्यो । एक घन्टामा उनीहरूले आठवटा गीत गाए । 'एक घन्टा बितेको पत्तै भएन,' कुन्ती भन्छिन्, 'सबैले रुचाइदिनुभयो, पर्लेंटीजस्तो लाग्यो भनेर प्रतिक्रिया दिनुभयो ।'

> मोक्तान परिवारले एक घन्टामा आठवटा गीत गाए । 'एक घन्टा बितेको पत्तै भएन,' गायिका कुन्ती भन्छिन्, 'सबैले रुचाइदिनुभयो ।'

'खुट्टा तान्दै गर', 'गोठालो जाँदा लाएको माया', 'भन्छन् कोही जिन्दगी यो'लगायत गीत गाइन्, कुन्तीले । दुईवटा गीतमा परिवारले सामूहिक स्वर दिए । कुन्तीले 'बाह्र वर्ष टेक्दा-टेक्दै हे दाजै' बोलको लोकगीत पनि गाइन् । ' म्युजिकल फ्यामिली गेट टुगेदरजस्तो लाग्यो,' शीलाबहादुर भन्छन् । कुन्तीका अनुसार छोरीहरूले फेसबुक लाइभका लागि प्रेरित गरेका हुन् । लकडाउनको समयलाई नयाँ एल्बमको तयारीमा उपयोग गरिरहेको जानकारी पनि कुन्तीले फेसबुक लाइभमा गराइन् ।

यसअघि २७ चैतमा उनीहरूले घरमै नयाँ



म्युजिक भिडियो सुटिङ गरेका थिए । 'एक पाते मकै दुई पाते भयो' बोलको गीतमा कुन्तीको स्वर तथा शीलाबहादुरको शब्द, संगीत छन् । 'लकडाउन बार्दै आफ्नै घर, आँगन र करेसामा सुटिङ गर्‍यौं,' कुन्ती भन्छिन् । म्युजिक भिडियोको निर्देशन छोरी शीतलले गरिन् भने छायांकन र सम्पादन ज्वाइँ मञ्जिलबिक्रमले गरे ।

# 'द प्रिन्ट'का पत्रकारहरूको क्वारेन्टाइन बसाइ

● सिम्रिन सिरुर

'तिमीलाई कसरी सर्‍यो, थाहा छ ?' कोभिड-१९ निको भएका प्रत्येक मानिसले सुन्नुपर्ने पहिलो प्रश्न यही हुन्छ होला । कुनै हानि नगर्ने यस प्रश्नले पनि यो रोगबारे थाहा नभएका रहस्य उजागर गर्छ ।

भारतीय अनलाइन पोर्टल 'द प्रिन्ट' आबद्ध हाम्रो समूहलाई राजस्थान र गुजरातको हप्तौंको यात्राका क्रममा झन्डै तीन हजार किलोमिटर पार गरेपछि कोभिड-१९ लागेको थाहा भयो । २९ अप्रिलमा कोभिड-१९ लागेको पत्ता लाग्दा हामीले दर्जनौं मानिसलाई भेटिसकेका थियौं । हाम्रो समूहमा म, फोटो पत्रकार प्रवीन जैन, चालक अनिल कपुर थिए । अहिलेसम्म हामी कुन ठाउँमा हामीलाई भाइरस लाग्यो होला भनेर बहस गर्छौं, तर पनि हामीसँग कुनै जवाफ छैन ।

कोभिड-१९ का बिरामीका रूपमा हामीले प्रत्यक्ष के थाहा पायौं भने, संक्रमण र यसले कसरी असर गर्छ भन्नेमा अझै धेरै कुरा अस्पष्ट छ । रोग लागेपछिका दुई साता के-के हुने हो भन्ने सोचमा हामी भयभीत थियौं । रोगका लक्षण के हुन्छन् भन्ने कुनै ठेगान हुँदैन र यो 'इन्कुबेसन पिरियड'मा देखिन थाल्छ । प्रवीन र अनिल दुवैको उमेर ५० भन्दा बढी छ । विज्ञले यस उमेर समूहलाई कोरोना भाइरस प्राणघातक हुन सक्ने

> अहिलेसम्म हामी कुन ठाउँमा हामीलाई कोरोना भाइरस लाग्यो होला भनेर बहस गर्छौं, तर पनि हामीसँग कुनै जवाफ छैन ।

उमेरनजिकको भनेका छन् ।

रोगले समातेको केहीपछि नै हामीले के पत्ता लगायौं भने भाइरससँग डराउनु हुँदैन । किनकि, डर र चिन्ताले हाम्रो अवस्था झन् खराब बनाउन सक्थ्यो ।

परीक्षणमा भाइरस संक्रमित देखिए पनि हामी बडोदरा सहरस्थित 'हाइस्पिड रेल ट्रेनिङ इन्स्टिच्युट'मा बनाइएको क्वारेन्टाइनको शरणमा पर्‍यौं । त्यहीं बसेर हामीले आगामी दुई सातामा रोगमाथि विजय हासिल गर्‍यौं ।

रोग लाग्नुअघि पनि हामी अनवरत रिपोर्टिङमा थियौं । अचानक उक्त व्यस्ततामा ब्रेक लागेको थियो । र, दुई सातासम्म नेगेटिभ रिपोर्टको प्रतीक्षामा क्वारेन्टाइनमा बिताउनुपर्ने थियो । सुरुका दिन सुस्ततामा बिते पनि समग्रमा हाम्रो बसाइ असुविधाजनक रहेन । हामीले त्यहाँ समाजका धेरै तप्काका मानिससँग भेट्ने र गफिने अवसर पायौं । संक्रमणले हामीलाई एक ठाउँमा ल्याएको थियो र त्यसलाई हामीले एकअर्काको अनुभव बाँड्ने अवसरका रूपमा लियौं ।

### क्वारेन्टाइनका दिन

हामीलाई रेल ट्रेनिङ इन्स्टिच्युटको क्वार्टरमा राखिएको थियो । ठूलो वृत्ताकार आकारको भवन अघिल्तिर चौर थियो । यो संस्थान देशका भावी हाइस्पिड रेलसेवाका श्रमिकलाई तालिम दिन खडा गरिएको थियो । भर्खरै निर्माण गरिएकाले कोठा आरामदायी थिए र नयाँ फर्निचर तथा प्रकाशले आकर्षक पनि । प्रत्येक कोठामा दुईजना राख्न सकिने भए पनि भौतिक दूरी कायम राख्न एउटा कोठामा एकजना राख्ने व्यवस्था गरिएको थियो । आफ्नो कोठा नछाड्न आग्रह गरिन्थ्यो भने तला छाड्न मनाही थियो ।

हामीलाई कोरोना संक्रमण पुष्टि भएको केही घन्टाभित्र उक्त क्षेत्रमा एम्बुलेन्समा पुर्‍याइएको थियो । बिहान र दिउँसोको समय पश्चात्तापको भावले समात्थ्यो । मुख्यतः हाम्रो सम्पर्कमा आएर कोही संक्रमित भए कि भन्ने सोचले त्यस्तो भावना जगाउँथ्यो । हामी आफ्नो रिपोर्टिङका लागि यात्राका क्रममा धेरै होटेलमा वास बसेका थियौं । र, धेरै रिपोर्टर र सम्पादकसँग सहयोग लिएका थियौं ।

मैलै हाम्रो सम्पर्कमा आएका व्यक्ति तथा स्थानको सूची तयार पारेँ र त्यसलाई बडोदरा जिल्ला प्रशासककहाँ बुझाएँ । संक्रमण विस्तारमा हाम्रो



'द प्रिन्ट'की पत्रकार सिम्रिन सिरुर र फोटो सम्पादक प्रवीन जैन साथीका आफन्तले पठाइदिएको केकका साथ भारत बडोदराको क्वारेन्टाइनमा । तस्बिर : द प्रिन्ट

> रोगले समातेको केही दिनपछि नै हामीले के पत्ता लगायौं भने भाइरससँग डराउनु हुँदैन । किनकि, डर र चिन्ताले हाम्रो अवस्था झन् खराब बनाउन सक्थ्यो ।

नियन्त्रणभन्दा बाहिरका धेरै पक्ष थिए भन्ने स्पष्ट भएसँगै अन्ततः पश्चात्तापको भावना मत्थर भयो ।

क्वारेन्टाइनका बसाइका दिन समय-तालिकामा चल्थे । बिहानको नास्ता साढे १० बजे दिइन्थ्यो । त्यसपछि खाना दिउँसो १:३० र राति ८:३० दिइन्थ्यो । प्रत्येक बिहान शरीरको तापक्रम नापिन्थ्यो । माथि उल्लेखित समयमा खाना आउने भएकाले हामीलाई बानी परिसकेको थियो । तर, एक दिन विनाजानकारी खाना ढिलो आयो । भोका बिरामी कोरिडोरमा निस्किएर रित्ता खानाका ठेलामा हेर्दै छिटो खाना दिन माग गर्दै थिए । क्वारेन्टाइनमा बसेका केही मानिस ७० वर्षभन्दा माथिका थिए । त्यहाँका प्रत्येक व्यक्ति खाना र आवासका लागि प्रशासनमाथि निर्भर थिए । यस्तोमा खानाको समय-तालिका दक्खल पर्दा मानिसहरू आत्तिएको घटना रोचक रह्यो । जबकि, अर्को छाकको खाना उही समयमा आउँछ भन्ने मानिसलाई थाहा थियो ।

यात्राकालमा हामीले कैयौं बेघर मानिस र आप्रवासी श्रमिकलाई देखेका थियौं । उनीहरूको जीविकाको चिन्ता अक्सर हिंस्रक हुन पुग्थ्यो । किनकि, उनीहरूको अर्को छाक खानाको अनिश्चितता थियो । त्यहाँको अवस्थासँग क्वारेन्टाइनको बसाइ तुलनायोग्य थिएन । तर, क्वारेन्टाइनमा पनि उही भयको छायाँ देखिएको थियो । हामीलाई क्वारेन्टाइनमा उपलब्ध सुविधाले कृतज्ञताभाव जगाउँथ्यो ।

### उपचार र छुटकारा

धेरै दिन घटनाविहीन बिते । हामी शुभचिन्तकका फोन र म्यासेजमा व्यस्त रहन्थ्यौं । अधिकांश मानिस हामीलाई के-कस्ता लक्षण देखिएका छन् र हामी तिनको सामना कसरी गरिरहेका छौं भन्ने प्रश्न गर्थे । हामीनजिकका कोठाका संक्रमितसँग पनि धेरै कुरा गर्थ्यौं । ती पनि आफू कसरी संक्रमित भएँ भन्नेमा अनभिज्ञ देखिन्थे । सबै चाँडै निको भएर जान व्यग्र देखिन्थे । कोही रोग निको भएर घर फर्किन लाग्दा सबैलाई प्रोत्साहनका लागि बाहिर बोलाइन्थ्यो । प्रवीन र मलाई हाम्रा गाडीचालक अनिलको चिन्ता लाग्न थाल्यो । एक दिन उनी थकित हुँदै प्रवीनको कोठामा आए । आफूसँग रहेको थर्मोमिटरमा जाँच गर्दा उनलाई एक सय तीन डिग्री सेल्सियसको उच्च ज्वरो थियो । लगत्तै हामीले चिकित्सकलाई देखायौं । अनिललाई एम्बुलेन्समा अस्पताल लगियो । अनिललाई दुई दिनसम्म ज्वरो आयो । साथमा उनलाई खोकी, कमजोरी र शरीर दुख्ने समस्या देखिएको थियो । सहरको गोत्री मेडिकल कलेज एन्ड हस्पिटलमा उनलाई केही समय स्लाइन पनि लगाइयो । सौभाग्यवश, उनका लक्षण ठीक भए र तीन दिन अस्पतालमा बसेर पुनः क्वारेन्टाइनमा फर्किए ।

प्रवीनलाई पनि हल्का ज्वरो र शरीर दुख्ने समस्या देखिएको थियो भने मलाई भने कुनै लक्षण देखिएन । तर, पनि मैले थकान अनुभव गरेँ ।

क्वारेन्टाइनमा हामी तीनैजनालाई उपचारका लागि पाँच दिन विवादास्पद 'हाइड्रोक्सिक्लोरोक्वाइन' दिइयो । बाँकी दिन भिटामिन र अन्य खुराकी दिइएको थियो । कोभिड-१९ को उपचारमा 'हाइड्रोक्सिक्लोरोक्वाइन'को प्रयोगमा रहेको विवादबारे हामी परिचित थियौं । तर, पनि यति धेरै परस्परविरोधी रिपोर्ट र धारणाबीच हामीले क्वारेन्टाइनका चिकित्सकले 'प्रेस्क्राइब' गरेझैं पूरा कोर्स औषधि सेवन गर्‍यौं ।

रोग र उपचारबारे धेरै सामग्री पढ्दा हाम्रो मनोबलमा असर पर्ने देखेपछि हामीले देशको वस्तुस्थिति जान्नेबाहेकका समाचार पढ्न कम गर्‍यौं । तर, एक दिन प्रवीन र म दुवै निक्कै डरायौं । दशौं दिन हामी तीनैजनाको परीक्षणको नतिजा नेगेटिभ आयो । हामी खुसी मनाउने मुडमा थियौं । नजिकै आफन्तसँग बस्ने सहकर्मीले हामीलाई केक पठाए ।

खुसीको माहोलमा हामी क्वारेन्टाइनका चिकित्सक र नर्सलाई पनि केक पुर्‍याउन हतारियौं । तिनले केक

> बिहान र दिउँसो पश्चातापको भावले समात्थ्यो । हाम्रा सम्पर्कमा आएर कोही संक्रमित भए कि भन्ने सोच आउँथ्यो । हामी आफ्नो रिपोर्टिङका क्रममा धेरै होटेलमा बास बसेका थियौं । र, धेरै रिपोर्टर र सम्पादकसँग सहयोग लिएका थियौं ।

अस्वीकार गर्दै हामीलाई पूर्ण निको भएको प्रमाणित हुन अर्को एक परीक्षणमा नेगेटिभ आउनुपर्ने बताए । सोही साँझ मैले परीक्षण गराएँ । अर्को दिन आएको नतिजाले म र प्रवीन दुवै पोजिटिभ नै रहेको देखायो । अनिलको परीक्षण नतिजा भने नेगेटिभ आएको थियो । हामी छाँगाबाट खसेझैं भयो र निकै हतास बन्यौं । अचानक हरेक कुराप्रति शंका लाग्न थाल्यो । परीक्षणको विश्वसनीयता र हाम्रो स्वास्थ्य पुनर्बहाली हुने कुरामा मात्र होइन, भाइरसले शरीरमा के-कति असर गर्‍यो होला भन्ने कुरा मनमा खेल्न थाल्यो ।

क्वारेन्टाइन बसाइ अवधिमा हामीले एक यस्ता युवकलाई पनि भेट्यौं, जसको सातपटकको परीक्षण पोजिटिभ देखिएको थियो । उनी एक महिनादेखि क्वारेन्टाइमा बसिरहेका थिए । हाम्रो पनि उही नियति होला कि भन्ने चिन्ताले सताउन थाल्यो । प्रशासनले हामीलाई अर्को परीक्षणका लागि एक-दुई दिन पर्खन आग्रह गर्‍यो । सौभाग्यवश चौथो परीक्षण पुनः नेगेटिभ आयो । त्यसबाट बीचको परीक्षण गलत आएको संकेत पाइयो । क्वारेन्टाइनको १४ दिनको बसाइपछि हामीलाई अन्ततः त्यहाँबाट बाहिरिने अनुमति प्राप्त भयो ।

क्वारेन्टाइन छाड्ने सम्भावनामा हामी जति खुसी हुन्छौं भन्ने सोचेका थियौं, त्यस्तो नहुने रहेछ । छुट्ने वेलामा एक खालको दुःखी भावनाले छोप्यो । सायद यी १४ दिनमा क्वारेन्टाइनमा बनाएका साथीलाई छोड्नुपर्दा नराम्रो लागिरहेको थियो । मनमा ती कहिले निको भएर आफ्नो घर फर्केलान् भन्ने चिन्ता पनि थियो । सामान प्याक गरेर हिँड्नुअघि कोठाछेउमा बस्ने आमा-छोरासँग बिदाइको हात हल्लायौं । प्रवीनले अन्तिमपटक क्वारेन्टाइनको तस्बिर खिच्न क्यामेरा निकाले । त्यहाँ बसिरहेका धेरैजना हाम्रो पनि तस्बिर खिचिरहेका थिए । हामी सबै साथमा बिताएको त्यो असाधारण अनुभवको एक पल कैद गर्न चाहन्थ्यौं ।

# नियोनियाको घरेलु उपचार विधि

● ब्याक्टेरिया, भाइरस र फंगलका कारण फोक्सोमा हुने समस्या निमोनिया हो । संक्रमणका कारण फोक्सोको वायुथैलीमा तरल पदार्थ भरिएर सुन्निने भएकाले श्वास-प्रश्वासमा समस्या देखिन्छ ।

● निमोनिया हुँदा खोकी, ज्वरो, छातीको दुखाइ, थकान, श्वास-प्रश्वासमा समस्याजस्ता जटिलता देखा पर्छन् । कोरोना भाइरसले समेत फोक्सोमा संक्रमण गराएर श्वास-प्रश्वासमा समस्या ल्याउने गर्छ ।

● सामान्य निमोनिया र कोभिड-१९ का लक्षणसमेत आपसमा मिल्छन् । यसर्थ, सामान्य निमोनिया हुँदैमा आत्तिनु हुँदैन ।

● निमोनियाको उपचारका लागि एन्टिबायोटिक आवश्यक हुन्छ । तर, सामान्य प्रकृतिको निमोनियाको उपचारमा घरेलु विधि पनि प्रभावकारी हुन्छ ।

● घाँटी दुख्ने र खोकी लाग्नेजस्ता लक्षणका लागि



नुनपानीको सेवन प्रभावकारी मानिन्छ । एक गिलास तातोपानीमा एक चम्चा नुन राखेर प्रत्येक तीन घन्टामा पिउनुपर्छ ।

● पुदिना, अदुवा, जिरा, दालचिनीको बोक्रा, ल्वाङजस्ता भान्सामा उपलब्ध हुने हर्बलमा औषधीय गुण हुन्छन् । यस्ता हर्बलमा एन्टिब्याक्टेरियल गुण हुन्छ । त्यसैले निमोनियाका कारण श्वास-प्रश्वासको समस्या भएका व्यक्तिका लागि फाइदाजनक हुने गर्छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय , तनहुँ

**बोलपत्र स्विकृत हुने सम्बन्धी आशयको सूचना**

**प्रकाशित मिति – २०७७/०२/१३ गते**

यस कार्यालयको मिति २०७६।१२।११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ई-बोलपत्र आव्हानको सूचना बमोजिम *Construction of senior officers Quarter Building at District Police Office Tanahun* (IFB no. *NCB/W/DPOTANAHUN/076-077/02*) निर्माण कार्य खरिदको लागी म्याद भित्र पर्न आएका शिलबन्दी बोलपत्रहरुको प्रचलित ऐन नियमद्धारा निर्दिष्ट गरिएका विभिन्न पक्षहरुको मुल्याङ्कन गर्दा पब्लिक कन्स्ट्रक्सन बौद्ध-६, काठमाण्डौले पेश गरेको मु.अ.कर तथा **PS** समेत रू. १,२६,२२,०६०/५२ को बोलपत्र सबैभन्दा न्युनतम मुल्यांकित एवं सारभुत रुपमा प्रभावग्राही ठहरीएकोले उक्त कम्पनीको बोलपत्र स्वीकृतिको लागी छनौट भएको हुदां सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद नियमावलि २०६४ (संशोधन समेत) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**Provincial Government**
**SudurPaschim Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Sanfebagar, Achham**

**Letter of Intent**

**Date: 2077/02/13**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No. | Name of Bidder | Bid Price (Excluding VAT) |
|---|---|---|
| IDO/ACHHAM/NCB/W/R/20/076-077 | Kalika Builders, Tikapur, Kailali | 12,72,582.40 |
| IDO/ACHHAM/NCB/W/R/42/076-077 | Sat Vai Nirman sewa & Order suppliers Mellekh-6, Achham. | 21,15,443.00 |
| IDO/ACHHAM/NCB/W/R/43/076-077 | Sat Vai Nirman sewa & Order suppliers Mellekh-6, Achham. | 10,86,058.00 |
| IDO/ACHHAM/NCB/W/R/44/076-077 | D.B. Constructions And Suppliers, Martadi, Bajura | 16,74,090.00 |
| IDO/ACHHAM/NCB/W/R/45/076-077 | Anjal Design And Construction, Mellekh-06, Achham | 31,55,258.00 |
| IDO/ACHHAM/NCB/W/R/46/076-077 | Pushpa Nirman Sewa, Badimalika-08, Bajura | 26,16,241.75 |

**Senior Divisional Engineer**
**IDO, Achham**

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **सम्पादक** : उमेश चौहान । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com